कला र कलाकार

लय मैनाली

५९.९५४९६
२८५क

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
तथा
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
तथा
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

राष्ट्रिय एकताका प्रतीक

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>

सरकारको गद्दी आरोहण रजत महोत्सवको

पुनीत उपलक्ष्यमा मौसुफ सरकारको

सुख, समृद्धि, सुस्वास्थ्य र दीर्घ सुशासनको

कामना गर्दै मौसुफ सरकारका जुनाफमा

भक्तिपूर्वक मंगलमय शुभ -कामना

चढाउँदछु ।

कला र कलाकार

लय मैनाली

৮৪১.৯৪৪১৬৯
সৌ ২৮৯ক

मलाई सँधै प्रेरणा दिईरहने
मेरी पूज्य मुमा
इन्दिरा मैनालीमा समर्पण ।

प्रकाशकः
अर्जुन प्रसाद शर्मा
तथा
अनुजा (धिताल) शर्मा

लेखकः
लय मैनाली
गौशाला, काठमाडौं
फोनः ४७२१४७

☆ **सर्वाधिकार** : लेखकमा सुरक्षित

मूल्य रु. २००।-

☆ **आवरण सज्जाः** लय मैनाली
☆ **पहिलो सस्करणः** १००० प्रति
☆ **प्रकाशन मितिः** २०५३, चैत्र
☆ **मुद्रकः** सिष्टेमेटीक प्रेस, मैतिदेवी, फोनः ४१९६००

शुभकामना

"प्रतिभा" वनाएर वन्दैन। त्यो त स्वयम् प्रस्फुटित भएर आउँदछ। वगैंचामा गुलाव फूले झैं प्रकृतिको रहस्यमय अन्तरक्रियावाट एउटा अत्योत्कृष्ट फूल फुल्दछ। वढ्ने कोपिला लाग्ने र फक्रने प्राकृतिक प्रकृया यस्तै भएता पनि गुलावको कलमी काट्न मिल्छ, त्यसलाई अझ मलिलो अर्को वगैंचामा लगेर सार्न मिल्छ, सम्पन्न र धनी देशले त्यसलाई आफ्नो देशभरी एकलौटी पारेर फुलाउन पनि मिल्छ तर मान्छेको प्रतिभालाई ती कुनै कुरा पनि गर्न मिल्दैन। धनी देशहरू वैज्ञानिक ढंगबाट अति सय अति आश्चर्यजनक भौतिक वस्तुको उत्पादन गर्न सक्दछन्। तर उनीहरू एउटा प्रतिभालाई चाहिँ जन्माउन भने सक्दैनन्। त्यसैले प्रतिभा जन्मन्छ-प्रकृतिको रहस्यमय गर्भबाट, धनीको देशमा मात्र होइन गरीवको देशमा पनि !

नेपाल विश्वको त्यस्तै एउटा भू-क्षेत्र हो, जहाँ प्रकृतिले प्रतिभाको खेती गर्ने गरेकी छन्। यहाँ धेरै सिर्जनात्मक प्रतिभाहरू जन्मिसके। धेरैले आ-आफ्ना सिर्जनात्मक प्रतिभाको परिचय विश्वलाई दिईसके र दिदैछन्। सिर्जनात्मक कला श्रष्टाहरूले यो देशलाई धनधान्य वनाउँदै ल्याइरहेका छन्। तर जसरी यो देशमा प्रकृतिले प्रतिभाको वरदान दिएको छ, त्यसरी नै यहाँको राज्यव्यवस्थाले भने तिनको पहिचान प्रोत्साहन र भरण पोषण गर्न सकिरहेको छैन। यो कुरा यहाँ प्रत्येक युगका समसामयिक कलाकारहरूले भोग्दै आउनु परेको दुःख कष्ट र पीडाहरूवाट प्रकट हुँदै आएको छ। मैले त्यस्तै एउटा प्रतिभा पाएको थिएँ, २०३६-०३७ साल तिर ललितकला क्याम्पसमा प्राध्यापनको कार्यगर्दा कम वोल्ने आदर भावमा कुरा गर्ने मीठो-मिलनसार र आकर्षक स्वभाव भएका यी युवा विद्यार्थी कलाकार थिए लय मैनाली नेपालका वरिष्ठ मूर्तिकार ठाकुर प्रसाद मैनालीका सुपुत्र, त्यति बेला यिनी ललित कला स्नात्तक तेश्रो वर्षका विद्यार्थी थिएँ। दिनको रूपरेखालाई विहानले दर्शाएको हुन्छ भने जस्तै उनी भित्रको कलाकारको भविष्य त्यतिवेला नै आलोकित देखिन्थ्यो। लयका रेखा चित्र-जल रंग चित्र-तथा कक्षाका कला रचनाहरूलाई हेर्दा, व्यक्तिगत रूपले म निकै प्रभावित हुने गर्दथे। शायद त्यही प्रतिभाको कदर स्वरूप उनलाई एउटा शुभअवशर प्राप्त भयो, तत्कालीन सोभियत संघको मस्कोमा गएर मूर्तिकला विषयमा उच्च शिक्षा हासिल गर्ने। अथवा त्याहाँ गएर मूर्तिकलाकै अध्ययन गर्नेतर्फ उनको अन्तर झुकाव भयो र शायद उनीमा आफ्ना मूतिकार पिताजीको वंशानुगत प्रेरणा र प्रवृत्ति रहेको थियो।

नेपाल जस्तो कम विकसित देशमा मूर्तिकलाको स्थिति राम्रो छैन र यहाँ कुनै पनि मूर्तिकारले आफ्नो प्रतिभा प्रदर्शन गर्न पाउने क्षेत्र प्रायः नगण्य छ भन्ने कुरा यहाँका प्रायः सवै मूर्तिकारहरूलाई राम्रैसँग थाहा छ। यो विधा चित्रकलाजस्तो सुगम छैन। चित्रकार सानो कार्यकक्षमा वसेर पनि

कला रचना गर्न सक्दछ। चित्रकलाकृतिलाई कलाकृतिहरू वेच-विखान गर्न र ग्राहक वर्गलाई किन्न पनि त्यति गाऱ्हो पर्दैन-किनकि चित्रकला व्यक्तिसँग वढी नजिक हुन्छ। तर मूर्तिकला तर्फ भने यो कुरा पनि सहज हुँदैन। मूर्तिहरू सामान्य तथा ठूला ठूला भवन शहर पार्क आदि राष्ट्रका महत्त्वपूर्ण स्थलहरूसँग वढी संवन्धित हुन्छन्। कुनै पनि मूतिकार ठूलाठूला मूर्तिहरूको रचना गरेर आफ्ना घर वगैंचा कार्यकक्ष आदिमा चित्रकृतिलाई झैं थुपारेर राख्न सक्दैन। चाहे परम्परागत होओस् अथवा आधुनिक मूर्तिहरू जति स-साना हुँदै आए उति ती मूर्ति नभएर शिल्पकला हुँदै आउँछन्, अनि जति ठूला आकारका हुँदै गए उति ती सही अर्थमा मूर्ति शालिक, स्मारक वन्दै आउँछन्। राष्ट्र-संस्था अथवा सम्पन्न व्यक्ति आदिले देशका उपयुक्त स्थान सरकारी भवन शहरका प्रमुख स्थानहरू वगैचा पार्क संग्रहालय आदिमा प्रतिष्ठापन गर्न ठूला ठूला मूर्तिहरूको रचना गर्ने अवसर प्रदान नगरून्जेल सम्म कुनै पनि मूर्तिकारले आफ्नो प्रतिभाको प्रकाशन गर्ने अरू अवसर पाउँदैन। मूर्तिकलाको यस्तो स्थितिलाई देख्दा देख्दै पनि यी यूवा मूर्तिकार लयले मूर्तिकलालाई नै आफ्नो प्रमुख विषय वनाएका छन् भने अवश्य पनि यो उनको अन्तर उत्प्रेरणवाट नै हो भन्ने कुरा स्वतः सिद्ध हुन आउँछ। हुन पनि आफ्नो सानो उमेरमा नै लयले यस क्षेत्रमा निकै प्रवीणता देखाई सकेका छन्।

मुर्तिकलाको प्रयोगात्मक पक्षदेखि वाहेक लेखन कलातर्फ पनि लयको प्रतिभा व्यक्त हुँदै आइरहेको छ र नेपाली कला एवं कलाकारका विषयमा उनका धेरै लेखहरू प्रकाशित भइसकेका छन्। प्रस्तुत पुस्तकले पनि यस दिशातर्फ उनको कुशलता अझ वढी व्यक्त भएको दर्शाएको छ। आफ्नो विषयवस्तुप्रति सामिप्यता कायम गरेर त्यसमाथि विश्लेषणात्मक दृष्टि पुऱ्याउन सक्नु यस दिशातर्फको उनको एउटा प्रभावकारी पक्ष हो। उनको भाषा सरल र वोध गम्य छ। प्रस्तुतिकरण आकर्षक छ। नेपाली कला कलाकारका वारेमा स्तरीय लेख रचनाको सर्वथा अभाव भइरहेको वर्तमान स्थितिमा यूवा मूर्तिकार लयको यो प्रयास अवश्यपनि स्वागत योग्य छ। आगामी दिनहरूमा उनका अझ उत्कृष्ट कृतिहरू आइरहुन् भन्ने आशा राख्दै उनको उत्तरोत्तर प्रगतिकोलागि शुभकामना व्यक्त गर्दछु।

मनुज बावु मिश्र

हर्मिताज, वौद्ध, महांकाल, काठ-६

शुभकामना

चित्र कोर्दा कहिले एउटा अनौठा विचार आउँछ- त्यो हो रंग विहीन संसार । एकछिन कल्पना गरौं यो संसारमा रंग नभए के होला ? सवै सपाट सेता- रूख पनि सेता, माटो, ढुंगा, वादल यावत वातावरण सेतो कुनै-रंग नभएको सोच्नै कहाली लाग्छ। त्यसैले रंगको धेरै महत्व छ। रंग नभए कुनै चीज देख्न सकिदैन। कुनै चीजको अस्तित्व रहदैन।

हाम्रो राष्ट्रको अस्तितत्व के हो ? राष्ट्रिय पहिचान के हो र व्यक्तित्वको लागि चाहिने मुख्य तत्वहरू के के हुन् ? पहाड-तराई, हिमाल र यहाँ रहने सम्पूर्ण जीव जन्तु र हामी सवै नेपाल राष्ट्रका सम्पत्ति हौं । तर हाम्रो राष्ट्रको साँच्चिकै रूप के हो, परिचय के हो ? यहाँ हामी सजिलै अनुमान गर्न सक्छौ त्यो अवश्य कला क्षेत्र नै हो। जस्तो रंग नभए कुनै चित्र वन्दैन त्यस्तै कला क्षेत्रको अस्तितत्व नभए नेपाल राष्ट्रको कल्पना गर्न सकिदैन ।

कर्म, अर्थ, सुसम्पन्नता, शक्ति र सौख साधनहरू सवैका हुन्छ तर कला र यसको परम्परा सही र नमूना राष्ट्रहरू मात्र कै हुन्छ। कुनै मूल्य आंकन नसकिने भौतिक चीजमा ईश्वरको सृष्टि वाहेक मनुष्यले रचना गरेको कला पक्ष नै हो। केवल राष्ट्र राष्ट्रको मात्र नभई हाम्रो ग्रहकै खोजीमा सवैभन्दा पहिले कला सभ्यताको पक्ष नै अगाडि आउँछ ।

हाम्रो कला क्षेत्र नेपाल राष्ट्रको व्यक्तित्व झल्काउने अरूपक्षहरू भन्दा सवैभन्दा प्रमुख छ। यी सवै परम्परा जोगाई राख्नु आजको ठूलो सामयिक सन्दर्भ पनि हो। वितेका र सामयिक कलाकारहरूको खोजी नीति गरी तिनको देन र कृतिवारे समाजमा चेतना जगाउने काम यस्तै कला लेखकहरूको हो ।

यस क्षेत्रमा सवैभन्दा पहिले स्व. नारायणवहादुर सिंहले महत्त्वपूर्ण काम गरेका छन्। श्री लैनसिंह वाङ्गदेलजीले पनि नेपालको राष्ट्रिय महत्त्व विश्वमा चिनाउन हामीले तिर्नै नसकिने गुण लगाएका छन्।

कला अति संवेदनशील र जटिल विषय भएको हुँदा यहाँ जोसुकैले कलम चलाउन सितिमिति आँट गर्न सक्तैनन्। झन कलाकार र त्यसमा पनि जीवितको वारेमा लेख्नु अझै फत्तेसार ! खालि तारिफ मात्र लेख्नुपर्ने अलिकति मात्र तलमाथि अथवा आलोचना भयो भने वोलचालै वन्द । जे होस लय मैनालीजीले यस क्षेत्रमा केही हिम्मत गरेका छन। आफ्नो अध्ययनशीलताको नमूना देखाएका छन्। धेरै जाँगर र सीप देखाएका छन्। उनको फाट्ट फुट्ट लेख रचनाहरू पत्रपत्रिकाहरूमा अक्सर देख्न पाइन्थ्यो तर

यसरी पुस्तकको रूपमा देखिनु धेरै उपयोगी कुरा हो। विद्यार्थीकालदेखि नै अत्यन्त मेहनती र लगनशील उनको अहिलेको यो मेहनत देख्दा मलाई अत्यन्त हर्ष लागेको छ। उनी सफल मूर्तिकार त छदै छन् तर यो लेखन क्षेत्रमा समेत अनुभव गरी हात चलाउनु उनको कामको प्रशंसा नगरी रहन सकिदैन।

कलाकारहरू र उनको कृतित्व वारे वडो रोचकढंगले लेख्नु भएको रहेछ। यसवाट सर्वसाधारणले पनि कलाकारहरू र उनको रचनाहरू वारे धेरै धेरै जान्न र वुझ्न सक्नेछन्। उनी आफै कलाकार भएको हुँदा यसवारे राम्रो अभिलेख प्रस्तुत गरेका छन्। ठोस मूर्तिकार भए ता पनि रंग वारे राम्रो मिश्रण र तरल अध्ययन मात्र होइन त्यसको विम्व प्रतिविम्व र कतै कतै त त्यसवाट निस्कने सुगन्ध र वाफको पनि राम्रो परिचय दिएका छन। यो उनको राम्रो खुवी र अध्ययनको नमूना हो। यसरी नै भविष्यमा कला क्षेत्र सम्वन्धित सकेसम्म वढीभन्दा वढी यर्थात चित्रण इमान्दारिता साथ प्रस्तुत गर्दै गरून्।

कलाकार राजा वीरेन्द्र शाहदेखि वीरेन्द्र प्रतापसम्म र अन्य प्रतिभाहरूलाई पनि यहाँ समेटेर यो केवल कलाकार र उनको कृतिहरूको परिचय मात्र नभई हाम्रो सामयिक कला क्षेत्रको राम्रो इतिहास वनेको छ। यो उनको पहिलो प्रयास हो तापनि धेरै धेरै शुभ लक्षण र साइतहरू देखापरेका छन्।

कला क्षेत्र सम्वन्धी भरपर्दो चासो यो सरकारवाट देखा परेको छ। नयाँ कला प्रतिष्ठानको आश्वासन पाइदै छ।

लयलाई मेरो धेरै शुभकामना छ।

शशी बिक्रम शाह

२०५३/११/१०

कलाकर्मीहरूको बारे

श्री लय मैनालीद्वारा यहाँ चित्र-कर्मीहरू वारेमा विविध अभिव्यक्ति "अक्षरांकन" गरिएको छ । हुन त 'अक्षर' पनि चित्रैवाट निर्मित भो भन्छन् तर चित्रमा रंग र भाव सौन्दर्य विचित्र वनेर देखापरेका पाइन्छन्। जसलाई "आँखाको कला" मान्न सकिन्छ। संगीतलाई चाँही श्रव्य-कला नै मानौं।

लय मैनालीजी खूदै चित्र र मूर्तिकार हुनाले - चित्रकार र चित्रकारिताको वारेको लेखाई 'सजीव' वन्न गएको पाइने छ यहाँ। भाषा पनि भव्य हुन गएको छैन, भन्न सकिन्न। कला विषयक लेखाइले 'साहित्यिक-मिठास' पनि झल्काएको ठान्नु अत्युक्ति नहोला। साहित्य विधामा कला विधाको "उपहारै" ठान्न सकिन्छ। यस कृतिलाई श्री नारायण वहादुरज्यूको चित्र-कला वारेको विश्लेषण भन्दा यहाँ प्रस्तुत भनाइले वढी गहिराई नापेको जस्तो लाग्दछ। कला साहित्यको नमूना ठान्न सकिन्छ यस कृतिलाई र लाग्दछ - यस्ता कृतिहरू अरु पनि लेखिदै जाऊन् र पूर्णता आओस् यस विधामा। जुन कुरा थपिन आवश्यक थियो - साहित्य (हितकारी कुरा) मा नयाँ पक्ष खुले झै (संगीतमा झै) लाग्न सक्तछ, यस प्रकारको प्रकटीकरणवाट। विचार प्रस्फुटनको यो एउटा थप प्रयास नै मान्न उचित पर्ला।

गहिरेर सोच्दा-मानव एक विशिष्ठ प्राणी नै देखिन्छ सृष्टिकालदेखि नै। प्रकृतिवाट प्राप्त विविध प्रभावलाई ग्रहण गरी उसले आफ्नो विशेषता देखाएको छ - हर क्षेत्रमा। साहित्य, संगीत, कला उसैको उव्जा हो। त्यति मात्र हैन - ज्ञान-विज्ञान, ईश्वर-अनिश्वर, वरत्र र परत्र, स्वर्ग-नरक वारेमा पनि विचारको आलोक उसले फैलाएको छ । कुरै गर्ने हो भने- चेतनशील मान्छेको परिभाषा मै 'व्राह्मण्ड' साकार भएको देखिन आउँछ। त्यही साकारिकरणमा "चित्र र मूर्तिकला" पनि व्यक्तिएको हामी पाउँछौं। अनुभव गर्दा-प्रकृतिले पहिले प्रेरित गरे झैं लाग्छ मान्छेभित्रको सुषुप्ततालाई। जव उसको "भित्री चैतन्य" जाग्रत हुन्छ त - प्रकृतिको प्रतिक्रियामा 'पुरुषार्थ' प्रकट हुन थाल्छ र विविध कलामा विशेषता देखाउन थाल्दछ सचेत मान्छेले। तव नारी-पुरुषभित्र रहेको चैतन्यले अनेकौं "चमत्कार" देखाउन थालेको हामी देख्दछौं चेतना-विज्ञान (आध्यात्मिक) दृष्टिले नियाल्दा "चैतन्य" पुरुष र प्रकृति "क्रिया" झैं लाग्दछ। वास्तवमा "कला" भन्नु नै चमत्कारी क्रियाकलाप झैं अनुभूति हुन्छ जुन – स्वर, संगीत, रंग, अक्षर, वस्तु र हाउभाउ-नृत्य आदिमा साकार भएको हामी पाउँछौं।

चित्र र मूर्तिकला रंग, वस्तुमा व्यक्त हुने विशेषता हो। गुफादेखि लिएर आजको भव्य भवनसम्म पनि यसले करामत देखाएको पाइन्छ। अव त (वादल देखा पर्नु भन्दा अघिको आकाशीय निराकारलाई पनि आत्मसात् गरे झैं) दृश्य पूर्वको अदृश्यलाई समेत मान्छेले चित्रित गर्न थालेको हामी देख्छौं। चित्र मूर्तिकलामा यथार्थ प्रतीक र अमूर्त (अस्पष्ट) भाव व्यक्त गरिएको पाइन्छ अवसर। शास्त्रीय, अशास्त्रीय विचार पनि रंग र आकारमा व्यक्तिएको पाइन्छ। मुख्य विचार पनि रंग र आकारमा व्यक्तिएको पाइन्छ। मुख्य कुरा अनुभूति हो भन्ने देखिन आउँछ। जसलाई आ-आफ्नो ढंग र अर्थमा "आँखा समक्ष" दर्शाएको पाइन्छ कलाकर्मीहरूले र नेपालमा यो परम्परा सृष्टिदेखि नै शुरु भएको कुरा हिमालले साक्षी भएर वताए झै लाग्छ, जुन कुरा ढुंगालाई पुजिन थालिएदेखि नै शुरु हुन्छ जस्तो लाग्दछ र मनमा परेको प्रभावलाई निधारमा समेत अंकित गर्न थालिएदेखि नै हो, जस्तो लाग्छ। शायद देउरालीका देउताहरूले पनि यसको उदाहरण दिन सक्लान्। भो, यहीं टुग्याऊँ यो कुरा मान्छेले केवल भूतको गौरव वखानी आफूलाई 'विशेष' ठहऱ्याउनु पनि "लाछीपन" नै होला। भूतकाल त परम्पराको संस्मरण मात्र हो। वर्तमानले त आफै पराक्रमी वनेर भविष्य छिचोल्नु पो उचित होला। यही औचित्यलाई औंल्याउनको निम्ति पनि मैनालीको यो 'कृति' सार्थक होला भन्ने ठान्न सकिन्छ।

मैनाली खुदै पनि चित्र-मूर्तिकलाका व्यक्तित्व हुनाले वस्तुको अतिरिक्त विचारले पनि यहाँलाई प्रौढ गराएको देख्न सकिन्छ - यस ग्रन्थलाई हेरेर। यसलाई पनि एक "सिर्जना" नै ठान्नपर्ला। सिर्जनकर्ता उपरको विवेचना पनि अर्को सिर्जन नै हो। कलाधर्मीले जति कलाको मर्म, सौखी लेखकहरूवाट छर्लङ्गीन स्वभावतः गाह्रै हुन्छ। प्रसव पीडाको अभिव्यक्ति भोग्नेले नै वढी दर्शाउन सक्छ। लागि नपर्ने र वाहिरी दृष्टि हुनेले अन्तरानुभूति व्यक्त गर्नु 'स्वाँग' मात्रै हुन जान्छ। 'विशेष' प्रतिभाको कुरा वेग्लै हो। यस दृष्टिकोणले पनि सार्थक मान्नुपर्छ। यसभित्रका गुदीहरूलाई। जे होस् "नयाँ लहर" ल्याउने देखिन्छ, यस किसिमको प्रकाशनले पनि – चित्र मूर्तिकलाको क्षेत्रमा, भन्ने लाग्छ। रुसको अध्ययन र नेपालको अनुभववाट खारिएका यी रचनाहरूले सम्वन्धित र असम्वन्धित - दुवै थरीको लागि 'उपयोगी' हुने विश्वास उब्जाएको देखिन आउँछ। वस्।

२०५३/११/१३/२ मा

वैष्णव
(साहित्य-संगीत-कलासेवी)
आजीवन प्राज्ञ

आफ्ना दुई शब्द

मानिसको प्रत्येक क्रियाकलाप उसको साँस्कृतिक ज्ञानको अभिव्यक्ति हो भनिन्छ। उसको साँस्कृतिक वैभव एवं मानसिक स्थितिलाई अझ स्पष्ट प्रतिविम्वित भएको देख्न सकिने र अमिट इतिहासको रूपमा सुरक्षित रहिरहने उनका कलाकृतिहरू मात्र हुन्। कलाकारले आफ्ना कृतिमा आफ्नो यूगलाई अभिव्यक्ति गरेका हुन्छन्। सम्पूर्ण मानव इतिहासका मूलभूत आधार नै यिनै कलाकृति भएका छन्।

मानवीय संवेदनको तत्त्व शायद कलाको उद्गम स्रोत हो। सूक्ष्म अति सूक्ष्मदेखि लिएर व्यापक अति व्यापक रूपमा प्रभाव पार्ने कलाको मूल्य र महत्त्व संसारव्यापी छ। मानवको सृष्टिकालदेखि आजसम्म कलाको महिमा कहिल्यै कम भएन किनकि कलाविहीन व्यक्ति, समाज तथा राष्ट्रको कसैले कल्पनै गर्न सकेन र सक्दैन पनि।

कलाको विकास विना सभ्यताको आधार संभव हुँदैन। अतः संसारमा प्राचीन कालदेखि नै कला मूर्ति, चित्र वस्तु र अन्य विभिन्न कलाको निर्माण र विकास हुँदै आएका छन्। मानिसले आफ्ना सुषुप्त अवस्था देखिनै कलालाई सर्व सरल अभिव्यक्तिको माध्यमको रूपमा अपनाउन लागेका थिए। त्यत्ति वेलादेखि आजसम्म मानिसले कलात्मक रचनाद्वारा मनुष्यको मनुष्यत्वको अविरल रूपमा चित्रण गर्दै आइरहेका छन्। र हामी आज ती रचनाहरूमा मानव जातिको विकासक्रम र उसका प्रत्येक क्रियाकलामका कथा एवं व्यथाको वृत्त चित्रमा जस्तै स्पष्ट रूपमा अवलोकन गर्न सक्दछौं।

कलाकार त्यसमाथि चित्र मूर्ति विधाले प्रोत्साहन पाउनु उनीहरूको वारेमा जीवनीहरू छापिनु प्रायः ठप्पै छ, हाम्रो देशको परिप्रेक्ष्यमा। यस्तो परिवेशमा देशको कला क्षेत्रमा प्रतिष्ठा कमाएका राष्ट्रिय कला व्यक्तित्वहरू जसले आफ्नो सृजनाद्वारा आधुनिक नेपाली कलालाई मलजल गरे हुर्काए बढाए र समृद्ध वनाउँदैछन्। यस्ता राष्ट्रिय प्रतिभाहरूको जीवन पद्धति कला सृजनाका विविध पक्षहरू प्रत्येकको अस्तित्व, महत्त्व र कृतित्व आफ्नै हेराई र अध्ययनको आधारमा लेखेर हाम्रो राष्ट्रिय कला साधकहरूलाई जन समक्ष प्रस्तुत गर्ने जमर्को यहाँ गरिएको हो।

विभिन्न कारण कठिनाइहरूले गर्दा अरू अग्रज वरिष्ठ र नवोदित तथा जिल्लाका कलाकारहरूलाई यहाँ समेट्न नसकेको र पछि आउने संस्करणमा क्रमशः समेट्दै जाने नै छु।

कलाप्रतिभा सम्पन्नहरूले अरूलाई पनि कलाक्षेत्रको ज्ञान र शीपहरू प्रदान गरी तिनमा पहिल स्थूल र अनि पछि सूक्ष्म कलानुभूतिको स्पन्दन

जाग्रत गराई तिनीहरूलाई पनि कलाकारिताको उत्कृष्ट तहमा पुऱ्याउने तर्फ प्रयत्न गर्न प्रत्येक कलाकारको दर्शन विज्ञान, कर्तव्य र धर्म पनि हो। यसैकुरालाई दृष्टिगत गरी सर्वसाधारणको लागि अर्थात् विषय वाहिरकाहरूलाई पनि उपयोगी हुने हिसावले यो पुस्तक लेखिएको छ, यसका भाषा, शैली सरल र स्पष्ट छन्।

यस पुस्तक लेखनको सिलसिलामा सर्वप्रथम श्री श्यामदास वैष्णव प्रति हृदय देखि कृतज्ञता व्यक्त गर्न चाहन्छु। जसको प्रेरणा र सहयोग अतुलनीय छ। त्यस्तै भूमिका लेखी सहयोग गरिदिने प्राज्ञहरू श्री मनुजवावु मिश्र र शशी विक्रम शाह र मलाई समय-समयमा सारगर्भित सुझाव र सल्लाहहरू दिने पिता श्री ठाकुर प्रसाद मैनाली प्रति पनि हार्दिक आभार प्रकट गर्दछु। डा. श्री विशालनाथ उप्रेती, श्री रामकृष्ण पन्थ डा. श्री पार्थिवेश्वर प्रसाद तिमिलसिना डा. श्री रत्नकमल वैद्य, श्री रविचरण श्रेष्ठका साथै श्री राधेश्याम मुल्मी र श्री राधेश्याम थापावाट पुस्तक प्रकाशन सम्वन्धमा दिनुभएको सल्लाह सुझावहरूको लागि पनि धन्यवाद दिन चाहन्छु। साथै राधेश्याम मुल्मी र राधेश्याम थापा प्रति पनि आभारी छु।

पुस्तक लेखनकोलागि प्रेरित र सहयोग गर्ने वहिनी ऋचा रिजाल पनि विशेष धन्यवादको पात्र छिन्। मेरी श्रीमती सुमनले यस ग्रन्थका विषयमा चासो राख्दै चाहिने सहयोग जुटाई दिइन् उनीलाई पनि धन्यवाद !

विशेष: कला चेतनशील र कलामा सदभाव राख्ने श्री अर्जुन प्रसाद शर्मा तथा श्रीमती अनुजा (धिताल) शर्मा प्रकाशक भई कम समयमै प्रकाशन गर्न अमूल्य सहयोग उपलव्ध गराएर कला जगतलाई प्रेरणा र ठूलो गुण लगाउनु भएकोले उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

लय मैनाली !
गौशाला, काठमाडौं
२०५३/११/२५

मन्तव्य

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको सुखद उपलक्ष्यमा यस "कला र कलाकार" पुस्तक प्रकाशन गर्न पाएकोमा म स्वभावतः हार्षित छु।

मौसुफ सरकारको कला र कलाकारप्रतिको अभिरूची र विकासको चाहनामा यस पुस्तकले थप योगदान दिने छ भन्ने आशा राखेको छु।

मौसुफबाट विभिन्न समयमा तयार गरिबक्सेको चित्र कलामध्ये केही कला यस पुस्तकमा समावेश गर्न पाएकोले यस "कला र कलाकार" पुस्तकको महत्त्व अझ बढेको महशुस गर्दछु।

नेपालका विभिन्न विशिष्ट कलाकारहरू र कला प्रेमीहरूद्वारा तयार गरिएका विभिन्न कला र कला सम्बन्धी अभिव्यक्तीहरू समावेश गरी प्रकाशित यस पुस्तकले नेपाली कलाकारहरूमा थप हौसला मिल्नेछ भन्ने विश्वासका साथ यो पुस्तक प्रकाशित गरेको छु।

अर्जुन प्रसाद शर्मा
क्षेत्रपाटी, काठमाडौं

विषय-सूची

		पृष्ठ
१.	श्री ५ वीरेन्द्र	१
२.	अमर चित्रकार	१३
३.	लैनसिंह वाङ्गदेल	१९
४.	कुलमान सिंह भण्डारी	२७
५.	कालिदास श्रेष्ठ	३५
६.	ठाकुर प्रसाद मैनाली	४१
७.	उत्तम नेपाली	५३
८.	मनुजबावु मिश्र	५९
९.	शशी विक्रम शाह	६५
१०.	गोविन्द डंगोल	७१
११.	वत्सगोपाल बैद्य	७९
१२.	श्याम लाल श्रेष्ठ	८३
१३.	कृष्ण मानन्धर	८९
१४.	कान्छा कुमार कर्माचार्य	९३
१५.	शंकर राज सिंह सुवाल	९९
१६.	शशी कला तिवारी	१०३
१७.	वीरेन्द्र प्रताप सिंह	१०९
१८.	किरण मानन्धर	११३
१९.	रागिनी ग्रेला (उपाध्याय)	११९

श्री ५ वीरेन्द्र

कुनै पनि देशको कला र संस्कृति-राजा, राष्ट्रप्रमुखको र राज्यको संरक्षणविना फस्टाउन, संरक्षित र गरिमामय हुन सक्दैन । सौभाग्यवश नेपालको सवै कालका शाहराजाहरूले कला र संस्कृतिको सम्वर्द्धन, विकास र प्रोत्साहनमा महत्वपूर्ण अग्रणी भूमिका निर्वाह गर्दै आएको गौरवपूर्ण इतिहास छ ।

एकीकृत नेपालको पहिलो राजा पृथ्वीनारायण शाह- कलाप्रेमी राजा थिए । उनले वसन्तपुर दरवार, गोरखा दरवार, नुवाकोट दरवार वनाउन लगाएका थिए । सांस्कृतिक मूल्य मान्यताहरू कायमै राख्न, परम्परा लोप हुन नदिन र धर्म, रीतिरिवाज र कला कौशलको जगेर्ना र उत्थानको लागि विविध कार्यहरू गरेका थिए ।

पृथ्वीनारायण शाहवाट प्रारम्भ भएको कला-उत्थान र पुनः प्रतिष्ठानपन कार्य इतिहासको विभिन्न कालखण्डका शाह राजाहरूवाट निरन्तरता दिइएको कुरा इतिहासले देखाउँदछ ।

वि.सं. १९०३-२००७ साल वीचको राणाशासन कालमा कला-विकास अवरूद्ध भएको थियो । तर पनि वडे वडे दरवारहरू निर्माण भएका थिए ।

प्रजातन्त्र वि.सं. २००७ मा प्राप्त गरेपछि राष्ट्रपिता श्री ५ त्रिभुवनवाट पनि परम्परागत रूपमा राजावाट देशको कला संस्कृतिको जगेर्ना र विकास गर्ने कार्यलाई कायमै राखी निरन्तरता दिइवक्सेको थियो ।

राजा महेन्द्रलाई त यो देशको आधुनिक कला, संस्कृति, भाषा, साहित्य, धर्मका प्रवर्तककै रूपमा मानिन्छ । राजाको उचित निर्देशन र कलाप्रतिको स्नेहले गर्दा देशको कला संस्कृति र भाषासहित अरू विभिन्न क्षेत्रका विभिन्न विधाहरूले धेरै फड्को मार्‍यो । कवि राजा महेन्द्रले नेपाली कला, संस्कृति, साहित्यको विकासको लागि राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना निजी खर्चमा गरिवक्सेको थियो ।राजा महेन्द्रले राष्ट्र र राष्ट्रियताको लागि गरेको

योगदान इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ ।

वर्तमान राजा श्री ५ वीरेन्द्र पनि आफ्ना पूर्वज शाह राजाहरू झैं कला संस्कृतिको प्रवर्तक होइवक्सन्छ । श्री ५ वीरेन्द्र स्वयम् एक कुशल चित्रकार र कला पारखी पनि होइवक्सन्छ । मौसुफ सरकारले सानैदेखि राजदरवारभित्रै प्रारम्भिक कला-शिक्षा अभिरूचिपूर्वक प्राप्त गरिवक्सिएको थियो । मौसुफ इटन कलेजमा विद्यार्थी छँदा त्यहाँ कलेजस्तरको चित्रकला प्रदर्शनीमा पनि भाग लिईवक्सिएको थियो । पढाइ सकेपछि पनि मौसुफ कलाको ज्यादै अभिरूचिपूर्वक अध्ययन गरिबक्सन्थ्यो । फलस्वरूप श्री ५ वीरेन्द्र युवराज छँदै आधुनिक र परम्परागत चित्र-मूर्तिको विकास र संरक्षणका लागि वि.सं. २०२२ सालमा नेपाल ललितकला संस्था "नाफा" को स्थापना गरिवक्सियो र उक्त कला संस्थाको करीव १२ वर्ष अध्यक्षता समेत ग्रहण गरिवक्सियो । त्यसैताका नाफामै "वीरेन्द्र कला संग्रहालय" को पनि स्थापना भएको थियो । यसले धेरै कलाकृतिहरू, संग्रह गरेको थियो । नेपाल ललित कला संस्थाको स्थापनापछि नेपाल पनि संस्थागत रूपमै आधुनिक कला संसारमा प्रवेश गऱ्यो । यस संस्थाको स्थापनापछि लगत्तै देशमा राष्ट्रिय, अन्तर्राष्ट्रिय विभिन्नस्तरका कला-प्रदर्शनीहरू आयोजना हुन थाल्यो । कला-क्षेत्रको विस्तार र विकास हुन थाल्यो । कलाकारहरू प्रोत्साहित हुन थाले । उनीहरूलाई भौतिक सहायताको साथै विभिन्न पुरस्कारहरू, जस्तै- वीरेन्द्र स्वर्ण कला पदक, नाफा फेलोसोफि आदि पुरस्कारहरू दिई कलाकारको इज्जत र मर्यादा वढायो । 'कला पत्रिका' को प्रकाशन हुन थाल्यो । देशमा विभिन्न कला समूहहरूको प्रादुर्भाव भयो । कला महाविद्यालय खुल्यो । विभिन्न कला-ग्यालरीहरू खोलिन थाले । कला गतिविधिहरू निकै हुन थाल्यो । यसरी नेपाली राष्ट्रिय कलाको जगेर्ना गरी विकास, प्रवर्द्धन र प्रचार गरी आज देशमा आधुनिक र परम्परागत कलाको जुन चेतनात्मक जागृतिको लहर आएको छ, त्यसको श्रेय ललितकला संस्थालाई छ । जुन कला-संस्थाको स्थापना गरी श्री ५ वीरेन्द्रवाट भएको थियो ।

त्यसैताका अर्थात् वि.सं. २०२२ सालमा मौसुफ सरकारकै अभिरूचिका कारण काठमाडौं कुमारी घरको भित्तेचित्रहरूले वैज्ञानिक विधिद्वारा संरक्षण र सम्वर्द्धन हुन पाए । त्यस्तै श्री ५ वीरेन्द्रवाट भक्तपुरको दत्तात्रयको मन्दिर, जोशी मठको जीर्णोद्धार, वसन्तपुर दरवारको जीर्णोद्धार गराइवक्सेको थियो ।

त्यस्तै मौसुफवाट देशका विभिन्न मन्दिर, पाटी, पौवा लगायत संस्कृति र धर्मका कलात्मक अनुपम नमूनाहरूको संरक्षण सम्वर्द्धन र जीर्णोद्धार पनि गराइवक्सेको थियो । मौसुफ सरकारवाट राजकीय प्रज्ञा प्रतिष्ठानमा सुधार, पुनर्गठन र विभिन्न थप पुरस्कारहरूको व्यवस्था र रकम वृद्धि समेत गरिवक्सेको थियो । मौसुफ सरकार कला संस्कृतिको आम विकास होस भन्ने सदैव चाहना राखिवक्सन्छ ।

वि.सं. १९९५ सालमा स्थापना भएको जुद्धकला पाठशालाले समयको मागवमोजिम निपूण सक्षम कला-जनशक्ति तयार पार्न सकिरहेको थिएन । परिमार्जित कला-शिक्षा, राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरको शैक्षिक पाठ्यक्रम र योग्य अनुभवी गुरूहरूको आवश्यकताको महसूस भइरहेको थियो- कला जगतमा ।

२०२४ सालमा मौसुफ सरकार नेपाल ललित कला संस्थाको तत्कालीन अध्यक्ष होइवक्सन्थ्यो । त्यसैताका मौसुफ सरकारकै अध्यक्षतामा वसेको वैठकले ललितकला महाविद्यालय वनाउने निर्णय गरे अनुसार ललितकला संस्थाले श्री ५ को सरकारलाई अनुरोध गरेपछि ललितकला महाविद्यालय पहिलेकै जुद्धकला पाठशाला भोटाहिटीमा स्थापना भएको हो। उक्त ललितकला महाविद्यालयले कला शिक्षा विकासका पूर्वाधारहरू र धेरै शैक्षिक सुधारसम्वन्धी कार्यहरू गरेको थियो। कला-शिक्षामा नयाँ चरण र औपचारिक कलाशिक्षाको नयाँ थालनी भयो। यो महाविद्यालयमा कलासम्वन्धी विषयगत विषयहरू पनि परिमार्जित थियो । देशमा स्तरीय कलाशिक्षाको साथै धेरै राम्रो शैक्षिकस्तर कायम राख्न सफल थियो यो कला महाविद्यालय। यस महाविद्यालयले प्रतिभासम्पन्न धेरै कलाकारहरू उत्पादन गरेको थियो । यसरी आधुनिक, औपचारिक कलाशिक्षाको जग तयार गर्ने कार्यमा श्री ५ वीरेन्द्रको ठूलो योगदान छ ।

नयाँ शिक्षा योजना लागू भएपछि २०३१ सालमा आएर ललित कला महाविद्यालय ललितकला क्याम्पसमा परिणत हुन्छ । स्वतन्त्र रूपमा शैक्षिक पठन पाठन गर्दै आएको ललितकला महाविद्यालयलाई मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत क्याम्पसको रूपमा परिणत गरेपछि स्वतन्त्ररूपमा यसको आफ्नै कलासम्वन्धी शैक्षिक गतिविधिहरू अगाडि वढ्न सकेन। पठन पाठनमा सवै मानविकी अन्तर्गतका

विषयहरूको चाप वढी र कला सम्वन्धी प्रयोगात्मक र सैद्धान्तिक विषयहरूको पाठ्यक्रमको भार नितान्त कम भयो । कला-शिक्षासम्वन्धी विषयहरूको भार कम हुन गएकोले विद्यार्थीहरू कला-सृजनामा कमजोर हुन थाले ।

फेरि वि.सं. १९९२ भन्दा अगाडिको उही जीर्ण, सीमित कक्षा कोठा, सीमित क्षेत्रफल अनि कलाको लागि चाहिने भौतिक सुविधाविहीन भवनले आजको कलाको शैक्षिक आवश्यकता पूरा गर्न सक्ने स्थिति नै छैन । त्यसकारण- भौतिक सुविधायुक्त भवन, जहाँ आधुनिक र परम्परागत मूर्तिकलाका विभिन्न विधाहरू जस्तै- काष्ठ, ढलोट, प्रस्तर र चित्रकला विधा, ग्राफिककलाका विभिन्न विधाहरूसहित एक नयाँ कला-क्याम्पस भवन वनाउन जरूरी र समयको माग भइसकेको थियो । कला-शिक्षा र कलाको विकासको लागि कला-क्याम्पस मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थानअन्तरगत नरहेर "इन्स्टिच्यूट अफ फाइन आर्टस्" खोल्नु जरूरी भइसकेको थियो । वि.सं. २०५२ मा श्री ५ वीरेन्द्रको स्वर्ण शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा कलाकारहरू र ललितकला क्याम्पसको माग र मौसुफ सरकारले पनि कलाशिक्षाको विकासमा अभिरूचि लिइवक्सेको कारण त्रिविविले कीर्तिपुरमा आधुनिक सुविधायुक्त भवन वनाउन ललित कला क्याम्पसलाई जग्गा उपलव्ध गराएको हो । वि.सं. २०५२ सालमै उक्त जग्गामा आधुनिक सम्पूर्ण भौतिक सुविधायुक्त कला शिक्षाको लागि भवन निर्माणार्थ शिलान्यास समेत भइसकेको छ । कला जगत र कला शिक्षा क्षेत्रको लागि यो महत्वपूर्ण उपलव्धी हो । जसको श्रेय मौसुफ सरकारमै जान्छ । यसरी मौसुफ सरकारको यो देशको कला शिक्षा विकासमा निरन्तर ठूलो सहयोग र योगदान रहिआएको छ ।

गौरवपूर्ण हाम्रो कला इतिहासलाई कायम राख्न, सम्पूर्ण कलाक्षेत्रलाई समय सापेक्ष नयाँ तरीकावाट नयाँपन ल्याएर अगाडि वढाउन, कलापूर्ण देशको पुरानो प्रतिष्ठा फेरि कायम राख्न, कला शिक्षा, विकास र कलासम्वन्धी नीति नियम र निर्देशन गर्न कला, संस्कृति र कौशलको विकासको लागि देशमा एउटा सर्वाधिकार प्राप्त उच्च निकाय "ललितकला प्रतिष्ठान" को स्थापनाको आवश्यकता र वास्तविकतालाई मध्यनजर राखेर कलाकारहरूको माग र मौसुफ सरकारको पनि देशमा एउटा ललितकला प्रतिष्ठान स्थापना होस् भन्ने सदिच्छा र अभिरूचिको कारण श्री ५ को

सरकारले "ललितकला प्रतिष्ठान" स्थापनाको लागि आवश्यक तयारी गर्दैछ। यसरी मौसुफ सरकारवाट ऐतिहासिक कलाको संरक्षण गर्दै वर्तमान समयको कला क्षेत्रको विकास र कला शिक्षासमेतको लागि निरन्तर अभिरूचिसाथ सहयोग प्रदान गरिवक्सेको छ।

यसै गरी नेपालमा आधुनिक मूर्तिकलाको विकासमा श्री ५ वीरेन्द्रको महत्वपूर्ण योगदान छ। मौसुफ सरकारवाट मूर्तिकार श्री ठाकुर प्रसाद मैनालीलाई नेपाली जीवन र विकासको प्रतिनिधित्व गर्ने "निर्माण" नामको ३५ फिट अग्लो (यो देशकै सवैभन्दा अग्लो र जेठो आधुनिक मनुमेन्टल मूर्ति हो। यो मूर्ति भृकुटीमण्डप काठमाडौंमा वि.सं. २०२४ सालमा निर्माण गर्न लगाइवक्सिएर नेपालमा आधुनिक मनुमेन्टल मूर्तिको निर्माण र स्थापनाको शुरूवात गराइवक्स्यो। यस मूर्तिको स्थापनाले आधुनिक मूर्तिकलाको विकासमा नयाँ गति दिएको थियो। त्यसपछि मूर्तिकला क्षेत्रले निकै प्रोत्साहन पाई फैलिन थालेको देखिन्छ। देशको विभिन्न भागमा सम्वन्धित विषयहरूलाई प्रतिनिधित्व गर्ने आधुनिक मूर्तिहरू वैंक वित्तीय व्यापारिक संस्था, विद्युत आयोजना, कृषि फर्म, शिक्षण संस्था, अनुसन्धान केन्द्र, कम्प्यूटर केन्द्र, औद्योगिक प्रतिष्ठान र उद्यानहरूमा विभिन्न आधुनिक मूर्तिहरूको स्थापना भएवाट स्पष्ट हुन्छ। यसरी नेपाली आधुनिक मूर्तिकला स्थापनाको शुरूवात गराउने श्रेय पनि श्री ५ वीरेन्द्रमै जान्छ।

सरकारवाट कलामा यसरी अभिरूचि राख्नु स्वभाविकै छ। किनकि मौसुफ स्वयम एक कुशल चित्रकार होइवक्सन्छ। मौसुफवाट सृजना भएको "मोती" र "झर्ना" कलाकृति उच्चकोटिको प्रशंसा योग्य भएका छन्। कलाकारको "झर्ना" नामको "तैल चित्र" आकर्षक छ र सुन्दर पनि छ। कलाकारले प्रकृतिको राम्रो अध्ययन गरेको देखिन्छ। "झर्ना" चित्रमा प्रकृतिसँग वातावरणका अरू विभिन्न अवयवहरूको सन्तुलित समान्जस्य मिलाइएका छन्। कलाकारवाट स्वच्छ र सन्तुलित वातावरणलाई प्रत्यक्ष रूपमा क्यानभासको सानो फ्रेमभित्र अटाइदिएका देखापर्छ। नेपालको प्रकृति, पर्वत, आकाश, प्रकाश, ऋतुले उक्त "झर्ना" नामको कृतिमा जीवन्त अभिव्यक्ति पाएका छन्। सौन्दर्यमय प्राकृतिक छटा, चिसो पानी हरियो पहाडको खोँचवाट झरेको झर्नाको गति वेगपूर्ण र लयात्मक छ। झर्नावाट एक प्रकारको ध्वनि मिठासको पनि अनुभूति गर्न सकिन्छ। कलाकृतिको विशिष्टता, रंगसंयोजनको उच्चतालाई दृष्टिगत गर्दा- प्रकृतिको सौन्दर्यले

प्रेरित भएर अरू धेरै प्रकृतिजन्य कलाकृति सृजना भएको हुनुपर्छ कलाकारवाट। निरन्तरता र विशेष अनुभववाट मात्रै यस्तो उपल्लो कलाकृति सृजना हुनसक्दछ। वालककालदेखि नै रेखा र रंग अर्थात चित्रकलाको गहिरो अध्ययन गरेको आभास हुन्छ उक्त "झर्ना" चित्र हेर्दा। कलाकारको दोस्रो तैल कृति "मोती" हो। मोतीलाई दुर्लभ, स्वच्छ, पवित्र, अलौकिक, प्रकाशमय वस्तुको रूपमा मानिन्छ। फेरि यसलाई शीतल, सौम्य, शालीन, वैभव, शान्त र सरलताको प्रतीकको रूपमा पनि लिइन्छ।

मोती जस्तो दुर्लभ जीवनलाई सार्थक, पवित्र र प्रकाशमय वनाउने प्रेरणा उक्त चित्रको सन्देश हो। त्यस्तै मानव- चरित्र शान्त, सौम्य, शालीन स्वभावको हुनु पर्दछ भन्ने मान्यताको वोध पनि उक्त चित्रले गराउँदछ। चित्रमा मोतीलाई भावनात्मक रूपमा लिइएको छ। जुनसुकै चित्रित चित्रहरूमा कलाकारको भावनात्मक प्रभाव र स्वभाव आदि पनि झल्कन्छ भन्ने झैं यस चित्रवाट पनि मौसुफ सरकारमा निहित शान्त, सौम्य, शालीनतापूर्ण स्वभावको व्यक्तित्व झल्केको पाइन्छ। मोती चित्रको मुख्य विशेषता नै यसको रंगसंयोजनका मिठासपूर्ण अनुपातिक कुशल व्यवस्थापन नै हो। रंग सम्मिश्रणको एकरूपता रंगमय लयवद्धता "कलर-हार्मोनी" नै यो चित्रको मौलिक गुण हो। त्यसैकारण चित्र सौन्दर्यमय देखिन्छ।

कलाकारको अर्को कृति नारायहिटी राजदरवार नजिकैको "नारायण" मन्दिरको चित्र हो। नारायण मन्दिर रमझम नामक पुस्तकको आवरण पृष्ठमा पनि चित्रित छ। यो यथार्थ चित्र हो। भावनात्मक चित्र, यथार्थ चित्र, प्रकृतिमूलक चित्र, रेखा चित्र, मुहार चित्र आदि सवै विधाका कलाकृति सृजना मौसुफ सरकारले गरिवक्सेको छ ।

व्यक्ति-चित्र कलाक्षेत्रको एक सशक्त विधा हो। जुन विधा सभ्यताको शुरू अवस्थादेखि नै अत्यन्त महत्वपूर्ण विधाको रूपमा विकसित हुँदै आएको छ। प्राचिन मिश्रको कला इतिहास होस् वा ग्रीक कालमा सृजना गरिएको कला होस्, व्यक्ति विशेषको मूर्ति, चित्रहरू संसार प्रसिद्ध छन्। इटलीको पुनर्जागरण समयको लियानार्दो दा भिन्चीको "मोनालिसा" संसार प्रसिद्ध छ। त्यस्तै आधुनिक युगमा रेम्ब्रान्ट, रेन्वा, सेजा, माने र रोदिन आदिले व्यक्तिचित्र र मूर्तिले संसारलाई धेरै धनी तुल्याए। भगवान बुद्धको पनि व्यक्ति चित्र र मूर्ति संसारभर फैलिएको छ।

मौसुफ रेखात्मक व्यक्तिचित्रका पारंगत होइवक्सन्छ । मौसुफ सरकार युवराज छँदै निजी भ्रमणमा करीव सन् १९६४-६५ तिर भारतको नैनिताल सवारी हुँदा तत्कालीन राजदूत प्रो. यदुनाथ खनालको मुहारचित्रको रेखांकन गरिवक्सिएको थियो । उक्त मुहारचित्रका रेखा तीव्र स्पष्ट र निर्भीक छन् । रेखाहरू आयामिक छन् र घनत्व दिन पनि सफल छन् । उक्त रेखाचित्रमा यदुनाथ खनालको अनुहारको अनुपात, मनस्थिति, हेराई आदिलाई छिटो-भन्दा छिटो समेट्न खोजिएको छ । रेखाहरू नरम छन् र सकेसम्म एउटै रेखाले चित्रांकन गर्न खोजिएको छ । मुहारको मांसपेशी, अनुहारको मुद्रा र भाव, हाडको वनौट, आँखा, नाक, मुख ठीक ठाउँमा ठीक अनुपातमा एकै पटकमा वनेका छन् । यदुनाथको वाह्य रूप मात्र चित्रित छैन । रूपदर्शी भित्रको भावनात्मक पक्षलाई पनि यस मुहार चित्रमा अभिव्यक्त गरिएको छ । मौसुफ सरकारको हस्ताक्षरसहितको उक्त चित्र करीव १ फुट x ९ इन्चीको पेन्सिलले कागजमा यदुनाथ खनालको भनाइ अनुसार, करीव १० मिनेटमा बनाइएको हो ।

पूर्ण आत्मविश्वास, अठोट निर्भिक र निपुर्ण कलाकारले मात्र त्यस्तो मुहारको Quick Sketch गर्न सक्छ । कुनै पनि व्यक्ति योग्य चित्रकार हुन उसको रेखा चित्र राम्रो हुनु जरूरी छ । सुदृढ रेखावाटै राम्रो चित्र वन्न सक्छ । यसवाट मौसुफ सरकार रेखात्मक मुहारचित्रमा पारंगत होइवक्सन्छ भन्ने प्रमाण यदुनाथ खनालको मुहारचित्रले दिन्छ ।

राजपुरुषहरू, प्रतापी व्यक्तित्वहरू, समय र विभिन्न कालखण्डका महान कवि, दार्शनिकहरू, संगीतकार कलाकारहरू, प्रभावशाली व्यक्तित्वहरूको मुहार चित्र वा मूर्ति वनाउने परम्परा प्रचलित छ । तर व्यक्तिचित्र-रचनाको इतिहासमा राजाले एक साधारण नागरिकको रेखाचित्र त्यसमाथि रूपदर्शी (मोडेल अगाडि राखेर) वनाएको विगत कलाइतिहासमा भेटिदैन । मौसुफले कोरिवक्सिएको उक्त व्यक्ति चित्रले धेरै कुराको संकेत गर्दछ । अत्यन्त सरल, सहज, जनमुखी र जनप्रिय राजावाट मात्र व्यक्ति विशेषको चित्र बनाउन सम्भव हुन्छ । यसवाट मौसुफ सरकार "जनताको राजा" भन्ने मान्यता अनुरूप होइवक्सेको कुरा इङ्गित गर्दछ । समानता सह-अस्तित्वको बोध भएको व्यक्तित्ववाट मात्र उक्त कुरा सम्भव भएकोले-राजाको स्वभावको स्वयं परिचय मिल्छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट राजाका रूपमा र एउटा कलाकारको व्यक्तित्ववाट यो देशको कलाको संरक्षण र विकासको लागि अमुल्य समय, निर्देशन, सुझाव वक्स भएको छ । मौसुफ "नाफा" को अध्यक्ष होइवक्सदा पहिलो "राष्ट्रिय कला प्रदर्शनी" आयोजना गर्ने सन्दर्भमा राजदरवारवाट एक दिनमै ३ पटकसम्म पनि कुनै वखत नाफा सवारी होइवक्सेर कलाकृति झुन्डाउन, सजाउन, क्याटलग तयार गर्ने जस्ता कार्यमा सहयोग र निर्देशन वक्स हुन्थ्यो । कहिले पारखी भएर चित्रको मूल्याङ्कन गर्ने र मिटिङ्गहरूको अध्यक्षता गरेर कला विकास संरक्षण सम्बन्धी सारगर्भित निर्देशन र सुझाव वक्स भएको पाइन्थ्यो । त्यत्रो विशाल सीताभवन दरवारको आधा भाग र २२ रोपनी जमिन नाफालाई मौसुफ सरकारले दिलाइवक्सेको थियो । मौसुफ सरकार वेलावखत निजी ग्यालरीहरू पनि सवारी होइवक्सी कलासम्वन्धी गतिविधिहरू र कला र कलाकारको जानकारी राखिवक्सन्छ । कलाप्रदर्शनीहरूको उद्घाटन पनि गरिवक्सन्छ । यो देशले "राजा वीरेन्द्र" जस्तो कला पारखी, कला प्रेमी, कला संरक्षक राजा पाएर यो क्षेत्र गौरवान्वित भएको मान्नुपर्छ ।

नेपाली कला संरक्षण विकास र प्रोत्साहनमा हाम्रा राजाहरूवाट जहिले पनि सहयोग पाइदै आएको कुरा इतिहास साक्षी छ । खुशीको कुरा वर्तमान युवराजाधिराज श्री ५ दीपेन्द्र पनि कलामा अभिरूचि राखिवक्सन्छ । वाल्यकालमा धेरै पटक वाल चित्रकलाहरूमा भाग लिई पुरस्कृत समेत होइवक्सेको पाइन्छ । त्यस्तै अधिराजकुमारी श्रुति पनि कलामा अगाध अभिरूचि राखिवक्सन्छ र दरवारमै कला शिक्षा लिइवक्सदैछ र हाल सालै एक व्यक्ति चित्रकला प्रदर्शनी पनि श्रुतिवाट गरिवक्सेको थियो । यसरी राजपरिवारनै कलाप्रति अनुरागी हुनुले यस क्षेत्रमा लाग्ने सवैलाई गौरवको अनुभूति भएको छ । राजाहरू, महारानीहरू, युवराजहरू, युवराज्ञीहरूवाट सँधै यो देशको कलाविकास, प्रवर्द्धन र संरक्षणमा निरन्तर अविस्मरणीय सहयोग प्राप्त हुँदै आएको कारणले गर्दा नै यो देश कलापूर्ण देश भएको हो ।

★ ★ ★



श्री ५ वीरेन्द्र

नारायण मन्दिर, पानी रंङ्ग



श्री ५ वीरेन्द्र

मोती, तैल



श्री ५ वीरेन्द्र

व्यक्ति चित्र, पेन्सिल, ८ x १२"

श्री ५ वीरेन्द्र

झरना, तैल

अमर चित्रकार

अत्यन्त सरल, सौम्य, मृदुभाषी अमर चित्रकार कलाक्षेत्रमा साँच्चिकै अमर छन् । 'अमर' नेपाली चित्रकारको जमातमा वस्तु चित्र, व्यक्ति चित्र विधामा प्रसिद्ध छन् भने मूर्तिवृत्ति शालिक विधामा पनि त्यतिकै चर्चित छन् । विना औपचारिक कला शिक्षा अमरको उच्च व्यक्तित्व उनको आफ्नै लगनशीलताले जन्माएको हो । यिनी अति मेहनती छन्। हरवखत कला-सृजनामा लागिरहन्छन् । सुत्ने र घर व्यवहारको सामान्य समयवेगर उनी कला सृजना मै समय व्यतित गर्दछन् । यसरी अधिकतम समय चित्रकला विधाका-पानी रंग, एक्रोलिक, तैल आदि विभिन्न माध्यममा वस्तुचित्र, मुहारचित्र, परम्परागत धार्मिक, सांस्कृतिक चित्र र स्केज आदि गरिरहन्छन् ।

अमर चित्रकार नेपाली कलाफाँटमा अमर वन्न १९७९ वि.स. मा पिता विन्दुलाल र आमा चिनिमायाको कोखवाट काठमाडौं केल टोलमा जन्मेका हुन् । चित्रकार वन्ने वालकले सानैदेखि जमीनमा, माटोमा, भित्तामा, पछि सिलेटमा चित्र कोर्न थाले । पछि ठूलो भएपछि वालकृष्ण सम र तेजवहादुर चित्रकारसँग कला शिल्प सिके । तेजवहादुरलाई त उनी आफ्नो तैल चित्रको आदर्श गुरू नै मान्दछन् भने चन्द्रमान मास्केलाई पानी रंगका गुरू मान्दछन् । त्यस्तै वम्वई गएर हर्डेनरसँग पनि करीव १ वर्ष कला शिल्प सिकेका थिए उनले ।

अमर चित्रकार वास्तवमा प्रतिभाशाली चित्रकार हुन् । उनको चित्रकला विधा जति वलियो र सशक्त छ । क्यानभासमा वनेका तैल चित्रमा मुहार चित्र होस वा पानी रंगमा वनेका मुहार चित्र हुन् । त्यस्तै सामाजिक धार्मिक पृष्ठभूमिमा वनेका सयौं चित्रहरू सवै एक से एक छन् । सजीवता, सौन्दर्य र अति उत्कृष्टताको नमूना त्यहाँ देखिन्छन् । अमर भन्दछन्- "आफूलाई मूर्ति वनाउँदा भन्दा चित्र वनाउँदा नै वढी आत्मसन्तुष्टी हुन्छन् । त्यसैले-

म चित्रमा आफ्नो भावनाको अभिव्यक्ति गर्न वढी सक्षम भएको अनुभूति गर्दछु । त्यसैकारण चित्र सृजना गर्दा अति आनन्दको अनुभव गरिरहेको हुन्छु ।" त्यसैले होला अमर चित्रकार मूर्तिको तुलनामा चित्र विधामा नै वढी सफल देखिन्छन् ।

नेपालमा शालिक निर्माणमा अमरको त्यतिकै उच्च स्थान छ । सर्वप्रथम टुँडिखेलको जंगवहादुरको शालिक देखेर आफू मूर्तिकलामा आकृष्ट भएको हुँदा त्यही मूर्ति मुताविक जंगवहादुरको सानो मूर्ति उनले वनाएका थिए । हाल उक्त मूर्ति म्यूजियममा छ । मूर्ति वनाउने प्रेरणापछि विकसित भएको, तर चित्रकला भने जन्मसिद्ध स्वस्फूरण भएको उनी वताउँदछन् । अमरले बनाएको शालिकहरूमा सिंहदरवार अगाडिको पृथ्वीनारायण शाहको शालिक, तीनधारा पाठशाला राजदरवार अगाडिको महेन्द्रको शालिक, त्रिशुलीको पृथ्वीनारायण शाहको शालिक, टुँडिखेल शाही सैनिक मञ्चमा रहेको सिपाहीको मूर्ति, डिल्लीवजार सांस्कृतिक सदन अगाडिको महाकवि लक्ष्मीप्रसाद देवकोटाको शालिक आदि अमरलाई मनपर्ने शालिक हुन् । हालसम्म उनले करीव साना ठूला गरेर ३२ वटा शालिक वनाइसकेका छन् । जसमध्ये सवैभन्दा पहिलो आदिकवि भानुभक्तको काठमाडौं दरवार हाई स्कूल अगाडिको हो । जुन मूर्ति २०१२ सालमा स्थापना भएको थियो । राजाहरूको शालिकमा महेन्द्रको शालिक आदर्शनगरविरगञ्जमा २०२९ सालमै उनले राखिसकेका थिए । यस्तै अमरले देशका साहित्यकार, कलाकार आदि विभिन्न व्यक्तिहरूको शालिक पनि बनाएका छन् ।

चित्रकार 'अमर' चित्रकला विधामा सिद्धहस्त छन् । राणाकालमा जुद्ध शम्शेरको ठूलोमा ७ फिटसम्मको र साना सयौ चित्र वनाएका थिए । जुद्ध शम्शेरको जुङ्गे चित्र त अमरले वनाउँदा वनाउँदा कण्ठस्थ भएकोले स्वाभाविक सरल रूपमै स्वत: एकैछिनमा जुद्धशम्शेरको मुहारचित्र वनाउने गर्थे । त्यस्तै गरेर अमर चित्रकारले जङ्ग वहादुर, चन्द्रशम्शेर, केशर शम्शेर, अग्नि शम्शेर, देव शम्शेर, धीर शम्शेर, मोहन शम्शेर आदि राणा प्रधानमन्त्री र त्यस्तै सैयौ अरू राणा परिवारहरूको मुहारचित्र वनाएका थिए । त्यस्तै पृथ्वीनारायण शाहदेखि हाल महाराजाधिराज श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारसम्मको सम्पूर्ण शाहवंशीय राजाहरूको ठूलोमा ७ फिटसम्म र साना गरेर कैयौं मुहारचित्रहरू अमर चित्रकारले वनाएका छन् । साथै

राजदरवारमा शाहवंशीय राजाहरूको २ फिट अग्लो व्यक्ति चित्रहरू वनाएका छन् । यसै गरी श्री ५ त्रिभुवन, महेन्द्र र अरू शाहवंशीय राजाहरूको म्यूजियममा, हनुमान ढोका, गद्दी वैठकमा, हनुमान ढोका दरवारमा, सिंहदरवार आदि विभिन्न ठाउँमा गरेर सयौं चित्र उनले वनाएका छन् । राजा रानीहरूको चित्र विदेशस्थित शाही नेपाली राजदूतावासहरूमा पनि थुप्रै मुहारचित्र अमरले वनाएका छन् ।

अमर चित्रकारले वालकृष्ण सम, लेखनाथ पौड्याल, माधव घिमिरे आदि विभिन्न साहित्यकारहरू र दशरथचन्द्र, धर्मभक्त, वीरवलभद्र, अमर सिंह थापाजस्ता वीर पुरुषहरू र अरू विभिन्न सर्वसाधारणसम्मको सयौ व्यक्ति चित्रहरू वनाएका छन् । यस्तै सैनिक हेडक्वार्टरमा भक्ति थापा, अमर सिंह थापा, आदि वीरहरूको चित्रको साथै काजी, सरदार, सचिव आदि प्रमुख सवैजाति जनजातिहरूका गन्ती नै गर्न नसकिने परिणामहरूमा व्यक्तिचित्र वा मुहारचित्रहरू वनाएका छन् । अमर चित्रकारले जति व्यक्ति चित्रहरू नेपालमा हालसम्म सायदै कसैले वनाए होलान् ।

व्यक्ति-चित्रवाहेक अमर चित्रकार सामाजिक, धार्मिक प्रवृतिका चित्रहरू पनि त्यतिकै कुसलतापूर्वक वनाउँदछन्। यस्ता प्रकारका चित्रहरूमा उनी पूर्ण सफल छन् । अत्यन्त सजीव चित्रहरू चित्राङ्कन गर्न उनी सफल छन् । पानी रंगका मुहारचित्रहरू एकदम कुशलतापूर्वक विशिष्ट तरीकाले पूरा गरेका छन् उनले । चित्रहरू पनि उनको आफ्नै प्रकारका छन् र उच्चताको शिखरमा पुगेका छन् । मनमोहक सुन्दर र स्तरीय छन् उनका चित्ररूपी सृजनाहरू ।

प्राज्ञ अमर सवैको स्नेहका पात्र छन् । उनी जस्तो सरल र मृदुभाषी कलाकार शायदै अर्को होला । आफ्नो सृजनात्मक जीवनमा आफ्नी श्रीमतीवाट विषेश सहयोग पाएको वताउँदै सयौं मानिसहरूको मुहारचित्र वनाउने अमरले आफ्नै श्रीमती चन्द्रदेवीको मुहारचित्र वनाउन फुर्सदै पाएनन् । दिवंगत श्रीमतीको सम्भना गर्दै हालसालै श्रीमतीको मुहारचित्र, स्वर्ग लोकमा देवी देवताको पृष्ठभूमिमा वनाएको तैलचित्र देखाउदै अमर द्रवित हुन्छन् र उनको परेला भिज्न थाल्दछन् ।

जीवनभर कृयाशील र ज्यादै व्यस्त अमर चित्रकार चित्रकला विधामा ज्यादा सफल देखिन्छन् । काम पनि ज्यादा चित्र विधामै गरेका छन् । उनी

आफै पनि भन्दछन्, "चित्र त मेरो मुख्य अर्थात् पहिलो विषय हो, मूर्ति दोश्रो हो ।" चित्रकार अमरलाई आफ्नो सबैभन्दा मन पर्ने चित्रहरूमा महिलाले सिलभरको करूवाले पानी खान लागेको चित्र हो । यो चित्र एक विशिष्ट दर्जाको मान्न सकिन्छ । यो चित्रमा रंगको उच्चताले र रंगसंमिश्रण पारंगत सिद्धहस्तताले गर्दा उच्चकोटीको छ । सिल्भरको करूवा एक दुई ठाउँमा कुच्चिएको, अलि-अलि कतै खाल्टो परेको, धसिएको देखिन्छ । जुन देखाउन उच्च प्रतिभावान्हरूले मात्र सक्छन् । पानी खान लागेको महिलाको तिर्खाएको अनुभूति, ठाडो घाँटी लगाएको, करूवा समाएको टुटीवाट पानी झरेको, यस्तो लाग्छ, टुटीवाट चिसो पानी कल-कल गर्दै महिलाको मुखमा झरिरहेको दर्शाउने विभिन्न प्रयोग रंगसंमिश्रण महिलाको मनस्थिति, थकावट, प्यास आदिलाई यर्थाथ रूपमा चित्रण गर्न सफल छन् । चित्रमा महिलाको आर्थिक स्थिति, सामाजिक परिवेश आदि छर्लङ्गिन्छ । त्यस्तै हातको चुराहरूले पनि धेरैथोक भनिरहेको छ ।

प्राज्ञ अमर चित्रकार २०१३ मै घरेलुमा प्रमुख चित्रकारको रूपमा प्रवेश गरेर २०३१ सालसम्म त्यहीं कार्य गरे त्यसपछि राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य भई २०४६ सालमा अवकाश प्राप्त गरे । नाफा सल्लाहकार समितिको अध्यक्ष समेत भइसकेका अमरले आधुनिक कला र परम्परागत चित्रकलाको एक झलक नामक किताव पनि प्रकाशित गरेका छन् । सृजनाको कदर गर्दै २०२७ साल मै अमरलाई "इन्द्र राज्य लक्ष्मी" पुरस्कार र हालसालै गोरखा दक्षिणवाहुवाट सम्मानीत गरिएको छ । यस्तै नाफावाट पहिलो, दोश्रो, तेश्रो पुरस्कार पनि चित्रकलाकोलागि उनले पाएका थिए ।

मुख्य कुरा आफ्नो इच्छाशक्ति हो । तीव्र इच्छा छ भने कुनै पनि कार्यमा सफलता पाउन सकिने धारणा अमर राख्दछन् । आफ्नो कलाकृतिले भावनात्मक प्रभाव परे आफ्नो कला सफल भएको मान्नु पर्दछ उनी भन्दछन् । जीवनभरी मूर्त कला सृजनामै व्यतित गर्ने अमर अमूर्त कला पनि रूचाउँदछन् । देशको कलाक्षेत्रको विकास त्यत्ति सन्तोषजनक ढङ्गमा अगाडि वढन सकिरहेको छैन अमर भन्दछन् । विभिन्न सिलसिलामा देशका विभिन्न भागहरू र विदेशमा भारत, चीन, रूसको भ्रमण गरेका छन् उनले ।

अमर नेपाली कला फाँटमा साँच्चिनै आफ्नो नाम जस्तै अमर छन् र चित्रकार थर जस्तै चित्रकला विधामा उनी वढी सफल छन् भन्नु अत्युक्ति नहोला ।

पानी पिउन लागेकी महिला, तैल, २०" x ३०"

अमर चित्रकार

पूजा गर्न लागेकी महिला, तैल



अमर चित्रकार

व्यक्ति चित्र, पेष्टल

लैनसिंह वाङ्‌देल

संसार घुमेका, संसार वुझेका, लण्डन र फ्रान्समा वसेर चित्र सिकेका वाङ्‌देल, कुलपति जस्तो उच्च ओहोदामा पुग्ने पहिलो नेपाली चित्रकार पनि हुन् ।

नेपाली मूर्तिकला र कलासम्वन्धी विभिन्न पुस्तक लेखी नेपाली कला–जगत्‌लाई ऋणी वनाएका छन् भने साहित्यिक पुस्तकहरू पनि त्यत्तिकै गहकिला र उच्च श्रेणीको भएको कुरा साहित्यकारहरू स्वीकार्छन् ।

इतिहासका सवै कालमा महान् चित्रकारहरूले आफ्नो कला–यात्रा फिगरपेन्टिङवाट शुरु गरे झैं वाङ्‌देल पनि कला–यात्रा फिगर पेन्टिङ्गवाट गर्दछन् । जसमध्ये प्रमुख माग्ने आइमाई, मदर एण्ड चाइल्ड श्रृङ्खला, मुना मदन आदि छन् । यिनको "फिगर पेन्टिङ्ग" यथार्थ र एनाटोमी पक्षभन्दा सजीवता र भावनात्मक एकतातिर जोड दिएको देखिन्छ भने मुहारचित्र वनाउँदा पनि आन्तरिक भावनालाई नै प्रस्तुत गरेका हुन्छन् । जसमध्ये प्रमुख सेल्फपोटरेटहरू छन् । यिनी पछि विस्तारै आधुनिक अमूर्ततातिर लागे । अमूर्त विधामा सृजना गरेका चित्रहरू लयात्मक र लचकतायुक्त छन् । चित्रहरू अभिव्यक्तिको उत्कृष्टतामा पुगेका हुन्छन् । चित्रमा मनोवैज्ञानिक र सौन्दर्य तत्वलाई उत्तिकै सफलतापूर्वक प्रक्षेपण गरेका छन् यिनले । यिनका चित्रहरू उग्र शैली र क्लिष्ट छैनन् भने रंग छनौट, रंग संमिश्रण, रंगको टेक्चर खोजपूर्ण उपलव्धिमूलक चित्र, मजवूत र वलिया पनि हुन्छन् ।

यिनका चित्रहरू ऊर्जाप्रधान यथार्थ भैकन पनि आँखाले देखेको जस्तो हुवहु नवनाइएर कता कता लुकाउन, छिपाउन, हराउन, दवाउन सक्छन्, चित्रको विषयवस्तुलाई क्यानभाषमा । यो वाङ्‌देलको खूवी र सफल पक्ष मध्ये एक हो । यिनको चित्रको आत्मा भन्नु नै रंग हो । रंग समिश्रणवाट निस्केको रंगरूपी रसले वाङ्‌देलको क्यानभास भरिपूर्ण र रसिला हुन्छन् ।

पृष्ठभूमि उन्नत र अनन्त हुने गरेका छन् । उष्णताभन्दा शीतलता त्यहाँ अनुभूति गर्न पाइन्छ । रंगका विम्व, रंगका लपेटा, रंगको प्रकाश, रंगको छायाँ प्रवाहित र गतिशील हुन्छन् यिनको चित्रमा । मुख्यतया वाङ्देलका रंग सम्मिश्रणवाट निस्केका मिठासपूर्ण ऊर्वर रंगको सौन्दर्यले दर्शकको अन्तर आत्मालाई छुने गर्दछ ।

रंगकै सहायताले यिनी भावना पोख्दछन् आफ्ना क्यानभासहरूमा र यी भन्दछन् पनि – "रंग नै त भावना हो ।" अलंकारिता, कृत्रिमता, भड्किलोपन यिनको सृजनामा कतै देखिंदैन । विरोधाभासपूर्ण कला मन पराउँदैनन् यिनी ।

वाङ्देल अथाह गम्भीर नम्र प्रकृतिका छन् । मृदुभाषी यी विवादवाट टाढै वस्छन् । कोमल र माधुर्ययुक्त यी सृष्टा सृजना नगरी वस्नै सक्दैनन् । कलाप्रति निरन्तर निष्ठा गर्ने एक सृजनात्मक व्यक्ति हुन् लैनसिंह वाङ्देल । साधनामा एकाग्रता, काममा उत्साही र आत्मविश्वासी यी कलाकार आधुनिक नेपाली अमूर्त कलाका एक हस्ती नै हुन् ।

यिनी प्रायः ३ शैलीमा काम गर्दछन् । पहिलो, अमूर्त शैलीका - प्रकृति, पहाड, हिमाल, चरा, वादल, क्षितिज, गहिराइ जस्ता विषयहरूलाई अस्पष्ट, अन्तत परिवेशमा प्रकृतिप्रधान चित्रहरू पर्दछन् । यस्ता कृतिमा निहित धेरै कुराहरू विश्लेषण गर्नुपर्ने हुन्छ । टुप्पो र फेद पत्ता लगाउनु पर्ने हुन्छ । यसको लागि कृतिभित्र डुवुल्की लगाउनु पर्छ । अथाह सागर पनि हो उनको कृति कता हो कता विलीन हुन पुग्ने । आकृति दविन गएको लुप्त वा तुँवालो, कुहिरोभित्र हराएका यस्ता कृतिहरू सेतो रंगको प्रधानतामा वनेका र प्रष्ट आकृति नभएका सूक्ष्म रहस्यात्मक तत्त्वहरू सहितका हुने गरेका छन् । दोस्रो खाले, कृतिहरूमा मुहारचित्र पर्दछन् । वाङ्देलका यो विधाका चित्रहरू पनि प्रशंसा योग्य छन् । आफ्नै मुहार चित्र, अनि ऋषिकेश शाह, बालकृष्ण सम, लोकनाथ पौडेल, गणेशमान, वि.पी र उनको आफ्नै श्रीमतीको मुहारचित्रहरू वनाएका छन् यिनले । यसदेखि वाहेक अरू कैयन मुहारचित्रहरू वनाएका वाङ्देलको मुहारचित्र वनाउने आफ्नै शैली छ । रुपदर्शीको आन्तरिक मनस्थितिलाई मुहारमा भाव ल्याउन सफल छन्, यिनी । तेजस्वी, कोमल, सरलता, कठोरता जस्ता गुण देखाउन र विभिन्न भिन्न भिन्न गुणहरूको सम्मीश्रण भएको मुहारमा दर्शाउन उनी सफल छन् । भावनात्मक पक्षलाई वढी जोड दिई यिनी मुहारचित्र बनाउँदछन् तर सजीवता पक्षलाई बढी प्रवल

र सक्षम राख्छन् । परम्परागत रूपमा मुहारचित्र वनाउने परम्परालाई यिनले तोडेका छन् । मुहारचित्रमा नेपालमा आधुनिकताको शुरुवात पनि यिनैवाट भएको मान्नेहरू पनि छन् ।

तेस्रो खाले कृतिहरूमा–फिगरेटिभ शैलीमा महिला, पुरुष, आमा-वच्चा, मातृत्त्व, धार्मिक, सामाजिक आदि परिवशेमा चित्र वनाउँदछन् यी । यिनको यस्ता शैलीका चित्रहरूले पनि निकै प्रसिद्धि पाएको देखिन्छ । यस्ता चित्रहरूमा पनि शारीरिक अनुपात, रंग संयोजन सवैमा स्वतन्त्र रूपमा आफ्नै प्रकारले वनाइएका हुन्छन् । विशेष नाप तौल र सिद्धान्तभित्र रहेको देखिदैन यिनको चित्र र भावपक्षलाई नै जोड दिएको देखिन्छ चित्रले । यस प्रकार तीनै शैलीमा उत्तिकै कुशलता हासिल गरेका वाङ्देल आधुनिक चित्रकलामा सर्वोत्कृष्ट कलाकारकै रूपमा गणना गरिएको पाइन्छन् । त्यस्तै आधुनिक शैलीको चित्रकलाको विकास र मापदण्ड कायम गर्न, नेपालमा आधुनिक अमूर्त शैलीको कलालाई विकासको गति दिने काममा आफ्ना सृजनात्मक अहंम् भूमिका निभाएका सम्माननीय लैनसिंह वाङ्देल, आधुनिक नेपाली अमूर्त चित्रकलाको इतिहासलाई प्रभावित पार्ने व्यक्तित्व हुन् भन्दा अत्युक्ति नहोला ।

प्रसिद्ध नेपाली चित्रकार लैनसिंह वाङ्देलको नाम चारैतिर फैलिएको छ आजभोलि । संसारका धेरै देशका ग्यालरी र व्यक्तिगत संग्रहकर्ताहरूसँग उनको कलाकृति संरक्षित रहेका छन् । उनको विद्वत्ताको कदर गर्दै देश विदेशवाट पुरस्कार र सम्मान पनि प्राप्त भएका छन् । कला–सृजनामा आफ्नै मान्यताहरू चलनमा ल्याउने वाङ्देल एक सफल मौलिक अमूर्त चित्रकार हुन् ।

विश्वकै प्रसिद्ध चित्रकार पिकासोलाई प्रत्यक्ष भेटेका लैनसिंह वाङ्देल आफू पिकासोवाट निकै प्रभावित भएको वताउँछन् । वाल्यकालदेखि नै चित्रप्रति झुकाउ थियो उनको । तर प्रेरणा भने प्रकृतिवाट मिलेको वा पाएको यिनी वताउँदछन् । आधुनिक कला भनेपछि रंग, आकार, कम्पोजिशन र शैलीमा पनि नयाँपन हुनुपर्छ, भन्ने मान्यता यिनी राख्दछन् । वाङ्देलका मनपर्ने कलाकारहरूमा–पिकासो, भ्यानगग, भालेस्की, पिस्सारो हुन् ।

जीवनका विर्सनै नसकिने घट्नाहरूमा– वि.सं. २०१२ सालतिर

नेपाली जन-जीवन सम्बन्धी ६ थान क्यानभास चित्रहरू पेरिसको कुनै ग्यालरीमा वेच्न लग्दा अमूर्त चित्र चाहिएको छ भनेर फर्काइएको थियो । त्यो चित्र फर्काउँदा बाटैमा झण्डै फालिसकेको थिए यिनले । पछि वि.सं. २०१९ सालमा काठमाडौं सरस्वती सदनमा श्री ५ महेन्द्रवाट प्रदर्शनी उद्घाटन गरिएपछि त्यही ६ थान चित्रमध्ये "एण्ड अफ द जर्नी" किनिवक्सेको अरू ३ थान अमेरिकाको कला संग्रहकर्ताले किनेको र २ थान आफैसँग नबेच्ने गरी सुरक्षित राखेको कुरा यिनी बताउँछन् । कृति कुनै पनि आफैमा राम्रो नराम्रो हुँदैन । समय परिस्थिति अनुसार हुँदोरहेछ । त्यो घट्ना म कहिल्यै विर्सन्न भन्दछन् यिनी । त्यसपछि आफ्ना जुनसुकै कलाकृतिलाई समान रूपले सम्मान गर्दछ यिनी भन्दछन् ।

त्यस्तै लण्डनमा छँदा एक जना कलाक्रेता घरमा आएको, सबै चित्रहरू राम्रोसँग सजाएर राखेको, तर कुनै चित्र पनि क्रेतालाई मन नपरी त्यसै फर्केर जान लागेको वेलामा—नराम्रो भनेर पर्दा पछाडि लुकाएर राखेको चित्र कसरी कसरी देखेर क्रेताले झिक्न लगाई (गोठालाले घुँडा मारेर घोप्टो परी बसेको, कामै पूरा गर्न वाँकी) उक्त चित्र मन पराएको, र त्यस वेला आफ्नो कलाकृतिको मोल ७०-८० पौण्ड भएको, तर १००० पौण्डमा किनेर लगेको घट्ना पनि जीवनको सुखद् र अविश्मरणीय घट्ना भएको बताउँछन् वाङ्देल ।

आफ्नो ६० वर्षसम्मको कलायात्रामा लगभग ६ हजार जति चित्र लेखेको अनुमान गर्दै वाङ्देल पुन : अतीततिर फर्कन्छन् ।

वाङ्देल पहिले चिन्तन गर्दै चित्रको विषयवस्तु वारे कहिले घण्टा, दिन, महिना र वर्षौ सोचेर मस्तिष्कले भावरूप रचना गर्दछन् । मस्तिष्कले चिन्तन गरी भावरूप निर्णय गरेपछि चित्र वनाउन थाल्दछन् । चित्र कहिले २ घण्टामै सकिन्छ, कहिले ३-४, दिन त कहिले महिनौं ! अनि वर्षौं पनि लाग्दछ । चित्र सक्ने सृजनात्मक शैली वा वानी यस्तै छ यिनको ।

कला—सृजनाको लागि उपयुक्त वातावरण, स्थान र मूड एकदम जरुरी छ, यिनी भन्दछन् । किनभने— कला सृजना गर्नु भनेको साधना गर्नु हो, तपस्या गर्नु हो, चिन्तन गर्नु हो । मनमा जे जस्तो आयो लेख्यो, वनायो गर्ने कलालाई कला मान्दैनन् यिनी ।

यिनीलाई सृजनात्मक मूड चाहिन्छ । त्यो मूड चित्र तयार नभएसम्म

कलाकारसगै रहिरहनु पर्छ । चित्र लेख्दा अरूको गफ, कुराकानी, टिप्पणी सुन्न मन पराउँदैनन् वाङ्देल । "सोचाईमा वाधा पर्छ" उनी भन्दछन् । चित्र कहिले सकिन्छ, त्यो उनी भन्न सक्दैनन्, चित्र तयार भएपछि त्यो चित्रलाई केही दिन राख्दछन्, हेर्छन्, पुनः पछि फेरि हेर्छन् र केही पुगेको छ छैन । वढी घटी के छ । त्यो स्वच्छ मन, आँखाले, हेरेर थप घट गर्नुपर्ने भए गर्छन् । यसरी चित्र-सृजना हुन्छ वाङ्देलको ।

सन् १९२४ मा दार्जिलिङ्गमा जन्मेका वाङ्देलले प्रारम्भिक कला-शिक्षा कलकत्ताको "गभरमेण्ट कलेज अफ आर्टस" बाट पाएका हुन् । सन् १९५२ देखि १९५६ सम्म फ्रान्स र ५६ देखि ६० सम्म लण्डनमा पढेर वसेका यी कलाकार पाश्चात्य, आधुनिक कला गतिविधिका पूरा ज्ञाता छन् । र त्यस समय यी प्रत्यक्ष संलग्न रहेका पनि थिए। लण्डन, फ्रान्स कला प्रदर्शनीहरूमा यी सहभागी थिए । जर्मनमा सन् १९५४ मा पहिलो कला प्रदर्शनीमा यी सहभागी भएका थिए भने एक व्यक्ति चित्रकला प्रदर्शनी फ्रान्समा यिनले सन् १९५५ मा गरेका थिए ।

यसरी विदेशबाट कला शिक्षा सृजना र अनुभव वटुलेर वि.सं. २०१८ सालमा यी काठमाडौं आएका हुन् । वि.सं. २०१९ सालमा "सरस्वती सदन" नेपालमा यिनको पहिलो चित्रकला प्रदर्शनीको उद्घाटन भएको थियो । त्यहींबाट एक निरन्तर सृजनात्मक जीवन नेपालमै शुरु हुन्छ वाङ्देलको ।

आज लैनसिंह वाङ्देल भन्ने वित्तिकै एउटा विशेष अर्थ लाग्दछ । आजको नेपाली आधुनिक कलामा मात्र होइन, अन्तरराष्ट्रिय कलाको क्षेत्रमा पनि वाङ्देलको त्यत्ति नै नाम छ ।

चित्र–सृजनामा परम्परागत मान्यताहरू विपरीत लैनसिंह वाङ्देलले अपनाएको स्वतन्त्रतापूर्ण अमूर्तकलाले आधुनिक कलामा अझै आन्दोलनको मार्ग प्रशस्त पार्न सहायता मात्र गरेन, विकास गर्न पनि त्यत्तिकै स्थायी भूमिका निर्वाह गरेको भन्ने कुरा सर्वविदितै छ ।

राष्ट्रिय-सन्दर्भमा वाङ्देल अमूर्त कलाको फाँटमा उज्ज्वल र अतुलनीय पनि छन् । उनले प्राप्त गरेको उँचाई आफ्नै सृजनात्मक उँचाई हो । जसको आफ्नै मूल्य र मान्यता छ ।

★★★

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

* * *



लैनसिंह वाङ्देल

स्तूप र बूढा, तैल, २८ x २१"



शिशु र माता, तैल

लैनसिंह वाङ्देल

समर रेन; तैल, ११ x ४४"

कुलमान सिंह भण्डारी

नेपाली कलामा समाजको मनोवैज्ञानिक विकृति, सामाजिक कुसंस्कार- रिस, डाह, कुविचार, कुन्ठा, पछौटेपन, गाउँघरको स्थिति, संसारिक र समसामयिक समस्याहरू, जल्दा-वल्दा सामाजिक विषयहरूमा यथार्थ र सजीव चित्र वनाउँदछन् कुलमान सिंह भण्डारी । विगत आधा शताब्दीदेखि कला सृजनामा योगदान पुऱ्याउँदै आएका यिनी नेपाली कलासमाजका केही जेठा कलाकारहरू मध्ये पर्दछन् ।

वि.सं. १९८२ माघ २१ गते सोमवार काठमाडौं नैकापमा जन्मेका थिए कुलमान सिंह भण्डारी । आफ्ना पुर्खाहरू लमजुङ्गदेखि पृथ्वीनारायण शाहको सैनिक अभियानसँगै काठमाडौं आई नैकापमै वसोवास गर्दै आएको कुरा यिनी वताउँदछन् ।

जुद्धकला पाठशाला भोटाहिटी, काठमाडौंमा वि.सं. १९९८ – २००० सम्म कला-शिक्षा लिएका थिए यिनले । तेजवहादुर चित्रकार, चन्द्रमान सिंह मास्के, वालकृष्ण सम र पारसमणि रन्जितकारका घर–घरमा गएर पनि कला-शिक्षा लिएको र यो क्रम २००२ वि.सं. सम्म चलेको यिनी बताउँदछन् । त्यस्तै घरेलुमा "हस्तकला तालिम" वि.सं. २००४ सालमा र "डिजाइन तालिम" (२०११–२०१३) सम्म लिएका यिनले-मसूरी (देहरादून भारत) चित्रशालामा २००९-२०१० सम्म चित्रकलासम्वन्धी अध्ययन गरेका पनि थिए ।

सामूहिक कला-प्रर्दशनीमा कुलमान सिंह भण्डारीको कलाकृति-वि.सं. २००० मा "राष्ट्रिय उद्योग प्रर्दशनी" लैनचौरमा सरकारको आयोजनामा कला स्टलमा भाग लिएर शुरु हुन्छ । वि.सं. २००८ सालमा ललितपुर आर्दश कला प्रर्दशनीमा आयोजित सामूहिक चित्रकला प्रर्दशनीमा भाग लिएका थिए यिनले । वि.सं. २००९ साल असोजमा ललितपुर रक्षामण्डल (केन्द्र) ले सचित्र कला-प्रकाशन पत्रिकामा यिनको रेखाचित्र प्रकाशित गरेको थियो ।

र पहिलो कला-प्रर्दशनीमै आफ्नो कला विक्री भएको र यसवाट हौसला वढ्न गएको प्रसंग पनि यिनी वताउँदछन् । वि.सं. २०११ सालमा परोपकार संस्थाद्वारा आयोजना गरिएको राष्ट्रिय उद्योग प्रदर्शनीमा कलाको स्टलमा चित्र दिई भाग लिएका थिए र दोस्रो पुरस्कार रजत पदक पाएका थिए यिनले । वि.सं. २०१३ सालमा हनुमान ढोका दरवारको बैठकमा नेपाली कला प्रदर्शनी कार्यक्रममा भाग लिएका र चित्र वैरागी बुद्ध श्री ५ महेन्द्र सरकारले किनिवक्सेको थियो । वि.सं. २०१३ सालमै "मोरङ्ग युवक सांस्कृतिक समिति" को आयोजनामा कला प्रदर्शनीमा भाग लिएको, वि.सं. २०१४ सालमा श्री स्वास्थ्य शिक्षा श्रमको आयोजनामा व्यवसाय प्रदर्शनीको आह्वानमा महावौद्ध, काठमाडौंमा चित्र दिई भाग समेत लिएका थिए यिनले । वि.सं. २०१५ सालमा घरेलु उद्योग विभागद्वारा आयोजित राष्ट्रिय उद्योग प्रदर्शनीमा कला स्टलमा चित्रद्वारा भाग लिएका र वि.सं. २०२२ सालदेखि 'नाफा' द्वारा आयोजित वार्षिक कला प्रदर्शनीमा भाग लिएको कुरा यिनी गर्दछन् ।

चिरपरिचित कुलमान सिंह भण्डारीले एक-व्यक्ति चित्रकलातर्फ वि.सं. २०२० सालमा काठमाडौं लगनटोलमा गरेका थिए भने - २०२१ सालमा वनेपामा एकव्यक्ति चित्र-कला प्रदर्शनी गरेका थिए। पल्पसा आर्ट ग्यालरीमा २०४५ सालमा एक व्यक्ति चित्रकला प्रदर्शनी गरेका थिए। त्यसपछि सामूहिक र एकव्यक्ति कला प्रदर्शनीमा निरन्तर रूपमा विभिन्न जिल्लाहरूमा प्रदर्शनी गर्दै र भाग लिदै आएका छन्-कुलमानले ।

अन्तरराष्ट्रिय कला-प्रदर्शनीतर्फ पहिलो पटक सन् १९५३ मे. ५ तारिखमा नयाँ दिल्लीमा अल इण्डिया आर्टस् र क्राफ्टस्को आयोजनमा भएको द्वितीय अन्तरराष्ट्रिय कला प्रदर्शनीमा भाग यिनले लिएका थिए। त्यस्तै सन् १९६३ मा "काउन्सिल फर नेपालीज एफियर्स" द्वारा दिल्लीमा आधुनिक चित्रकला प्रदर्शनीमा पनि भाग लिएका थिए । दिल्लीमै पुरातत्व विभागले आयोजना गरेको चित्र-प्रदर्शनीमा वि.सं. २०२० सालमा भाग लिएका थिए र वि.सं. २०२१ सालमा भारत पटनाको वार्षिक कला-प्रदर्शनीमा समेत यिनको सहभागिता थियो ।

कला-पुरस्कारहरूमा वि.सं. २०५२ भाद्र २९ गते श्री ५ सरकारबाट प्राप्त "राष्ट्रिय प्रतिभा पुरस्कार" पाउने पहिलो कलाकार हुन् कुलमान सिंह

भण्डारी । त्यस्तै २०५२ फाल्गुन ६ गते “कवि युद्धप्रसाद स्मृति पुरस्कार” प्राप्त गर्ने पनि यिनै थिए । कलाकार तथा कवि लेखक पनि हुने केही निश्चित कलाकारमा पर्दछन् यिनी । वि.सं. २०११ सालमै परोपकारद्वारा अयोजित राष्ट्रिय प्रदर्शनीमा मकैको गेडावाट वनाएको वुद्ध भगवानको आकृतिचित्र रचनामा दोस्रो भई चाँदीको पदक श्री ५ मुमावडामहारानीबाट प्राप्त गरेका थिए र वि.सं. २०१७ सालमा टुरिष्ट विभागको आयोजनामा पोस्टर प्रतियोगितामा दोस्रो भई नगद पुरस्कार पाएका थिए कुलमानले । २०५० वि.सं.मा पासाङ्ग ल्यहामु शेर्पाको भाव चित्र प्रदर्शनीमा चाँदीको पदक पनि पाए ।

कुलमान सिंह पहिलेदेखिनै विभिन्न कलासम्वन्धी गतिविधिमा सलग्न रहँदै आएका छन् । वि.सं. २०१२–२०१३ मा “नेपाल कला समिति” केन्द्रका सदस्य थिए यी । “नाफा” को साधारण सदस्यको साथै, नेपाल ललितकला एकाडेमी स्थापनार्थ समितिको २०३७ देखि यी सदस्य छन् भने- नेपालको कलाकार समाजको २०४२ सालदेखि सदस्य छन् । यिनी नेपाल वाल साहित्य समाजसँग पनि सम्वन्धित छन् । शिक्षा मन्त्रालयद्वारा गठित ललितकला एकाडेमी “विधान मस्यौदा समिति” का चार सदस्यहरूमध्ये यिनी पनि एक भई विधान तयार पारेका थिए ।

आफू कलाक्षेत्रमा लाग्ने प्रेरणा आफ्नै आँखा वरिपरिको वातावरणवाट पाएको वताउने कुलमान-केटाकेटी देखिनै कला-सृजनातिर झुकिसकेका थिए । यिनको वुवा पनि यिनलाई प्रोत्साहन दिन्थे र रेखा कोर्न सिकाउँदथे । स्वदेशी कलाकारहरूमा आफ्नै श्रद्देय गुरु चन्द्रमान सिंह मास्के र भारतीय कालीचरण वर्मा मन पर्ने कलाकार हुन् भनी वताउछन् यिनी ।

सृजनशील कलाकार कुलमान सिंह भण्डारी कला-सृजनावाट फुर्सद पाएको वेला खेतवारीमा काम गर्छन् अन्न उर्माछन् र वारीमा मलजल गर्छन्, गाई वस्तुलाई स्याहार्छन् । कविता लेख्छन्, अनि गीत पनि लेख्छन् । यिनी कलाकार, लेखक र कलाचिन्तक हुन् ।

देशको कला संरक्षण संवर्द्धन र विकासका लागि देशभक्तिको भावना प्रवल भएको कलाकार हुनु पर्छ त्यस्तै राजनीतिज्ञ पनि देशभक्तियुक्त हुनुपर्छ भन्दछन् यिनी । अर्को महत्वपूर्ण कुरा त “ललित कला एकाडेमी” स्थापना नभई नहुने र यथासक्य चाँडो कला एकाडेमी स्थापना भएमा समस्या आफै

समाधान हुने कुरा पनि उनी पुनः वताउँछन् ।

जुनसुकै आधुनिक विकास र सभ्यताहरू जनताका नजीक र लोकप्रिय छन् । जनतालाई यथेष्ट फाइदा पनि पुऱ्याइ रहेका छन् । तर आधुनिक कला चाहि आधुनिक विकासकै अङ्ग भइकन पनि जनतावाट झन टाढा र सर्वसाधारण जनताको प्रयोजनको लागि किन हुन नसकेको होला ? भन्ने कुरा आफ्नो मनमा लाग्ने गरेको, जस्तो अति गहन विचार कुलमान सिंह गर्छन् । हामी प्रत्येकले यो तथ्य गम्भीर भएर सोच्नु पर्ने विचार उनी राख्दछन् । साँच्चै नै कला केही हदसम्म भए पनि जनपयोगी र जनताको लागि हुनु पर्ने हो । जनतामा देशभक्ति जगाउन, राष्ट्रियता दह्रो वनाउन-जनतालाई सजग, जागरुक, चेतनशील गराउन कला-सृजना हुनुपर्ने होइन र ? उनी प्रति प्रश्न गर्दछन् । कला देश र जनताका हितमा सृजिएर यस्तो गहन विषयको भूमिका निभाउनु सक्षम हुनुपर्छ-पुनः आफ्नो विचार राख्दछन् कुलमान सिंह भण्डारी । उनले यस्तो विचार राख्नु स्वाभाविकै हो । किनकि यिनी स्वाभीमानी र प्रगतिशील कलाकार हुन् ।

प्रगतिशील कला जनपक्ष वा धरातलीय कला हो । शोषित वर्गको आकांक्षा, चाहना, त्यस्तै- कुण्ठा, दर्द आदि परिवेशहरूको प्रत्यक्ष प्रतिनिधित्व भएको हुन्छ प्रगतिशील कलामा । यो जनपक्षीय कला भएकोले सहज, सुलभ र जनप्रिय छन् । यिनी सर्वसाधारणको लागि कला सृजना गर्छन् । प्रगतिशील उत्थानमुखी कलाले मात्र, सत्य र ऐतिहासिक महत्व वोकेको हुन्छ । काल्पनिकताको यस वादमा महत्व र उपादेयता हुँदैन । अमूर्त वा अस्पष्टताको गुन्जयास यिनको कलामा हुँदैन । यी कला सृजना यर्थाथ हुँदै प्रगतिशीलतातर्फ उत्प्रेरित हुन्छन् । समयको आवश्यकता र मागहरू उनको कलामा प्रष्ट झल्केको हुन्छ । यिनको कला सृजना सामाजिक र प्रयोजनमुखी हुन्छ । र सृजनात्मक विशेषता र प्रभावकारी गुण पनि कलामा निहित हुन्छन् ।

प्रगतिशील उत्थानमुखी कला भनेकै तमाम सर्वसाधारण जनताको "जन भावना" र चाहनाको सामुहिक अभिव्यक्ति हो । कला, साहित्यमा प्रगतिशीलताको नाममा दुर्गतिको चित्रण पनि गरेको पाइन्छ । अधोमुखी भावलाई प्रगतिशीलता मान्न सकिंदैन । तर कुलमान सिंहको कलामा त्यस्ता अवगुणहरू पाईदैनन् । संभ्रान्तवर्ग, विशेषको निम्ति त्यसै वर्गको सौख

फेशन, अर्थात् किनवेचको सजावट सामानको रूपमा यिनी कलासृजना गर्दैनन् । त्यस्तै सामन्त र शासकवर्गको गुणगान र प्रशस्ति गाउन र उनीहरूको जीवनगाथासाग सम्वन्धित चित्र यिनी वनाउँदैनन् किनकि यिनी सामाजिक यथार्थवादी र प्रगतिशील स्रस्टा हुन् ।

चुपचाप सहेर, दविएर, चुसिएर शोषिएर वसेका वर्गलाई जाग्रत गराउन, घच्चघच्चाउन, संघर्षको वाटो देखाउन र समाजप्रति उनीहरूको पनि दायित्व बोध गराउन सक्षम छन् कुनमान सिंह भण्डारी । सामाजिक न्याय, प्रतिष्ठा, स्वतन्त्रता आदि विषयहरूलाई लिएर यस्तै प्रकारका भावशैलीमा कला सृजना गर्ने शायद कुलमान सिंह भण्डारी एकमात्र कलाकार हुन कि ?

कुलमानसिंह साधारण छन् प्रष्ट छन्, अझै परिश्रमी छन् । आफ्नो अभिव्यक्तिमा गाउँघरकै विभिन्न रंगका ढुंगाहरूवाट वनेका रंग, विभिन्न रंगका माटो, पात फूलहरूबाट रंगको झोल बनाई त्यसमा गुँद मिसाएर क्यानभासमा चित्र वनाउँछन् । यसरी आधुनिक कलाकारमा यस्तो प्रकारको सामाग्री प्रयोग गर्ने शायद उनी मात्र हुन् । गहिराइयुक्त पारदर्शित र अनुसन्धानमूलक कृतिहरू स्थापित परम्पराको विपरीत उत्पीडित अभिव्यक्तिको संरचना प्रस्तुत गर्छन् कुलमान सिंह भण्डारी । र मनमा उठेका विभिन्न भावनाहरू समेटी विलीन हुन नदिई वेलैमा रचना गरिहाल्छन् यी जे पाइन्छ त्यही सामग्रीवाट । एक साहित्यकार, कवि र गीतकार भइकन पनि उनी एक श्रमजिवी किसान हुन पनि हिचकिचाउँदैनन् । फुसर्दमा कोदालो र कुटो लिएर आफै खेत खन्दछन् । श्रम र सीप दुवै यिनका दुई हात हुन् ।

वि.सं. २००८ ललितपुरमा "आर्दश कला प्रदर्शनी" द्वारा आयोजित कला प्रदर्शनीमा राखिएका आफ्नो पच्चीस वटै चित्र विक्री भई अरु यस्तै चित्र वनाउन माग गरेका र घरमा अरु उस्तै कृति वनाइदिएको घटना आफ्नो जीवनको विर्सिनै नसकिने सुखद घटना भएको वताउँछन् कुलमान सिंह भण्डारी ।

"गाउँको अवस्था" नामक चित्रमा गाउँतिर जाने भू–क्षय, वाढी पहिरो जस्ता विकराल समस्यातर्फ औंल्याउन खोजेका छन् उनले । यो आजको अत्यन्त जल्दोवल्दो समस्या हो । वन विनाशले सारा वातावरणीय सन्तुलन विग्रेको छ । अतिवृष्टि अनावृष्टि, वाढी पहिरोको चपेटामा परेर वर्षेनी लाखौं

जनधनको क्षति भइरहेको छ। यस्तो भीषण डरलाग्दो असन्तुलित वातावरणले त्रसित र चारैतिर विनाशले घेरेको यो समय वहुत भयावह मनस्थिति यो "गाउँघरको अवस्था" चित्रले प्रष्ट पारेको छ। पानीरंग माध्यमले रचना गरेको यस चित्र सन्देश वाहक छ । र चाँडै नै गम्भीर भएर यो विषयमा सोच्न र उपाय पत्ता लगाई वचावटको लागि आह्वान गर्न अत्यन्त सक्षम छ यो चित्र । १८" X २४" को यो चित्र निकै सवल सफल छ र वि.सं. २०२३ सालमा सृजना गरिएको हो यो ।

चिरपरिचित चित्रकार कुलमानसिंह हाम्रा अगुवा चित्रकारहरू मध्ये एक हुन् ।

★ ★ ★



सल्यक्रिया

कुलमान सिंह भण्डारी



वगाह, तैल २२" x २४"



कुलमान सिंह भण्डारी

सृष्टिको पहिलो विहानी, पानी रंग २२" x २४"

कालिदास श्रेष्ठ

चित्रकलाको अध्यापनमा आफ्नो जीवनको लामो अवधि व्यतीत गर्ने केही नेपाली चित्रकारहरूमा कालिदासको स्थान प्रमुख छ । यिनी चित्रकार मात्र नभएर एक कला-अध्यापक र नेपालमा कला शिक्षाको हरेक मोडमा र विकासमा यिनको प्रत्यक्ष संलग्नता रहिआएको छ । २००१ वि.सं. देखि कला शिक्षक, इन्चार्ज, प्रिन्सिपल, क्याम्पस प्रमुख, सल्लाहकार समेत हुँदै सम्पूर्ण जीवननै त्यही ललितकला घरमा बिताएका वयोवृद्ध कलाकार कालिदासको जन्म वि.सं. १९७८ माघ ३ गते काठमाडौंमा भएको हो ।

कालिदास वाल्यकालदेखि नै चित्रप्रति अभिरूचि भएको वताउँदछन् भित्तामा, भूइँमा कागजमा जताततै चित्र कोर्दथे यी । दिदी ज्ञानकुमारीले "तँ कसरी चित्र वनाउँछस् म त सक्दिन" भन्दै भाइलाई चित्र कोर्न प्रोत्साहित गर्दै लगिन् । उनको दाइले पनि वालक कालिदासको चित्रकलातर्फको झुकाव देखेर माष्टर चतुररत्नकहाँ कला-शिक्षाको लागि जिम्मा लगाइदिए । कालिदासको चित्रकलाको अनौपचारिक शिक्षा वा चित्रकार वन्ने मार्ग प्रशस्त पारिदिए। त्यसको केही समयपछि अर्थात् वि.सं. १९९४ मा कालिदास जुद्धकला पाठशालमा भर्ना हुन्छन औपचारिक शिक्षा लिन। वि.स. २००० सालमा कला-कुशल परीक्षा, २००१ सालमा कला प्रवीण परीक्षा र २००८ सालमा म्याट्रिक पास गर कालिदासले त्यसैवीच वि.सं. २०११ सालमा वम्वईमा जे.जे स्कूल अफ आर्टस्मा पेन्टिङ्ग विषयको अध्यनार्थ "कोलम्वो प्लान" अन्तर्गत कालीदास अध्ययन-विदामा पढ्न जान्छन्। जहाँवाट वि.सं. २०१३ मा गभरमेन्ट कलेज अफ आर्टवाट डिप्लोमा लिएर स्वदेश फर्कन्छन् र तुरून्तै कला-शिक्षा तर्फ लाग्दछन् यी ।

शुरूदेखि नै कला-शिक्षक थिए कालिदास। वि.स. २००२ सालमै जुद्धकला पाठशालामा कला शिक्षक भई २०१९ सालसम्म यिनले काम गरे,

२०१९ सालदेखि सोही कला-पाठशालाको इन्चार्ज शिक्षक भई वि.सं. २०२४ सालसम्म कार्य गरे । त्यसपछि "जुद्धकला" पाठशाला २०२४ साल कार्तिक २४ गते "ललित कला महाविद्यालय" मा परिणत भयो । फेरि कालिदास २०२४ देखि २०३० सालसम्म यस "ललित कला महाविद्यालय" को चित्रकला विषयको प्राध्यापक भई कला-शिक्षा प्रदान गरे । वि.सं. २०३० साल श्रावण २ गते उक्त महाविद्यालय "ललित कला क्याम्पसमा" परिणत भयो । र कालिदासलाई क्याम्पस प्रमुख वनाइयो । २०३० वि.सं. देखि २०३६ सालसम्म यिनी क्याम्पस प्रमुख पदमा रही कला-शिक्षाको लागि कार्य गरे । उक्त क्याम्पसमा आई.ए. सम्म मात्र पढाइ हुनेमा वि.सं. २०३३ सालवाट "डिप्लोमा स्तर" सम्मको पढाइ हुन थाल्यो । जसको पठन पाठनको लागि कालिदासका प्रयास र भूमिका पनि सारगर्भित र महत्त्वपूर्ण थियो । कालिदास ललित कला क्याम्पसमा २०३६ देखि ०३८ सम्म उप-प्राध्यापक भई ०३८ देखि ०४१ सम्म र ०४१ र ०४१ देखि ०४४ सम्म आँशिक शिक्षक भए र हाल विशेष सल्लाहकारको रूपमा कार्यरत छन् यिनी । यसरी वि.सं. २००० सालदेखि हालसम्म आधा शताव्दी भन्दा वढी कला-शिक्षक प्रशासकको रूपमा विताइसकेका कालिदास एक अनुभवी शैक्षिक विशेषज्ञ मानिन्छन् ।

आफ्नो जीवनको सुखद् क्षणमा-नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानवाट मानार्थ सदस्यता प्रदान गरेको दिन, जुद्धकला पाठशाला ललित कला महाविद्यालय भएको दिन र ललित कलामा डिप्लोमासम्म पठन पाठन हुन थालेको दिनलाई मान्दछन् कालिदास श्रेष्ठ । त्यस्तै महेन्द्र सरकारवाट सन् १९५५-५६ तिर "स्टेट भिजिट"को सिलसिलामा वम्वई सवारी हुँदा आफूले नेपाली विद्यार्थीहरूको हैसियतले स्वागत गर्न पाएको क्षण पनि सुखद्, अविस्मरणीय क्षण भएको उनी वताउँदछन्। अर्को सुखद् अनुभूतिमा पूनावाट महावलेश्वरको यात्रा, जुन यात्राको चाँजोपाजो जनरल सिंह शम्शेरले मिलाइदिएका थिए । उक्त यात्रा पनि जीवनको अत्यन्तै आनन्द, अविस्मरणीय रहेको वताउँदछन् कालिदास ।

आफ्नो सम्पूर्ण जीवननै कला-शिक्षक, प्रशासक र विद्यार्थीहरूको माझमा विताइएकोले कालिदासको सृजनात्मक जीवनमा समयको अभाव हुनु स्वभाविकै हो । तैपनि हिउँदे र वर्षे विदाको समयमा चाहिं अधिकतम समय, अर्थात् दिनमा १५-१६ घण्टासम्म यिनी कला-सृजना गर्दथे । आफ्नो

सृजनामा दिनु पर्ने समय निकालेर भए पनि जीवनको महत्त्वपूर्ण समय कला शिक्षातिर दिनुपरेकोले सृजनात्मक जीवन केही ओझेलमा परेको मान्नेहरू पनि यहाँ छन् । तर पनि सृजनामा यिनले आफ्नै मौलिक शैली वा "पहिचान" कायम गर्न सकेका छन् । रंग-संयोजनको पनि आफ्नैपन छ । त्यसकारण प्रतिभाको कमी चाहिं महसूस हुँदैन । यिनको सृजनाहरू हेर्दा । यिनी आकृतिप्रधान चित्रहरू वनाउँदछन् । प्रायः व्यक्ति-चित्रहरू पनि वनाएका छन् । जस्तै, सिंह शम्शेर, मोहन, ववर, जुद्ध, आदि शम्शेरहरू श्री ५ त्रिभुवनको मुहारचित्रहरू प्रमुख छन् । त्यस्तै यिनले धार्मिक, सामाजिक चित्रहरू तैल रंगमा र दृश्य चित्रहरू पानी रंगमा वनाएका छन् । यिनका चित्रहरू प्रायः मानव-आकृतिसहित हुने गरेका पाइन्छन् । देवी देवताका चित्रहरू पनि निकै वनाएका छन् । विशेष गरेर तैल-चित्रहरू हेरेर यी कालिदासका चित्रहरू हुन्, भनेर ठम्याउन सकिन्छ । यो यिनको सृजनाका सफल पक्षहरू मध्ये एक हो ।

आफ्ना मन पर्ने कलाकारहरूमा सिद्धिमुनि शाक्य, पलसीकर (इन्डियन) हुन् भन्ने उनी वताउँदछन् । चित्र सृजनामा वातावरण, स्थान र मूडको जरूरत नपर्ने यी कलाकार प्रायः गरेर छुट्टीको समयमा रात दिन सृजना गर्दथे भने-अरू वेला कला-शिक्षा विकास वारेमा सोच्दछन्, चिन्तनमनन् गर्दछन् यी ।

फुर्सदको समयमा भजनमण्डलीमा जान मन पराउने कालिदास संगीतप्रति औधि रूचि राख्दछन् र वेला वजाउने पनि गर्दछन् ।

कालिदासको कला प्रदर्शनीहरूमा-सन् १९५७ को जनवरीमा पहिलो एक व्यक्ति चित्रकला प्रदर्शनी वम्वईमा भएको थियो । त्यस्तै नेपालमा चाहिं वि.सं. १९९६ सालमा उद्योग प्रदर्शनीको आयोजनामा यिनले भाग लिई पुरस्कार र २००० सालमा नेपाल उद्योग प्रदर्शनीमा भाग लिई पुनः पुरस्कार पाएका थिए । त्यस्तै स्क्वायर एक्जुविसनमा पनि भाग लिएका थिए यिनले । नेपाल ललितकला संस्थाद्वारा आयोजित कला प्रदर्शनीहरूमा समेत भाग लिएका थिए कालिदासले ।

सम्मानको हिसावबाट श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको शुभ राज्याभिषेक पदक, स्व. श्री ५ महेन्द्रको शुभ राज्याभिषेक पदक, जान पद सेवा पदक र दीर्घ सेवा पदक पाएका छन्

यिनले ।

यथार्थवादी, चतुर, साहसी छन् कालिदास । यिनको भित्री कुरा कसैले चाल पाउँदैन । आफ्नो कुरा राम्रोसंग राख्न सक्दछन् यी अर्थात् सम्झाउन सक्छन् यिनी । मुख्य कुरा यिनी कहिलै रिसाउँदैनन् धैर्य, निडर र अनुशासित छन् । कला फाँटका एक प्रौढ, पुराना शिक्षक र योग्य प्रशासक हुन् यी ।

भविष्यमा पनि नेपानी कला, कला-शिक्षाको पूर्ण विकासको लागि लगनशील भई क्रियाशील भूमिका निभाउने प्रण गर्दछन् कालिदास ।

★ ★ ★

राज्याभिषेक, तैल ७ x २ फिट



कालिदास श्रेष्ठ

स्वयम्भू, तैल २४" x १७"



कालिदास श्रेष्ठ

मण्डल, पानी रंग १८" x १८"

ठाकुर प्रसाद मैनाली

७ गते, असार, १९९१ साल वि.सं. मा काभ्रे वालटिङ्ग गाउँमा इन्द्रमायाले एउटा छोरा पाइन्। नवजात शिशुको नाम रहन गयो- ठाकुर प्रसाद मैनाली। यिनै वालकले पछि आएर आधुनिक नेपाली मूर्तिकला फाँटमा आफ्नो नाम 'विशिष्ट' स्थानमा दर्ता गराए।

वाल्यकाल र पछिसम्म यिनको सौख वा झुकाव राजनीति, समाज-सेवा, कानून, साहित्य, कविता, खेलकूद आदि थियो। २००७ तिरै 'शारदा' पत्रिकामा यिनको कविता प्रकाशित भएको थियो। वि.सं. २००८ तिरै सिफल, काठमाडौंमा "नव जीवन मार्ग" नामको सामाजिक संस्था खोलेका थिए यिनले। उक्त संस्थाले एउटा पुस्तकालय पनि खोलेको थियो। पुस्तकालयले हस्त लिखित साहित्यिक पत्रिका निकाल्ने गरेको थियो। त्यसै पत्रिकाको लागि यिनी सम्पादकीय लेख्ने र सम्पादन पनि गर्दथे। त्यसै वेलातिर–स्वर्गीय श्री ५ महेन्द्रवाट राजदरवारमा आयोजित, सामाजिक तथा राजनैतिक सम्मेलनमा 'नव जीवन मार्ग' को तर्फवाट साहित्य मन्त्रीको रूपमा भाग लिएका थिए मैनालीले। स्कूले जीवनमा यिनी स्कूल र टोलको फुटवल टिमको क्याप्टेन नै थिए। विद्यार्थी जीवनमा रेखा चित्र चाहिं कोर्दथे अवश्य!

त्यसैताका कोलम्वो प्लान अन्तर्गत भारत सरकारवाट काष्ठकलामा प्राप्त छात्रवृत्तिमा साथीको हठपूर्ण आग्रहले मात्र जाँच दिएका यिनी छनौटमा पर्दछन्। र वरोदामा अध्यनार्थ जान्छन्–सन् १९५५ मा। यसरी संयोगवश मूर्तिकलाको औपचारिक अध्ययन सुरु हुन्छ यिनको। साहित्यतर्फ रुचि भए पनि वरोदा गएपछि त्यहाँको विशाल कला गतिविधि देखेर त्यसैवेला नै आफ्नो सम्पूर्ण जीवन नै कलासृजना र कलाको संस्थागत विकासमा लाग्ने प्रण गरेको उनी बताउँदछन्। वरोदा जानुअघिसम्म जीवनमा आफू एक पेशेवर मूर्तिकार वन्दछु भन्ने कल्पना नै नगरेको, तर वरोदा गएपछि मात्र

जीवनले अर्कै मोड लिएको उनी वताउँछन् ।

मिलनसार, उत्साही र सहयोगको भावनाले गर्दा वरोदामा पनि यिनी लोकप्रिय हुन्छन् । नेपाली छात्रसंघको संस्थापक सदस्य सचिव करीव ६ वर्ष हुन्छन् यी । सन् १९६० मा वम्वईमा भएको अखिल भारत नेपाली छात्रसंघको सम्मेलनवाट उपाध्यक्षमा निर्वाचित भई नेपाली विद्यार्थीहरूको हक हितको लागि समेत कार्य गरेको थिए यिनले । अध्ययन–अवधिमै आफूले पाउने छात्रवृत्तिको पैसा बचाएर इन्डियादेखि सांस्कृतिक टोली ल्याउने, प्रोफेसरहरू ल्याउने, कला प्रदर्शनीहरू गराउने, कार्यशाला गोष्ठी, डेमोशट्रेशन गराउने आदि कार्य गरेर दुई देश वीचको सांस्कृतिक आदान-प्रदान गर्ने र देशमा कला चेतना र विकासको लागि पूर्वाधारहरू तयार गर्ने कार्य गर्दथे यिनी ।

सन् १९६४ मा वरोदाको एम.एस. यूनिभर्सिटीवाट मूर्ति कलामा स्नातक गरी स्वदेश फर्केपछि देशमा कला विकास र संरक्षणको लागि एउटा छुट्टै स्वायत्तता प्राप्त कला निकाय हुनु पर्ने पहिलेदेखिको सपनाअनुसार यिनी त्यसैमा जुट्दछन् । केही समयपछि श्री ५ वीरेन्द्र (तत्कालीन युवराजधिराज) वाट दर्शन–भेट वक्स हुन्छ । उनी कलासंस्थावारे आफ्नो योजना राख्दछन् । मौसुफ सरकारलाई योजना मन पर्छ । करीव २ वर्षपछि २०२२ सालमा मौसुफ सरकारवाट ललित कला संस्था "नाफा"को स्थापना गरिवक्सियो । आफ्नै अध्यक्षतामा एक कार्यसमितिको गठन समेत गरिवक्सी ठाकुर प्रसाद मैनालीलाई सदस्य सचिव वनाइवक्सियो । जुन दिन उनको जीवनको "सुखद क्षण" मध्ये एक थियो । राजाको अध्यक्षतामा खुलेको यो गौरवमय स्वायत्त कला संस्थाको उनी करीव १० वर्षसम्म सदस्य–सचिव भै कला विकास, उत्थान र प्रचार प्रसारसम्वन्धी विभिन्न कार्यहरू गरे ।

वि.सं. २०२२ सालमा ललित कलासंस्थाको स्थापनालगत्तै संगठित रूपमा कलागतिविधिहरू अघि वढेका थिए । जस्तै, नियमित रूपमा राष्ट्रिय स्तरका कला प्रदर्शनीहरूको आयोजना, विदेशी कला प्रदर्शनीहरूमा नेपाली कलाकारहरूको सामूहिक सहभागिता, राष्ट्रिय स्तरका कला पुरस्कारहरूको व्यवस्था, विद्धतवृत्ति, विद्यार्थीहरूलाई छात्रवृत्ति, कलाकारहरूलाई विदेशी कलासामग्रीहरू सहुलियत दरमा उपलब्ध गराइनु, कला पत्रिकाको प्रकाशन, वीरेन्द्र कला संग्रहालयको स्थापना आदि कार्यहरू भएका थिए । कलाक्षेत्रले

संस्थागत रूपमै निकै विकास गरेको थियो ।

ठाकुर प्रसाद मैनाली कलाक्षेत्रको संस्थागत विकासमा वढी जोड दिन्छन् । व्यक्तिगत वा आफूले मात्र केही हासिल गर्दैमा त्यसलाई उपलव्धि मान्न नहुने विचार उनी राख्दछन् । कलाको सम्पूर्ण क्षेत्र नै व्यापक हुनु पर्दछ । धेरै कलाकार जन्माउनु पर्छ, सवैलाई उच्च शिक्षा दिनु पर्छ । कलाको सामूहिक उपलव्धि नै आफ्नो उपलव्धि मान्दछन् यिनी । सामूहिक विकासलाई वढाउँदा यसवाट व्यक्तिगत रूपमा आफूलाई घाटा लाग्ने जस्तो संकुचित विचार उनी राख्दैनन् । यिनीले अरु मूर्तिकार र कलाकारहरूलाई पनि अगाडि वढाउन, काम दिलाउन र प्रतिष्ठापित गराउन आफ्नो तर्फवाट धेरै सहयोग गरेको देखिन्छ ।

नेपालमा आधुनिक उद्यान वा इन्भारमेन्टल मूर्ति स्थापनाको सुरुवात २०२४ वि.स. भृकुटीमण्डप प्रदर्शनीमार्ग, काठमाडौंको वगैंचामा “निर्माण” नामक नेपाली संस्कृतिमूलक मूर्तिवाट हुन्छ । उक्त मूर्तिको मूर्तिकार हुन्- ठाकुर प्रसाद मैनाली । यस “निर्माण” मूर्तिको स्थापना भएपछि आधुनिक मूर्तिको विकासमा नयाँ गोरेटो कोरिएको मानिन्छ । आधुनिक मूर्तिको चर्चा गर्दा यो मूर्तिले विशेष महत्व राख्दछ । यो मूर्तिमा कृषि, स्वास्थ्य, शिक्षा, यातायात, कानून, शान्ति सुरक्षा आदि विषयहरूलाई विभिन्न दश मानव आकृतिहरूद्वारा प्रतिनिधित्व गराइएको छ भने–सिंचाइ, नहर, वाँध, संस्कृति र धर्म, हाम्रो भौगोलिक परिवेश र राष्ट्रियताको प्रतीक देशको झण्डालाई समेत मूर्तिमा समावेश गरी वनाइएको पाइन्छ । यो मूर्ति ३५ फिट अग्लो छ । राष्ट्रको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने क्षेत्रहरूको प्रतिनिधित्व भएको यो “समष्टिगत मूर्ति” देशकै जेठो र अग्लो आधुनिक मूर्ति मान्नु पर्छ ।

मैनालीको अर्को आकर्षक मूर्ति “शक्ति” हो । कुलेखानी जलविद्युत् परियोजना धुर्सिङ्गमा अवस्थित यो मूर्तिमा आधुनिक युगमा भएको विज्ञान र प्रविधि विकासलाई कलामा उपयोग गरी देखाएको पहिलो आधुनिक मूर्ति हो । यो करीव १४ फिट अग्लो छ । सिमेण्ट, मार्वल चिप्स, तामा पित्तल र विभिन्न माध्यहरूद्वारा आधुनिक शैलीमा सृजना गरिएको छ यो । मूर्तिमा तलाउ, उपत्यकाको वाहिरी रूप ज्योर्तिमय कमलाकार आकृति काटिइएको चोभार डाँडाको खाँदवाट पानी झरेको देखाइको छ यसमा । मूर्तिको

वीचभागमा भएको कमलाकार आकृति–शान्ति, समृद्धि र जगपालक भगवान् विष्णुको चक्र शक्तिको प्रतीक हो । मूर्तिको माथिल्लो भागमा रहेको आकृतिले शिवको प्रतिनिधित्व गर्छ । हिन्दू धर्ममा शिवको जटावाट गंगा झरें झैं यहींवाट पानी निक्लेर प्रकाशको उत्पति गर्दै शान्ति, समृद्धि र शक्तिको प्रतीक कमलाकार टरवाइन आकृतिमा झर्दै मानव जीवनको लागि अत्यन्त आवश्यक शक्ति र प्रकाश उपलब्ध गराइरहेको यसले दर्शाउँछ। हिन्दू धर्म र वौद्ध धर्ममा आधारित मान्यताप्राप्त प्रतीकहरूको मूर्तिमा प्रतिनिधित्व भएको छ। पानीको झर्नाले मूर्तिमा जीवन्तता थपेको छ। पानीको प्रवाहले मनै शान्त र आनन्दित हुन्छ ।

यिनको अर्को फिगरेटिभ मूर्ति गौरीशंकर हो, जुन मूर्ति पोखरा दीपेन्द्र सभागृहको प्राङ्गणमा स्थापित छ । यो मूर्तिमा पुरुष र महिलालाई अर्थात आत्मा र परमात्माको मिलनको रूपमा दर्शाई वनाइएको छ । राधाकृष्ण, शिव पार्वती अथवा आधुनिक भाषामा–युगल जोडी भने हुन्छ यसलाई। दुई शरीरको एक रूप, एकात्मकता, स्नेह, प्रेमको भावना मूर्तिमा अभिव्यक्त छ । मूर्ति सिमेण्ट, मार्वल चिप्सको सेतो करीव ९ फिट अग्लो छ । चाँदनी शाहको कविता *"दुईटा मुटु बोल्दछन् त्यहाँ, एउटै आत्मामा – स्वर्ग र धरा बसेछन् त्यहाँ, एउटै आँगनमा"*। मा आधारित उक्त मूर्ति कविताको अनुभूतिलाई जीवन्त रूपान्तरण गर्न सक्षम र सफल छ ।

प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं हाताभित्र अति सुन्दर "प्रहरी स्मारक" एक मूर्ति अवस्थित छ । करीव ९ फिट अग्लो धातुको यस मूर्तिले आधुनिक मूर्तिको क्षेत्रमा एउटा आयाम थपेको छ । यो स्मारक मूर्ति ज्योति, राजदण्ड, हिमाल, पहाड, तराई, नदी मन्दिर, स्तूप, सर्प, खोंच, कन्दरा, गुफा हाम्रो भौगोलिक सांस्कृति विविधताको साथै प्रहरी चिन्हको पनि प्रतिनिधित्व गरी वनाएको–देशकै आधुनिक शैलीमा वनको पहिलो "स्मारक मूर्ति" हो ।

आधुनिक नेपाली उद्यान, मूर्तिकलाले २०२४ सालदेखि लामो कलायात्रा तय गरिसकेको छ। त्यसपछिका वर्षहरूमा देशको विभिन्न भागमा अवस्थित वैंक, वित्तिय संस्था, विद्युत् आयोजना, कृषि फर्म, शिक्षण संस्था, उद्यानहरूमा मैनालीको ३० सौं मूर्तिहरूका उत्कृष्ट श्रृङ्खलाहरू क्रमशः देखा पर्दै गएको पाइन्छ एक पछि अर्को गर्दै । केही निम्न लिखित उल्लेखित छन् ।

१. "निर्माण", ३५ फुट अग्लो भृकुटीमण्डप उद्यान, काठमाडौं (२०२४)

२. “वुद्धि र वलको योग”, १० फुटको लामो, कृषि विकास वैंक रामशाहपथ काठमाडौं (२०३५)

३. “कृषिका कार्यहरू” (भिते मूर्ति) ८ फुट लामो, कृषि विकास वैंक रामशाहपथ काठमाडौं (२०३५)

४. “दूर संचार विकास”, ६ फुट अग्लो, दूरसंचार संस्थान नक्साल, काठमाडौं (२०३६)

५. “कृषि गतिविधि”, (धातु) ५ X ३ फुट–थान कृषि विकास वैंक रामशाहपथ काठमाडौं (भिते मूर्ति २०३६)

६. “शिक्षा”, १२ फुट लामो–शुभ राज्यभिषेक उद्यान किर्तिपुर, काठमाडौं (२०३७)

७. “ज्ञानको ज्योति”, १० फुट अग्लो, दूरसंचार संस्थान ववरमहल, काठमाडौं (२०३७)

८. “विकास”, ६ फुट अग्लो, धानवाली अनुसन्धान केन्द्र परवानीपुर, सिमरा (२०३८)

९. “शक्ति”, १४ फुट अग्लो, कुलेखानी जल विद्युत योजना धोरसिंग (२०३८)

१०. “कृषक”, ८ फुट अग्लो, कृषि सेवा आयोजना केन्द्र काठमाडौं । (२०३९)

११. “कम्प्यूटर मष्तिक”, १० फुट अग्लो, राष्ट्रिय कम्प्यूटर केन्द्र सिंहदरवार, काठमाडौं । (२०३९)

१२. “ज्ञान र विज्ञानको संगम”, २० फुट अग्लो, दीपेन्द्र प्रहरी आवासीय विद्यालय ककनी (२०४२)

१३. “विकासको गति”, ७ फुट अग्लो हेटौडा सिमेण्ट उद्योग हेटौडा (२०४३)

१४. “ज्ञान र सेवाको मन्दिर”, ७ फुट अग्लो, त्रि.वि.वि. शिक्षण अस्पताल महाराजगंज, काठमाडौं । (२०४३)

१५. “प्रकाशको मन्दिर”, ८ फुट अग्लो, कुलेखानी दोश्रो जल विद्युत योजना, भैसे (२०४४)

१६. “संचारको गति”, (धातु) १० फुट अग्लो, दूरसंचार संस्थान अन्तरराष्ट्रिय दूरसंचार भवन त्रिपुरेश्वर, काठमाडौं । (२०४४)

१७. "गौरीशंकर", १० फुट अग्लो, दीपेन्द्र सभागृह पोखरा (२०४५)
१८. "विकास", ९ फुट अग्लो, इन्जिनियिरिङ्ग अध्ययन संस्थान पोखरा । (२०४५)
१९. "दूरसंचार", १२ फुट अग्लो, अन्तरराष्ट्रिय भू-उपग्रह केन्द्र काठमाडौं । (२०४५)
२०. "दूरसंचारको विकास", ९ फुट अग्लो, दूरसंचार संस्थान चावहिल, काठमाडौं (२०४५)
२१. "विद्युत विकास", ९ फुट अग्लो, मर्स्यादी जल विद्युत योजना मर्स्यादी (२०४६)
२२. "शिव शक्ति", ९ फुट अग्लो, ज.चु.का.लि.को लागि काठमाडौं (२०४६)
२३. "ॐ", (धातु) ५ फुट अग्लो, अन्तरराष्ट्रिय सम्मेलन केन्द्र नयाँ वानेश्वर, काठमाडौं (२०५१)
२४. "प्रहरी स्मारक" (धातु) ८ फुट अग्लो प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं (२०५१)
२५. "जीवन मन्दिर" १० फुट अग्लो, वीरेन्द्र सैनिक अस्पताल, छाउनी (२०४६)
२६. "ॐ" ४ फुट अग्लो, बुद्ध गान्धी केन्द्र, लाजिम्पाट ।

यसबाहेक सयौं साना–ठूला विभिन्न माध्यमहरूमा वनेका देश विदेशमा संकलित यिनका अरू मूर्तिहरूको यहाँ उल्लेख छैन मात्र यिनीवाट रचना भएका देशको विभिन्न ठाउँमा स्थापित ठूला मूर्तिहरू मध्ये केहीको मात्र उल्लेख यहाँ गरिएको हो ।

"मूर्ति" निश्चित गहिराइ, आयतन, सुदृढ, धारिलो र गतिशिल रेखाहरूवाट जन्मन्छ । उचित गहिराइ, खोक्रोपन र खंदिलोपन, मूर्तिमा सतह टेक्स्चरको सही प्रयोग आकृतिमूलक र खालि क्षेत्रफलको वाँडफाँड सशक्त र विशिष्ट भएमा नै मूर्ति उच्च कोटिको वन्दछ । जुन विशेषता ठाकुर प्रसाद मैनालीको मूर्तिमा देखिन्छ । यिनको मूर्ति सृजनामा निजीपन भन्नु नै, नेपाली विषयवस्तुलाई सरल, सहज रूपमा अर्ध–अमूर्त र अमूर्त शैलीद्वारा अभिव्यक्त गर्नु हो । अर्थात मानवजातिसँग सम्वन्धित माया, स्नेह अन्तरज्ञान, विवेक, विकास आदि विषय हुन् यिनको । अहिलेसम्म एउटा पनि लडाई, विध्वंश तथा नराम्रा रूप र अवस्थाका मूर्तिहरू वनाएका छैनन् ।

सौन्दर्योपासक कलाकार हुन् ठाकुर प्रसाद मैनाली, भन्दा अतिशयोक्ति नहोला ।

आधुनिक मूर्तिकला स्थापनाको सुरुवात, विकास र गतिदिने क्रममा निरन्तरता दिनु, कलाको संस्थागत विकासमा संघर्षरत रहनु, समाज सेवामा क्रियाशील भइरहनु र हरदम क्रियाशील रहनु ठाकुर प्रसाद मैनालीको मौलिक गुण हो । आधुनिक नेपाली मूर्तिकारहरूमा अग्रज मैनालीले श्री ५ वीरेन्द्र शुभराज्यभिषेक पदक, श्री वीरेन्द्र स्वर्णकला पदक, गोरखा दक्षिण वाहु तेस्रो, गुजरात राज्यकला एकादमीद्वारा आयोजित कला प्रदर्शनीमा मूर्तिकलामा द्वितीय पुरस्कार, वरोदा विश्वविद्यालय फ्याकल्टी अफ फाइन आर्टस्द्वारा आयोजित कला प्रदर्शनीमा हरिवदन मेमोरियल पुरस्कार, नेपाल ललितकला संस्थाद्वारा आयोजित प्रथम अन्तराष्ट्रिय कला प्रदर्शनीमा मूर्तिमा 'श्रेष्ठ' पुरस्कार प्राप्त गरिसकेका छन् । ललितकला संस्थाको सदस्य–सचिव करीव १० वर्ष, श्री ५ वीरेन्द्रद्वारा मनोनीत अध्यक्ष नेपाल वाल संगठन- उपाध्यक्ष, सदस्य-सचिव वाल संगठन, सदस्य–वालकल्याण समन्वय समिति, कार्यकारिणी सदस्य–वश्व हिन्दू संगठन, सदस्य–संचालक समिति शाही नेपाल चलचित्र संस्थान, अध्यक्ष–संचालक समिति हिमालय विद्या मन्दिर। २०३४ सालमा दुई वर्षलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानवाट धातुकला र काष्ठकला सम्वन्धी शोधकार्य गर्न विद्वद्वृत्ति प्राप्त गरेका थिए यिनले । फ्रान्सको पेरिस स्थित अन्तरराष्ट्रिय कला संस्थाको लागि युनेस्को राष्ट्रिय आयोगको राष्ट्रिय समितिमा वाह्र वर्षसम्म सचिव भई कार्य गरेका थिए यिनले । २०२८–०३९ सम्म "कला" पत्रिकाको – सम्पादन, आदि विभिन्न पदमा रही विभिन्न कार्य गरिसकेका छन् मैनालीले । त्यस्तै मूर्तिकलाको विशेष सल्लाहकार त्रि.वि.वि., सदस्य–विषय समिति ललितकला क्याम्पस, अध्यक्ष–ललितकला एकेडेमी स्थापनार्थ समिति, सल्लाहकार–नेपाल कलाकार समाज, त्यसै गरी सह–अध्यक्ष–श्री ५ वीरेन्द्र गद्दी आरोहण समिति २०५३, उपाध्यक्ष–श्री ५ वीरेन्द्र स्वर्ण शुभ-जन्मोत्सव समारोह समिति २०५२ । अध्यक्ष–महिला तथा वाल विकास सेवा केन्द्र (सामाजिक संस्था) अध्यक्ष–नेपाल कल्चरल एकेडमी (सामाजिक संस्था) आदि विभिन्न क्षेत्र र पदमा रही कार्य गर्दै र गरिसकेका छन् यिनले । नेपालको ११ अंचलको अधिकांश जिल्लाहरू र विदेशमा–भारत, वेलायत, अमेरिका, जापान, क्यानाडा, थाइलैण्ड, हङ्कङ्ग आदि देशहरूमा कलागोष्ठी

सेमिनार, कलाप्रदर्शनी र सामाजिक सेवाको सिलसिलामा भ्रमण गरिसकेका छन् मैनालीले ।

एक मूर्तिकार मान्छे राजनीतिक, धार्मिक प्रशासनिक, सामाजिक आदि विविध क्षेत्रसंग संलग्न हुनु यिनमा निहित वहुमुखी व्यक्तित्वको कारणले नै सम्भव भएको हो ।

वरिष्ठ र अग्रज आधुनिक मूर्तिकार ठाकुर प्रसाद मैनालीलाई भृकुटीमण्डप उद्यानमा निर्मित "निर्माण" नामको मूर्ति वढी मनपर्ने कृति वताइन्छ । उनी "कलाकारहरूले सृजना गर्नमा मात्र सीमित रहे हुन्छ कि आफ्नो कला क्षेत्रको समष्टिगत विकास गर्नमा पनि योगदान पुऱ्याउनु पर्छ" भन्ने कुराले सधै पिरोलिएको वताउँदछन् । उनको दृष्टिकोणमा–एउटा कलाकारले सम्पूर्ण नेपाली कला र कलाकारको संस्थागत विकासमा योगदान पुऱ्याउन पर्छ । यो एक कलाकारको कर्तव्य पनि हो । त्यसकारण सृजनशील कलाकार भएर पनि सम्पूर्ण कला जगतलाई अगाडि वढाउन ठूलो योगदान दिने स्व. चन्द्रमान मास्के र स्व. रामानन्द जोशी उनलाई सारै मन पर्ने कलाकार हुन् । सृजनशीलताको आधारमा चाहिं उनलाई नेपाली कलाकारहरू धेरै जना मनपर्ने र विदेशी कलाकारहरूमा हेनरीमुर, व्रान्कुसी र जेकोमिति मन पर्ने् उनी वताउँदछन् । सृजनात्मक जीवनको वाटोमा आफ्नी श्रीमती इन्दिरा मैनालीवाट अत्यन्त उत्साहवर्द्धक सहयोग निरन्तर पाइरहेकोले आफू मूर्तिकलामा सफल भएको उनी वताउँदछन् । सृजनामा श्रीमतीको भावनात्मक सहयोग र समाजसेवामा आफ्नो वावु स्व. रामप्रसाद मैनालीको प्रेरणा रहेको, पनि वताउँछन् यिनी ।

उच्च स्तरीय कला शिक्षण संस्था, विभिन्न अंचलमा कला संग्रहालय, अरू क्याम्पस र स्कूलमा इच्छाधीन विषयको रूपमा कलाशिक्षा पनि लिन पाउने व्यवस्था र कला प्रतिष्ठानको स्थापनावाट मात्रै कलाक्षेत्रले विकास गर्न संरक्षण र प्रोत्साहन पाउन सक्छ, मैनाली यसरी आफ्नो धारणा पोख्दछन् ।

"प्राज्ञ" र आधुनिक मूर्तिकार ठाकुर प्रसाद मैनालीका वारेमा विभिन्न व्यक्तिहरूका अभिव्याक्तिहरू :

"आजका प्रमुख आधुनिक मूर्तिकारको रूपमा चिनिने मैनालीजीका मूर्तिहरू पनि अर्ध अमूर्त नै छन् । त्यति मात्र होइन उनका सवै जसो मूर्तिहरू

सामाजिक परिवेशभित्रका हुन्छन्। नेपाली मूर्तिकलाको इतिहासमा आधुनिक मूर्तिकलाको सुरुवातमा उनको महत्वपूर्ण भूमिका छ, भन्दा अत्युक्ति नहोला"।

पुस्तक–तुलिकाधात (२०५२)

"पश्चिमी राष्ट्रहरूमा पर्याप्त रूपमा प्रचलित यस्ता मूर्तिहरू नेपालमा भित्र्याएर मूर्तिकलाको इतिहासमा नविन परम्पराको थालनी गर्ने प्रथम कलाकार हुनुहुन्छ ठाकुर प्रसाद मैनाली। यस्ता शैलीका केवल प्रथम कलाकार (मूर्तिकार) को श्रेय मात्र होइन आधुनिक शैलीमा मूर्तिकलालाई समेत ज्यादै महत्वपूर्ण योगदान गर्ने ठाकुर प्रसाद मैनाली मूर्तिकलामा सक्रियरुपले लागिरहनु भएको छ। यसरी आधुनिक शैलीमा मूर्तिहरू राख्ने प्रचलन वहाँबाटै सुरु भयो"।

जनमञ्च– फाल्गुण १२, २०४७

"नेपाली कला क्षेत्रको मूर्तिकलामा श्री मैनालीको नामले छुट्टै स्थान लिन सकेको छ"

गोरखापत्र–२०४४ मंसिर १२

"मैनाली–कला र समाजसेवामा उत्तिकै चर्चित नाम हो। यो नाम नै कला र सेवाको स्वयं एउटा काम हो। देशमा कलाको विकासमा यो व्यक्तित्व समर्पित छ। मूर्तिकलाको क्षेत्रमा देशलाई सम्वृद्ध वनाउने कार्यमा मैनाली सक्रिय छन्। त्यति नै उत्साहित छन्। ३० औं वर्षदेखि संलग्न पनि छन्। यी मैनाली नेपालका ख्यातिप्राप्त कलाकार हुन्"

समाजका केही चिन्तक–२०४७ भदौ

"ठाकुर प्रसाद मैनाली देशका अग्रज मूर्तिकार हुन्।"

सन्डे डिस्प्याच– मे.२०, सन् १९९०

"वहाँ जस्ता इमान्दार तथा प्रतिभाशाली व्यक्तित्वको यस मुलुकमा अतिनै खाँचो छ, सधैं आवश्यक छ"।

केही चर्चित अनुहारहरू (२०४२)

"कलाकार मैनाली कसैवाट अपरिचित छैनन्। मूर्तिकार मैनाली सृजनाका भण्डार, योग्य प्रशासक हुनुका साथै एक स्नेही मानव पनि हुन।

मूर्तिकार मैनालीका कृतिहरूको अध्ययन गर्दा कुन कुरा छर्लङ्गिन्छ भने आनन्द प्रदान गर्नु उनको प्रमुख उद्देश्य हो । उनका विभिन्न कृतिहरूमा कसैलाई भयभीत तुल्याउने अथवा विरोधाभास देखाउने कुनै कुरा छैनन् । कसैले के सम्म भन्न सक्छ भने- यो विद्रोहको युगमा वस्ने मैनालीको ठूलो सफलता मध्येको एक हो । उनी विवादास्पद छैनन् । उनका प्रायः सवैजसो कृतिहरूले सौन्दर्य र आनन्दको सन्देश दिने प्रयास गर्छन् । पहिलेका र हालका उनका उपलव्धिहरूलाई हेर्ने हो भने–उनी अझ वढी प्रयोग गर्दै जाने छन् । नेपालको मूर्तिकला–जगत्‌मा वढी कीर्ति स्थापित गर्दै जाने छन् । एउटा कुरो निर्विवाद छ । मैनाली कहिल्यै पनि स्थीर र अनिर्णित छैनन् । मूर्तिकार मैनाली मानवताभित्र रहेको सौन्दर्यलाई सचेत भएर खोजिरहेका छन् ।"

क्रेग ऱ्याण्डोल्फ, अमेरिकी समालोचक

स्वतन्त्र विश्व–सन् १९७१

"मिलनसार स्वभाव र जनसम्पर्कको व्यापकताले गर्दा मैनाली अहिले एक व्यस्त कलाकार नै देखिएका छन् । मूर्तिकलाको व्यवसायिक खपत र विकासकै आधुनिक कथामा उनको भूमिका दिन दिनै वढ्ने विश्वास जन्मदै छ पनि ।"

स्वतन्त्र विश्व–सन् १९७८

"नेपालका एक अग्रज मूर्तिकार ठाकुर प्रसाद मैनालीको मूर्तिकला सृजनाको मुख्य विषय "नेपालीपन" र नेपाली दर्शनमा आधारित छ ।"

डा. मुरिआन इन्ना,

"रचना" कला पत्रिकाबाट १९७६–रूस

विभिन लेखक, कला समीक्षकहरूका भनाइ र उनका कृतिहरू तथा व्यक्तित्वको मूल्याङ्कनको आधारलाई दृष्टिगत गर्दा "प्राज्ञ" ठाकुर प्रसाद मैनाली आधुनिक नेपाली मूर्तिकलाको प्रभावशाली व्यक्तित्व हुन् भने परिश्रमी, दृढ निश्चिता, स्पष्ट वक्ता सफल तार्किकता उनको विशेषता हो । राष्ट्र–प्रेम, राजसंस्था, नेपाल र नेपालीपन उनको आदर्श हो । यी कला सृजनाका मुख्य विषयहरू पनि हुन् यीनका ।

★★★



ठाकुर प्रसाद मैनाली

निर्माण, ३५ फिट, सिमेन्ट कास्टिङ्ग



ज्योति, ३ फिट, ढलोट



ठाकुर प्रसाद मैनाली

कम्प्यूटर ब्रेन, ९ फिट, मार्वल चिप्स सिमेन्ट

उत्तम नेपाली

चित्रदक्ष वन्न सन् १९३७ मा काठमाडौं किलागलमा- आमा रत्नदेवीको कोखबाट जन्मे वालक उत्तम नेपाली । भविष्यमा चित्रकार वन्नु थियो उनलाई । सानै देखि समात्न पुगे कागज र कलम, अनि अलि पछि कूची र रंग । परिवारहरू थिए विरोधी-शायद डा. इन्जिनियर वनाउन चाहन्थे ती । तर उनको संघर्ष जारी रहन्छ । आमाको न्यानो प्रेरणादायी सहयोगले हौसला थप्यो र अन्तमा एकदिन उनी प्रतिष्ठापित चित्रकार वनेरै छाडे । यिनीलाई औपचारिक कला डिप्लोमा दिने लखनउको "गभरमेन्ट कलेज अफ आर्ट एण्ड क्राफ्ट" हो । र वर्ष थियो-सन् १९५९ । त्यसपछि आरम्भ हुन्छ एक व्यवसायिक चित्रकारको सृजनात्मक जीवन । २०१८ सालमा उत्तम नेपालीको पहिलो एकल चित्रकला प्रदर्शनी हुन्छ - "नृत्यमय गणेश" । उक्त गणेश सिरिजले उत्तम नेपालीलाई निकै माथि उठायो । गणेशको पहिलो प्रदर्शनी साँच्चिनै सुखद सृजनात्मक जीवनको सफल आरम्भ थियो । सफलताको प्रतीक गणेशलाई उनले शायद त्यसैले पहिलो प्रदर्शनीको लागि रोजे । हालसम्म पनि धेरैको मानसपटमा रहेको छ उनको चित्रका नृत्यमय गणेश । गणेश अनि उत्तम नेपाली वार वार चर्चाको विषय वनिरहन्छन् । पछि फेरि उनीले उही २०१८ सालमा वनाएको नृत्यमय गणेशको चित्र वनाए । पहिला वनाएको उक्त गणेशको सृजनात्मक पक्ष, सीप अनि धैर्य अहिले वनाउँदासँग तुलना गर्न । कलाकारपूर्ण सन्तुष्ट छन्-उ वेलाको गणेशको शैली, सीप र जाँगर कायमै रहेको पाउँदा । लामो अन्तरालपछि त्यस्तो ठूलो अलंकारपूर्ण नृत्यमय गणेश वनाउंदा केही वढी थकावट चाहिं महसूश भएको, तर स्तर चाहिं कायमै रहेको उनी वनाउँदछन् । २०२३ सालदेखिनै आधुनिक चित्रकारको रूपमै सार्वजनिक भैसकेका उत्तम नेपाली आकृतिप्रधान, अर्ध अमूर्त र मूर्त तीनै शैलीमा काम गर्दछन् । उक्त सवै प्रकारका र सवै समयका सृजनाहरू उर्वर छन् ।

प्रारम्भिक समयमा हुलाक विभाग र त्यसपछि सूचना विभागमा

कलाकारको हैसियतले केही समय जागिर खाएतापनि उत्तम नेपालीलाई उच्चतम कलात्मक जीवन विताउने स्वतन्त्र सृष्टाकै रूपमा हेर्नु पर्दछ। कला सृजना र त्यसकै आम्दानीको भरमा बाँचेका केही निश्चित कलाकारहरू मध्ये पर्दछन् उत्तम नेपाली। कलाकार भएर कलामै बाँच्न कति गाह्रो छ। अझ त्यसमाथि प्रतिष्ठापित कलाकार हुन झन् अति कठिन छ। यसको लागि धेरै कुरा गुमाउनु पर्दछ भन्नेमा उनी सहमत छन्। जीवनका सम्पूर्ण समय संघर्ष, त्याग र सृजनात्मक निरन्तरतामा व्यतित गर्दैमा जो कोही प्रतिष्ठापित कलाकार हुन सक्दैनन्। यस्तो परिप्रेक्षमा प्रतिष्ठापित कलाकार हुनु जीवनको धेरैठूलो उच्च उपलब्धि मान्नु पर्दछ।

कलाकार उत्तम नेपालीको चित्रमा अदृश्य भित्र दृश्य, अमूर्त भित्र मूर्तता लुकेको हुन्छ। आकृतिलाई प्रतीकात्मक रूपमा लिइएको विम्वहरू, जुन विम्वहरू र आकारहरूले चित्रमा अर्कै भावनाको प्रादूर्भाव गराउँदछन्। अर्थात एउटा तेस्रो भावनाको उत्पत्ति त्यहाँ गराउँदछन् उनी। चित्रका लयात्मक तरंगहरू, त्यस्तै भावनामूलक अमूर्त आकृतिहरूको प्रस्तुति सन्तुलित छन्। रंग संयोजन र आकृतिहरूको सन्तुलित व्यवस्थापन नै उत्तम नेपालीको खूवी हो। आकृति भित्रका रंग र रेखाहरू यिनको आदेश मान्छन्। मधुर रंग सम्मिश्रण र रंग सन्तुलन, अनि स्वाभाविक सरस अभिव्यक्ति नै उनको चित्रको आकर्षण तत्व हो, र कृतिको मिठास पनि। समष्टिमा उनी एक सौन्दर्योपासक सृजक हुन्।

कलाकार-जमातमा आफ्नै छुट्टै व्यक्तित्व निर्माण गर्न सफल उत्तम नेपालीका प्रत्येक चित्रहरू गतिमय, कलात्मक पुनरावृत्त छालहरूझैं लाग्दछन्। कला-संरचनामा यस मिठासपूर्ण सन्तुलनको प्रत्येक कृतिको सौन्दर्योद्घाटन गर्छन्। अर्थात् प्रत्येक सार्थक अभिव्यक्ति कृतिभित्र दर्शक डुवुल्की लगाउन सक्छन् अनि गहिरिएर सोच्न वाध्य हुन्छन्। चित्रभित्रका स्थिति परिवेश, परिस्थिति खोज्न, आकृति भेट्टाउन तरंगित हुनसक्छन् ती जव प्रतिविम्वित आकृतिहरूको गुह्य पछि विस्तारै छाँयाभित्रवाट आकृतिहरू स्पष्टिन थाल्दछन्, तव दर्शक झन् कौतुहलपूर्वक उनको कृतिमा मग्न भएर सौन्दर्यपान गर्दछन्। उनका चित्र भारी हुँदैनन्। सरल सौम्य हुन्छन्। कृत्रिमता त्यहाँ हुँदैन, वढी काम पनि छैन। त्यसकारण मात्र मिठो फल हो उनको कृति। विविध पद्धत्ति प्रभाव र शैलीमा चित्र सृजना गर्ने उत्तम नेपाली

आफ्ना सृजनाका धारलाई मोडिरहन्छन् । कहिले गणेश भक्त हुन्छन् कहिले मुहार चित्र कोर्छन् त कहिले रोमान्टिक शैलीमा नारीप्रधान चित्र बनाउँदछन् त कहिले तान्त्रिक चित्रहरू बनाउँदछन् त कहिले अरू केही । कला सृजनामा आवश्यक वातावरण र स्थानको निकै आवश्यकता हुने, तर मूडमा भने त्यति विश्वास गर्दैनन् उत्तम नेपाली । रेम्ब्रान्टलाई आफ्नो मन पर्ने आदर्श कलाकार मान्ने उत्तम नेपाली, कला-सृजनामा दिन, घण्टा र मिनेटको प्रश्न नउठ्ने, तर निरन्तरता चाहिं आवश्यक तत्व भएको बताउँदछन् । सक्रियता र इमान्दारीता नै कुनै पनि विधाको विकासको मुख्य आधार हो कुनै पनि राष्ट्रको कला, संस्कृति र कौशलको विकासको लागि कला प्रतिष्ठान, संघ संस्था र समूहहरूको स्थापना हुनु पर्दछ-उनी भन्दछन् ।

दर्जनौं पटक एकव्यक्ति कला-प्रदर्शनी देशमा त्यस्तै जापान, रूस, अष्ट्रेलिया, कोरिया, इण्डिया, बंगलादेशमा अन्तराष्ट्रिय कला-प्रदर्शनीहरूमा समेत भाग लिइसकेका प्राज्ञ उत्तम नेपाली लामो सृजनात्मक हिंडाईको प्राप्ति हुन् । कला सृजनालाई नै आफ्नो कर्म सम्झने उत्तम नेपाली स्थापित कलाव्यक्तित्वमा गणना भैसकेका छन् । स्वस्थ सृजनात्मक निरन्तरताले नै उत्तम नेपालीलाई हाम्रो कला-जगत्मा प्रतिष्ठापित कलाकारको रूपमा उभ्याएको देखिन्छ । कविता, अझै भजन लेखन र संगीत साथै हस्तरेखामा यिनको सौख छ । गफगाफ, रमाइलो भेटघाट यिनको आदत छेडछाड् हाँस ठट्टा यिनको लत । चाँडै घुल्न मिल्न सक्ने उत्तमको क्षमता, बुझाउन र संगठन गर्न सक्ने यिनको गुण । कला साधनामा यिनी निरन्तर लाग्दछन् । अर्थात यिनी एक सफल कलायात्री ।

"प्राज्ञ" उत्तम नेपाली अमूर्त चिन्तनका गहिरा रचनात्मक सृजनाहरूका लहरहरू लिएर हरदम अघि बढीरहेका छन्-सृजनात्मक क्षितिजको अनन्ततिर ।

★★★

मिक्स मिडिया, ए ज्याय, १११ X ८२ सि.एम.



उत्तम नेपाली

मिक्स मिडिया, एन एक्सप्रेशन अफ नेचर, १०१" X १५५"



उत्तम नेपाली

एन एक्सपेरिमेन्ट, मिक्स मिडिया ७६ x १०८ सि.एम.

मनुजबाबु मिश्र

मनुजवावुका चित्रहरू शान्त प्रवृतिका छैनन् । प्रत्येक चित्रहरूमा एउटा विभत्स अथवा भयानकता लुकेको हुन्छ । स्वाभाविक नम्र, सुन्दरभन्दा यिनी असाधारण, कल्पनातीत, रहस्यमय, अनौठो, अज्ञात आदि विषयहरूमा चित्र वनाउन रूचाउँदछन् । हाम्रा वैदिक मान्यताहरू चिरपरिचित शाश्वत घटनाहरू, धार्मिक विषयहरू र शैलीहरूलाई मनुजवावुले नयाँ अप्रत्यासिक र कुटील अर्थयुक्त तरिकाले प्रस्तुत गरेका हुन्छन् । प्रलयकारी व्रम्हाण्डीय परिवेशहरू त्रासपूर्ण वातावरण र परिस्थितिहरू, दमन, संघर्ष आदि मनुजवावुको लामो समयदेखिको आकर्षित विषय हो । यस्ता आक्रमक शैलीमा वनाइएका उनका हरेक हुरी, वतास आँधी तूफानयुक्त चित्रहरूले दर्शकलाई स्वव्ध वनाउँदछ । कतिपय दर्शकलाई भयभीत र त्रसित पनि वनाउँदछ । विभत्स, षडयन्त्रपूर्ण कलाकृतिले दर्शकलाई के सन्देश दिन्छ त ? मनुजवावुको यस्तो कलाकृति हेर्दा उनी सांसारिक संरचनालाई घृणा गर्ने व्यक्ति पो हुन् कि जस्तो लाग्न सक्छ । तर यिनी कदापि यस्ता छैनन् । यिनी हँसिला फरासिला दयालु छन् । पाहुनाहरूलाई ईश्वर मान्दछन् । मिठो वोली-वचनको त यिनी खानी नै हुन् । सहयोगात्मक भावनाले परिपूर्ण छन् यी । सहिष्णुताले ओतप्रोत छन् । प्रत्येक सुन्दर वस्तु र विभिन्न चीज-वीजहरू संकलन गर्दछन् । प्रशंसा गर्दछन् । फूलवारीमा प्रत्येक दिन समय दिन्छन् । संगीत सुन्ने सोख पालेका मनुजवावु चराचुरूंगीको चिरविर पनि निकै मन पराउँदछन् । अनि विभिन्न जातका चराहरू पाल्दछन् । अर्थात् यिनी सच्चा प्रकृति प्रेमी हुन् ।

तव यस्तो भिन्न प्रकारको कलाकृति किन त ? प्रकृतिजन्य कलाकृति पो सिर्जना हुनुपर्ने उनीवाट । तर उनी सुधारक वन्न चाहे, अनि प्रगतिशील वने । मनुजवावुको प्रत्येक चित्रहरू समाजप्रतिको व्यङ्गात्मक संकेत हो । उनका कृतिहरू मानव-जातिको दयनीय र दुर्भाग्य स्थितिवारे सचेत गराउने

आवाजहरू हुन् । हरेक सामान्य प्राकृतिक कुराहरू, मौलिक भावनाहरू, स्वच्छ विचारहरूलाई निर्ममतापूर्वक ध्वस्त पारिन्छ । कहीं धर्मको नाममा कहीं सिद्धान्तको नाममा । दिनहुँ घटिरहेको विध्वंश, अपराध, हत्या, युद्ध, विनास आदिको चित्रण हो, र व्यङ्ग्यको शास्वत प्रहार पनि हो मनुजवावुको कलाकृति । हाम्रो सांस्कृतिक, धार्मिक, क्षेत्रमा हुन लागिरहेको सस्ता संस्कृतिहरूको प्रवेशको विरोध हो । हाम्रो प्राकृतिक सौन्दर्य, मौलिकता आदि नष्ट हुँदै गइरहेको स्थितिवारे सूचना हो । प्रदूषणले भरिन थालेको वातावरण, रसातलतर्फ खस्किँदै गएका हाम्रो आस्थाहरू मूल्य मान्यताहरूको सजीव चित्रण हो । यसैले वर्तमान वास्तविक परिस्थिति र अवस्थाहरूको-वोध गराउन सक्षम छन् मनुजवावुको क्यान्भास- भन्न सकिन्छ ।

मनुजवावु हाम्रो कला-समाजको एक चिरपरिचित राष्ट्रिय नाम हो, र उक्त नामको न्वारन सन् १९३३ मा भएको थियो । प्राज्ञ मनुजवावु राम्रा कला समालोचक पनि हुन् । कला सिर्जना र लेखन दुवै विधालाई सँगसँगै सफलताका साथ लिएर हिंड्ने उनी एक मात्र कलासाधक हुन् । खडेरी परेको कला साहित्यमा निकै गरेका छन् ।

कला र कला इतिहास सम्वन्धित विभिन्न पुस्तकहरू लेखेका छन् उनले । विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कला सम्वन्धी फुटकर लेखहरू त सैयौं छन् । गोरखा दक्षिणवाहु र अन्य विभिन्न कलापदक र कला पुरस्कारवाट विभूषित मनुजवावुले ललितकला क्याम्पसमा पनि निकै वर्ष अध्यापन गरेका थिए । हालसम्म पनि विद्यार्थीहरू उनको अध्यापनको चर्चा गर्दछन् । अर्थात् यिनी एक सफल गुरू पनि हुन् । त्यस्तै जनक शिक्षा सामग्रीमा पनि १० वर्ष विताए । आफ्नै निवास वौद्ध महांकालमा "हेर्मिटाज आर्ट ग्यालरी" को स्थापना गरेर कला र शिक्षा प्रचारमा उनी एकैसाथ लागेका छन् । देश विदेशमा एकल र सामूहिक कला-प्रदार्शनी धरै पटक गरिसकेका छन् । यूरोपका विभिन्न मुलुकहरूमा एक व्यक्ति कला-प्रदर्शनीको नियमित प्रदर्शनीहरू गर्दै आएका छन् । यसै सिलसिलामा जर्मन, अष्ट्रीया, रूस, निदरल्याण्ड, डेनमार्क, ग्रिस, जापान, वगंलादेश, पाकिस्तान, अफगानिस्थान, इन्डिया, फिलिपिन्स आदि देशहरूको भ्रमण गरिसकेका छन् । यिनले कला प्रतिको झुकाव वा प्रेरणाको स्रोत आफ्नो पिताजीवाट पाएका मनुजवावु कला सिर्जनामा मूडी छन् । मूड छ भने रात र दिनलाई एकै पारिदिन्छन् । मूड छैन भने हप्तौं स्टुडियो भित्र

छिर्दैनन् । तर सिर्जनामा मुख्य शान्तिको आवश्यकता पर्ने कुरा उनी वताउँछन् । सिर्जनामा व्यस्त नहुँदा अरू कुनै कार्य भने गरिरहेका हुन्छन् । संगीत सुन्नु, फूलवारीमा टहल्नु लेखहरू लेख्नु किताव पढनु आदि यी गर्दछन् ।

सन् १९६८ मा ढाकावाट कला-स्नातक मनुजवावु शुरूका दिनहरूमा आमा वच्चा सम्वन्धी अति उत्कृष्ट मातृत्वप्रधान चित्रहरू वनाउँदथे । कलात्मक प्रस्तुति शैली, रङ्ग संयोजन आयामिकता र सौन्दर्यपूर्णताले हालसम्म पनि कलादर्शक र कलाकारहरू मनुजवावुको त्यस समयको कलाकृति सम्झन्छन्, राम्रो मान्दछन् । त्यसपछि मानव जीवनको गरिवी, दु:ख कष्टका क्षणहरूलाई सजीवरूपमा उतारेर सामाजिक विषय रोजे यिनले । त्यो समयलाई पनि राम्रो सिर्जनात्मक समय मान्दछन् । मनुजवावु वस्तुचित्र र मुहारचित्रमा पनि विशेष दख्खल राख्दछन् र मुहारचित्र त सार्वधिक रूचिको विषय हो उनको । धेरैलाई मन पर्छ उक्त शैलीमा वनेका उनका पुराना चित्रहरू । गोरखा दक्षिणवाहुवाट विभूषित मनुजवावु मुद्रणकला र पानी रंङ्ग विधामा पनि दक्ष छन् । हालका चित्रहरू सन्देशवाहक भैकन पनि प्रकृतिवाट धेरै टाढा, धर्म र विज्ञानको असमान्जस्यता विध्वंसात्मक अन्तर-विरोध शैलीको भएकोले-कलादर्शक कमै सन्तुष्ट भएको पाइयो । यसको मतलव उनको यस्ता प्रकृतिका कलाकृति हेर्ने दृष्टिकोण यहाँका कलादर्शकले नवनाइसकेकाले नै हुनुपर्छ ।

स्वदेशी कलाकारमा शशी विक्रम शाहलाई उल्लेखनीय प्रतिभावान् मानेका छन् र विदेशी कलाकारहरू समय र परिस्थिति अनुसार वेग्ला-वेग्लै मन पर्ने उनी वताउँछन् । कला विकासको लागि प्रत्यक्ष रूपले सरकारी-स्तरको राष्ट्रियकला-संस्था स्थापना हुन आवश्यकता छ उनी भन्दछन् । मनुजवावु आफ्ना चित्रकार वन्धुहरूभन्दा सात्यिकारहरूको नजिक छन् । हाल स्वनिर्वासित जस्तै एकान्त जीवन विताइरहेका छन् । छुटै घरैभित्र, अनि अध्ययन र कल्पनामा हराउँदछन् वाहिर निस्कदैन् । एकान्तप्रिय भएका छन् । विगत केही वर्ष देखि यिनी !

मनुजवावु थाक्दैनन्, गल्दैनन् वगिरहन्छन्, निरन्तर । छिटा छन्, फूर्तिला छन् । अरू फरासिला र जांगरिला छन् । संघर्षशील यिनी फटाफट हिंड्छन् । मानौ दौडिन्छन् मात्र अगाडि सृजनाको मैदानमा किनीक सन्तुष्टि नै प्रगतिको अन्त हो- उनी भन्दछन् ।



मनुजबाबु मिश्र

महेश्वर, तैल १२० x ९० से.मी.

मोर्डन गागन्तुवा, तैल ९० x ६० से.मी

मनुजबाबु मिश्र

बर्थ अफ ब्रम्हा, तैल ९० x ६० से.मी.

शशी विक्रम शाह

ठिक्क कद, चौडा काँध, जगल्टे कपाल, च्युँडोमा छुस्स वोकेदाह्री, चश्मा भिरेका, हेर्दा मोटा-घाटा देखिन्छन् हाम्रो आधुनिक चित्रकला-जगतका जल्दावल्दा हस्ती शशी विक्रम शाह । नेपाली आधुनिक कला-फाँटका वरिष्ठ कलाकार हुन् शशी विक्रम शाह । प्रखर प्रतिभा सम्पन्न शाहलाई हाम्रो कला-जीवनको एक अभिन्न अङ्ग पनि मान्न सकिन्छ ।

शशी विक्रम शाह नेपाली आधुनिक चित्रकला-जगतका एक राष्ट्रिय प्रतिभाको सुपरिचित नाम हो । उनवाट चित्रकला विधालाई पूर्ण वनाउन आफ्नो कलाका माध्यमवाट यथेष्ट प्रयास भएको छ । आधुनिक चित्रकलाको भण्डार भर्न उनको ठूलो योगदान छ । एक सवल र निपूर्ण कलासाधकका रूपमा प्रतिष्ठापित कलाकार शशी शाहको उत्कृष्ट कला नै उनको परिचय हो ।

सन् १९४२ वि.सं. १९९९ मा काठमाडौंमा जन्मेका प्रसिद्ध चित्रकार शाहले वम्वईवाट कला डिप्लोमा लिएको सन् १९६७ मा हो । ललित कला क्याम्पसका क्याम्पस-प्रमुख पनि भइसकेका शाह शुरुदेखि नै अर्थात् (२०२२–२०४६ सम्म) सोही क्याम्पसमै प्राध्यापन गर्दै आएका थिए । आफ्नो सृजनाका पथहरु धेरैजसो 'स्कीव ग्रूपवाट तय गरेका शाह स्कीव ग्रूपका' सवैभन्दा सशक्त सृजक हुन् भन्दा अत्युक्त नहोला । तर पनि शाहलाई 'स्कीव ग्रूप' भित्रवाट मात्र हेरिन मिल्दैन । त्यस घेरा वाहिरवाट हेर्ने दृष्टिकोण पनि वनाउनु पर्दछ–शाहलाई राम्रोसंग चिन्नका लागि ।

शशी विक्रम शाहको मूल्यांकन कृतिको संख्यावाट भन्दा गुणको दृष्टिले हेरिनु पर्दछ । शाह धेरै चित्र बनाउँदैनन् । अनि एउटा चित्रमा धेरै वेर खेल्दैनन् पनि । तर जुन वनाउँदछन विशिष्ठ वनाउँदछन्, सशक्त वनाउंदछन् । अनि उपल्लो दर्जाको मास्टरपिस वनाउँदछन् । पौराणिक, आध्यात्मिक शास्त्रको राम्रो अध्ययन गरेका शाह कल्पनाका पनि त्यत्तिकै

धनी छन् । आध्यात्मिक, अझै दश अवतार विषयमा सृजना गर्न रुचाउने शाह रेखा-चित्रको लागि पनि त्यत्तिकै प्रख्यात छन् । अनि कहिले कहीं राम्रो आवरण सज्जा पनि वनाउँदछन् उनी ।

उनको "कल्की अवतार" नामक कला प्रदर्शनीको 'अवलोकन' गर्ने मौका यो पंक्तिकारले पाएको थियो । चारैतिर झुन्डिएका प्रदर्शनीका चित्रहरुले निकै राम्ररी हृदयस्पर्श गरिरहेका थिए । लाग्दथ्यो- प्रदर्शनीको उद्घाटन कार्यक्रम छिट्टै सकिएपछि आनन्दसंग चित्रहरुको अवलोकन गरौं । चित्रभित्रका चम्किला, उज्याला, रापिला र उग्र रङ्गले संवेदन उत्पन्न गराइरहेका थिए । घोडाहरुको अनुपातिक सौन्दर्यले चित्रभित्रका घोडाहरु सजीवताका साथ चारै दिशातिर दौडिरहेको प्रतीत हुन्थ्यो । चित्रहरुमा सजीवताको भाव ल्याउन सक्नु नै कलाकार शाहको कलाको उत्कृष्ट पक्ष रहेको थियो । चित्रहरु ताजा र संवेदन पक्ष जीवित रहेका पाइन्थे । रङ्ग-समिश्रण उच्च रहेका देखिन्थे । रङ्ग-संयोजनमा उनी स्वेच्छाचारी नै वनेको कुरा हरियो प्याजी र निला रङ्गका घोडाहरु बनाउनुबाटै थाहा हुन्छ र आफ्नो कलात्मक अभिव्यक्ति एकदम स्वतन्त्र रुपमा गरिएको थियो । उनको निपूण तुलिकाले तीव्र ढिलो, बलियो र निर्धो रेखाको राम्रो खेल देखाउन सकेका छन् । जसले गर्दा चित्रमा राम्रो गति पैदा भई चित्र लयात्मक र गतिशील देखिन गएको छ । रेखा र आकार विषयवस्तुसंग पूर्ण संयोजित छ । चित्रहरु पूर्ण छन्, रेखाहरु सुदृढ छन् । चित्रहरु आफैं वोल्छन् र आफ्नो परिवेश वताउन सक्षम देखिन्छन् । चित्रहरु सन्तुलित र उच्च दर्जाका पाइन्छन् । कुनै पनि वस्तु, रेखा वा आकृति वढी वा घटी लाग्दैनन् थप, घट गर्नुपर्ने आवश्यकता महसुस हुंदैन ।

आधुनिक कलियुगको नमूनाको रूपमा प्रस्तुत उक्त प्रदर्शन 'पूर्ण' छ- सत्य छ र यथार्थ छ । यस युगको आनन्द र चैनविहीन, डर, दुःख, चिन्ता र त्रासको वातावरण प्रष्ट देखाउन सकिएको छ । त्यस्तै अनावश्यक होडवाजी, दौडादौड, कठिन परिस्थितिको पनि उनबाट सफल अभिव्यक्ति भएको छ । साथै, दुःख, पीर, चिन्ताविहीन शान्त, सुख र आनन्दको परिकल्पना पनि कुनै चित्रहरुमा गरिएको छ, । जसमा शीतल शान्त रङ्ग र शिथिल घोडाहरु देखाइएका छन् ।

शशी विक्रम शाह 'कुरामा' विश्वास गर्दैनन् । उनी मात्र सृजनामा विश्वास गर्दछन् । हरदम सृजनात्मक सोचाइमा डुविरहन्छन् । शाहको

स्वभाव र कला एकदम भिन्न प्रवृत्तिका छन् । शाह ज्यादै कम वोल्दछन् । धेरैजसो मौन देखिन्छन् । तर यिनको चित्रले ठूलो क्षितिज वोकेर धेरै कुरा वोलिरहेको हुन्छ । यिनी शान्त शीतल स्वभावका छन् तर चित्र उग्र, उत्तेजित वनाउंदछन् । मान्छे कोमल छन्, तर चित्र कठोर वनाउंदछन् । शाह विस्तारै ढिलो हिंड्छन् तर यिनका रेखाहरु अत्यन्त वेगवान् छिटो हुन्छन् । यिनी लोसे छन्, सुस्त छन्, तर चित्र फुर्तिलो, ताजा चमकदार वनाउंदछन् । यी सधैं थकित देखिन्छन् । अनि प्राय निदाइरहेका हुन्छन् । तर चित्रका पात्रहरु चनाखो, चुस्त र छरितो वनाउंदछन् ।

शान्त, शीतल, मौन स्वभाव वोकेका शाहका कृतिहरु त शान्त, प्राकृतिक वातावरणको दृश्य-चित्रहरु पो हुनुपर्ने । त्यसको ठीक उल्टो गड्गडाइरहेको, अत्यन्त, तेजवान, वलवान्, आगो ओकलिरहेको, प्रलयकारी, जटिल परिवेशमा उग्र उत्तेजित चित्रहरु उनवाट सृजना हुनु स्वयंमा एक अनौठो रहस्य हो ।

कला-सृजनालाई नै मुख्य लक्ष्य वनाएका प्रतिष्ठित कलाकार शशी विक्रम शाह, वाद विवाद र वहसमा त्यति पर्न रुचाउंदैनन् । उनी सृजनात्मक जीवन विताउन चाहन्छन् । मस्त, मौजी छन् । फुर्सदमा आनन्दसंग टि.भि. हेर्न र फूलवारीमा समय दिन रुचाउँदछन् । हिंडडुल जमघट त्यति मन पराउँदैनन् । लामो कला-यात्रावाट जन्मेका शाहका प्रत्येक कृतिहरु रहर लाग्दा, सवल, परिष्कृत र उच्च कोटिका छन् । शाहका जुनसुकै चित्रले पनि कला-दर्शकमा तुरुन्तै सम्वेदनका लहरहरु उठाउन सक्छन् । यो नै शाहको मुख्य विशेषता हो ।

कलाप्रतिको झुकाव कसैको प्रेरणावाट नभई स्वस्फुरणवाट भएको उनी वताउँदछन् । विदेशी कलाकारमा इलग्रिको, डाली, रुवेन्स आदि मन पराउँदछन् । कला-विकासमा कला समीक्षकहरुको ठूलो भूमिका हुने, तर हामीकहाँ राम्रो स्तरीय समालोचकहरुको अत्यन्त अभाव भएको महशूस शाह गर्दछन् । कला-शिक्षाको विस्तार प्राथमिक तहसम्म अनिवार्य हुनुको साथै हरेक स्कूलमा एस.एल.सी.मा पनि कलाको 'ऐच्छिक' विषयको व्यवस्था हुनु पर्ने । देशको कला विकासको लागि लेखक संघ (एकेडमी) वाट ललित कला अंग अलग हुनुपर्ने । उच्च शिक्षा तहमा पूर्ण स्वायत्तता प्राप्त कला संस्था हुनुपर्ने विचार शाह राख्दछन् ।

'इन्द्र राज्यलक्ष्मी' पुरस्कार पाएका शाहबाट विदेशमा जापान, रूस, भारत, दक्षिण कोरिया, अमेरिकाको भ्रमण गरिसकिएको छ । स्वदेशका पनि विभिन्न जिल्लाहरु भ्रमण सम्पन्न भएको छ । कला-सृजनामा स्थान र मूडको जरूरत नपर्ने शाह शक्तिको प्रतीक घोडाहरुको विविध शैलीबाट र दश अवतारका पात्रहरुलाई आकर्षक किसिमले सृजना गर्न रुचाउँदछन् ।

शाह कला-फाँटका राष्ट्रिय व्यक्तित्व हुन् । हाम्रो आधुनिक कलालाई समृद्ध बनाउन उनले महत्वपूर्ण लामो सृजनात्मक यात्रा गरेका छन् । शाह अग्रज सृजक अनि प्राज्ञ पनि हुन् ।

★ ★ ★



कल्की अवतार, तैल

शशी विक्रम शाह

कल्की अवंतार, तैल



शशी विक्रम शाह

नरसिंह, तैल १७ X ३२"

गोविन्द लाल सिंह डंगोल

गोविन्द डंगोलको जन्म वि.स. २००३ साल मंसिर महिनाको शुभ घडीमा काठमाडौंमा पिता चन्द्रलाल र माता श्यामादेवीवाट भएको थियो । यी वालक सानै देखिनै चित्र कोर्दथे अर्थात वाल्यकालदेखिनै यिनीमा चित्रकलाको स्फूरण भएको थियो । यिनको रेखा-चित्र देखेर इष्ट, मित्र, आमा-वावु दंग पर्दथे । रेखाङ्कनको गुण देखेर प्रशंसा गर्दर्थे । स्कूले जीवनमा चित्रकला प्रतियोगिताहरूमा सहभागी यी हुन्थे । र प्राय सधै पुरस्कार हात पार्दथे । तर पनि यिनले औपचारिक कलाशिक्षा चाहिं लिएका थिएनन् । चन्द्रमान मास्के र लैनसिंह वाङ्देल सँग चाहिं केही कला सिकेका थिए । चित्रकलामा अभिरूचि राख्दै आए तापनि पढाईतिर पनि त्यत्तिकै ध्यान दिन्थे यिनी । त्रिचन्द्र कलेजको वि.ए को विद्यार्थी हुँदा त्यस वेलाका प्रोफेसर नरेशमान सिंहले चित्रकला विषयनै पढ्न उत्साहित गरेको प्रसंग यिनी वताउँदछन् । वि.ए पास गरेर के गर्छौ ? एम.ए पढ्नु पर्‍यो । एम.ए गरेर मुस्किलले एउटा जागिर खान्छौ, वस्। त्यो भन्दा राम्रो त तिमी चित्रकार वन, नाम कमाउँछौं । आफ्नो इतिहास वनाउँछौ। तिम्रो हात राम्रो छ । सिप छ, लगन छ भन्दै ऐन मौकामा आफूलाई सल्लाह दिएका थिए भन्दछन् । नभन्दै औपचारिक कला शिक्षाविनानै यिनले अरू सहभागीहरू भन्दा राम्रो गरेर वम्वईको जे.जे. स्कूल अफ आर्टस्मा चित्रकला अध्ययनार्थ छात्रवृत्ति पाउँदछन् । यो छनोट यिनको प्रतिभाको नमूना हो । त्यसपछि सन् १९६५ गो्विन्द डंगोल वम्वईमा चित्रकला पढ्न जान्छन् । त्यहाँवाट वि.स. २०२८ सालमा कला स्नातक भएर नेपाल फर्कन्छन् । त्यसपछि सृजनात्मक रंगमञ्चमा प्रवेश हुन्छ एक युवा चित्रकारको । वम्वईवाट फर्कनासाथ वि.स. २०२९ सालमा यिनले पहिलो एक व्यक्ति चित्रकला प्रदर्शनीको आयोजना गरेका थिए । त्यस समय पढाइ भरखर सकेर आएकाले प्रदर्शित चित्रहरू मिश्रित थिए र सवै खालका थिए, भनिन्छ । त्यसपछि क्रमशः ७७,९३,९४, ई.सं. मा पनि यिनले एक व्यक्ति

चित्रकलाको प्रदर्शनी आयोजित गरेका हुन्छन् । हरेक प्रदर्शनी अगाडिको भन्दा परिमार्जित हुने नै भयो । कृतिहरू परिस्कृत र उच्च स्तरको हुँदै जाँदै गएको देखिन्थ्यो । विदेशमा अर्थात् इटालीमा सन् १९९६ सालमा यिनको एक व्यक्ति चित्रकलाको आयोजना हुन्छ । जुन विशेष वन्यो । यिनको त्यहाँ सर्वत्र चर्चा हुन्छ । विभिन्न पत्र पत्रिकाहरूमा अन्तरवार्ताहरू र समाचारहरू छापिए र यिनी त्यहाँ आयोजित कला प्रतियोगितामा पनि सामेल हुन्छन् र प्रथम पुरास्कार, प्रमाण पत्र हात पार्दछन् । कलाको मूल्य, कलाकारको सम्मान देखेर यी छक्क पर्दछन् । आफ्नो कलात्मक व्यक्तित्व र कलाको स्तर र उचाई थाहा पाउँदछन् विदेशमा । यी मख्ख पर्दछन् । जीवनको सुखद् अभिस्मरणीय घटना यसलाई मान्दै नयाँ उत्साह र उमंग लिएर स्वदेश फर्कन्छन् । त्यहाँ यिनको धरै चित्रहरू विक्री हुन्छ । र फेरि भविष्यमा पनि प्रदर्शनीको निम्तो पाउँछन् । यो सफलतालाई यिनको सृजनाको उच्च मूल्याङ्कन मान्न सकिन्छ । साहस र आफ्नो प्रतिभाको हाँक दिन सक्ने डंगोल उच्चतम कलात्मक जीवन विताउने एक लगनशील सृष्टा हुनाले नै त्यो सफलता हासिल गरेको मानिन्छ । कलाकारले आफ्नो कला साधनामा तपस्या नगरी सिद्धि पाउन सक्दैन, भन्ने गोविन्द नामको व्यक्तित्व नेपाली कला जगत्मा अगाडि वढ्दै आइरहेको प्रष्ट अनुभूति गर्न सकिन्छ ।

यिनको रचना शक्ति विविध छन् । जस्तै जनावर, चराहरू, दृश्य चित्रहरू, पौवा चित्र, मुहार चित्र, वस्तु चित्र, पानी रंग, तैल रंग, चारकोल, पेनसील आदि सवै माध्यम र सवै शैलीमा यी काम गर्दछन् । परंपरा र आधुनिकताको संमिश्रण गरी तान्त्रिक र हिन्दू दर्शनवाट विषय वस्तु लिई पौवा चित्रलाई आधुनिक तरिका र शैली अपनाइ प्रस्तुत गर्दछन् यिनी । कलालाई अन्तरराष्ट्रिय र राष्ट्रिय दृष्टिकोणले हेरेर सामन्जस्यता कायम गराई नयाँपन दिने र नयाँ शैली र माध्यमवाट आफ्ना सृजनाहरूलाई जीवन्तता दिदै कृतिहरूलाई उठाउँदै वढाउँदै लगेका छन् यिनले । कला नै मेरो वोल्ने भाषा हो र यसैमा सन्तुष्ट पनि छु, यिनी भन्दछन् । परम्परागत थान्का चित्रलाई “वास्” शैलीमा शुरू गर्ने आफू भएकोमा गर्व गर्दछन् गोविन्द । यिनी आफ्नो समयका एक योग्य चारकोल चित्रकार हुन् । यस विधामा अरू कसैले आफूसँग प्रतियोगिता गर्न नसक्ने यिनी वताउँदछन् अर्थात् यिनी एक निपूर्ण चारकोल चित्रकार हुन् ।

यिनको सृजनात्मक शैली वारे कुरा गर्दा यिनी “वास्” शैलीमा आधारित

चित्रहरू वढी मात्रामा वनाउँदछन् । यस्ता चित्रहरूको पृष्ठभूमि काल्पनिक हुनका साथै कालो, रातो, पहेलो रंग र विभत्स भयानकताको प्रतीकको रूपमा प्रयोग गरिने रंगहरू प्रयोग गरिएका हुन्छन् र विषय वस्तु तान्त्रिक हिन्दूदर्शनसँग सम्वन्धित हुन्छन् । त्यस्तै निर्जीव वस्तुहरूको चित्रमा पनि विस्तृत रूपमा काम गरेका छन्, यिनले र आफ्नो सिप त्यहाँ पनि देखाएका छन् । दैनिक जीवनका विभिन्न क्षेत्रहरूलाई कलात्मक दृष्टिले हेरी त्यसलाई आफ्नै किसिमले प्रस्तुत गरेका छन् यिनले । रंग, आकार र विषयवस्तुको सुन्दर प्रस्तुतिले आफ्नो कृतिहरू मोहक रूपमा रूपान्तर गर्न सक्दछन् यिनी र हरेक चित्रहरूमा निर्जीव वस्तु र मानिसको आपसी सामान्जस्य तालमेल गराउन सफल छन् यी । त्यस्तै रंगविन्यास, मानिसको शारीरिक संरचना अनुपातिक सौन्दर्य पनि प्रष्ट देखिन त्यसमा पाइन्छ । यिनका हरेक कला कृतिहरूमा मुख्यतया आध्यात्मिक भावभूमिको सार तत्व, दर्शनको वोध र भाव वगेको हुन्छ । मुख्यतया स्रोत एवं प्रस्तुतिको दृश्टिकोणले गोविन्दका रचनाहरू मिश्रित प्रकृतिकानै छन् । तैल चित्र प्राय नगन्य छन् र हाल यस माध्यममा अरू सृजना गरेका छैनन् यिनले ।

आफ्नो स्वच्छ र स्वभिमानी विचारले गर्दा समय-समयमा यिनी आलोचित पनि हुन पुगेका छन् । यिनी स्पष्ट अनि दृढ छन् । खुल्ला छन् । परिश्रमी र मेहनती छन् । उदार छन् र केही झोक्की पनि ।

प्रत्येक शैलीमा कला सृजना गर्न आफूलाई तयार पारेका गोविन्द डंगोल 'ललित कला क्याम्पस' को क्याम्पस प्रमुख जस्तो उच्च ओहदामा छन् । कला शिक्षा विकास र तीन वर्षे डिप्लोमाको पाठ्यक्रम वनाउँनेदेखि त्रि.वि.वि. किर्तिपुरमा ललितकला क्याम्पसको नयाँ भवन वनाउँन जग्गा लिने कार्यमा यिनको प्रयास महत्त्वपूर्ण र प्रसंसायोग्य छ । अर्थात कलेजको शैक्षिक वातावरण उठाउन भ्याएसम्म लागि परेका छन् यिनी । तर यस कार्यमा सवै शिक्षकहरूको सहयोगको अपेक्षा राख्दै सवैको सहयोग पाएमा आफूले धेरै गर्न सक्ने यिनी वताउँदछन् ।

आफ्ना समकालीन कलाकारहरूले गोविन्द डंगोललाई "कलर व्लाइन्ड" भन्दै परंपरावादी (थान्का) चित्रकार त हुन् नी भन्दै त्यही दायराभित्रवाट हेर्ने, मूल्याङ्कन गर्ने र सीमित राख्ने धृष्टता गरेको दुखद् अनुभूति यी पोख्दछन् । तर पनि आफूले सृजनात्मक संघर्ष गर्दै अगाडि वढेको यिनी वताउँदछन् । नभन्दै आज नेपाली समसामयिक कलाको रंगमञ्चमा यिनको

पनि आफ्नै छुट्टै स्थान रहेको मानिन्छ ।

चन्द्रमान मास्के र लैनसिंह वाङ्देल यिनका मनपर्ने नेपाली कलाकार हुन् भने, विदेशी कलाकारहरू थुप्रै थुप्रै मन पर्ने हुँदा कसको मात्र नाम लिउँ ? भन्ने गोविन्द सृजनामा स्थान र मूडको जरूरत नपर्ने वताउँछन्। तर यिनलाई शान्ति चाहिं चाहिने रहेछ कला सृजनामा । वाहिरी हल्ला कम सुन्न संगीत सुनेर सृजनारत रहने गरेको पाइन्छन् यिनी । आफूले सृजना गरेको कलाकृति मध्ये सवैभन्दा मन पर्ने कृतिमा ९ महिना लगाएर वनाएको "श्रीयन्त्र" जुन पूर्ण श्रीयन्त्र, नेपालमा शायद यो दोस्रो हो । त्यसै कारण वाहिर वेच्न नचाहेको वताउँदै अन्तरराष्ट्रिय एयरपोर्टमा राख्न चाहेको यिनी वताउँदछन् ।

ललित कला क्याम्पसमा यिनले पढाउन थालेको पनि २५ वर्ष वितिसकेको छ । यिनी एक अनुभवी कला शिक्षक पनि हुन् । कलासम्वन्धी गोष्ठी आदिमा भाग लिंदै जिल्ला जिल्लाका स्कूलहरूमा कला शिक्षाको आयोजना गर्दै स्थानीय शिक्षक र विद्यार्थीहरूलाई सानो समयको लागि भरपर्दो तालिम पनि यिनी दिने गर्दछन् । मुख्य कुरा त यिनी "शाही" गुरू पनि हुन् । अर्थात् यिनी श्री ५ अधिराजकुमारी श्रुति सरकारलाई चित्रकला सिकाउँछन् । हाम्रो कला समाजको लागि यो गौरवको विषय वनेको छ। भनिन्छ, यिनी योग्य शिक्षक भएकाले नै राजदरवार भित्रिन सकेका हुन् ।

राजनीतिले कला क्षेत्रलाई पनि छोपेको छ यिनी चिन्ता व्यक्त गर्दछन् । आफ्नो कलाकृति स्तरीय हुँदाहुँदै विद्यार्थीहरूको र आफ्नो मन पर्ने कलाकारको कलाकृति किनी "वीरेन्द्र आर्ट ग्यालरी" ले अपमानजनक कार्यहरू गर्दै आएको प्रसँग यिनी वताउँछन् । पुराना तथा प्रतिष्ठित कलाकारहरूको लागि यो लज्जास्पद र निन्दनीय कार्य हुन गई वीरेन्द्र आर्ट ग्यालरीको नै वदनाम भएको कुरा यी गर्दछन् । वास्तवमा यस्तो हुन नहुने हो डंगोल भन्दछन् ।

कसैले परम्परागत शैलीलाई पनि आफ्नोपन दिएर त्यसमा नयाँरूप दिन्छ भने त्यो पनि आधुनिक कलाकै दायरामा पर्दछ यिनी भन्दछन् । यिनी यस्तै सृष्टा मध्ये पर्दछन् । कलाकार गोविन्द फुर्सदको समयमा गजल सुन्न मनपराउँदारहेछन् र त धेरै गजलहरूको संग्रह यिनीसँग रहेछ ।

यहाँका भरखरका आफूभन्दा धेरै कान्छा कलाकारहरू आफूले ८-१०

हजार कलाकृति सृजना गरेको भन्दछन् । कस्ता खाले कलाकृति होला । एउटा रेखामात्र कोरेको चित्रलाई पनि कलाकृति भन्ने गरेको भए वेग्लै कुरा नत्र त जन्मेदेखिनै उसले दिनको दिन कला कृति वनाए पनि वढीमा २-३ हजार भन्दा हुँदैन । के गरी त्यति संख्या पुऱ्याएको होला । मलाई जहिले पनि यो प्रश्नले सोचनीय वनाउँदछ भन्दछन् गोविन्द । त्यस्तै ५० वर्षसम्म नेपालमा ललित कला प्रतिष्ठान चाहिंदैन भन्ने कलाकारहरू छन् हाम्रै सामुमा । कलाकार भएर कलाकै विकास नचाहने, उच्च निकाय नचाहिने, कस्ता खाले कलाकार होलान् ती मलाई यस प्रश्नले पनि पिरोलिरहन्छ । गोविन्द पुनः भन्दछन् । आज "कला प्रतिष्ठान" चाहिन्छ भन्ने भोलि फेरी प्रलोभनमा परी चाहिंदैन भन्ने कलाकारदेखि यी वाक्क छन् । कलाकार भएर पनि निस्पक्ष, निडर हुन नसकेको मा खेद प्रकट गर्दछन् यिनी । तर उनी भन्दछन्- ललित कला प्रतिष्ठान नखुलेसम्म आफ्नो संघर्ष जारी रहन्छ- सम्वन्धित निकायसँग ।

दिनमा सालाखाला ७-८ घण्टा सृजनारत रहने डंगोल आजको सन्दर्भमा एउटा परिचित र प्रतिष्ठापित कलाकार हुन् । आफ्नो विवाह वि.स. २०१८ सालमा कमलालक्ष्मीसँग भएदेखि श्रीमती वाट यथेष्ट सहयोग पाएको कुरा यिनी वताउँदछन् । ४ छोाहरूका पिता डंगोलको १ छोरा पनि यसै विधामा लागेका छन् र हाल ललित कला क्याम्पसमा वि.ए.फाइनलमा पढ्दै छन् ।

यसरी नेपाली कला क्षेत्रको क्षितिजमा गोविन्दलाल सिंह डंगोलको आफ्नो छुट्टै पहिचान र स्थान छ भन्नु कुनै अत्युक्ति नहोला ।

★ ★ ★



राधाकृष्ण, पानी रंग

गोविन्द डंगोल

भैरव शक्ति, पानी रंग



काली, तैल

बत्स गोपाल बैद्य

गणेश, तैल

वत्स गोपाल वैद्य



सन् १९४७ जनवरीमा ल.पु. मा माता पूर्णमाया वैद्यले एक वालक जन्माइन्। नाम रह्यो वत्स गोपाल वैद्य। उही वत्स गोपाल वैद्य आज नेपाली आधुनिक चित्रकला विधाका चिर परिचित हस्ताक्षर भईसकेका छन्। वैद्यलाई कलाको प्रमाणपत्र दिने वम्वइको जे.जे. स्कूल अफ आर्ट हो। सन् १९७० मा कला स्नातक भएदेखि नै राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका थुप्रै कला प्रदर्शनीहरूमा भागलिई सकेका वैद्य "स्कीव" ग्रुपसंग पनि सम्वन्धित छन्। उनी "स्कीव" ग्रुपका सशक्त कलाकारका रूपमा चिनिन्छन्। मुख्यतया: स्कीव ग्रुपवाटै वैद्यले कैयौं पटक कला-प्रदर्शन गरिसकेका छन्। वत्स गोपाल वैद्यले कला-पुरस्कारहरू पनि एकमुष्ठ पाएका छन्। त्यसमध्ये मुख्य वीरेन्द्र सुवर्ण कला-पदक र बंङ्गलादेशवाट स्वर्ण कला पुरस्कार प्राप्त छन् भने कला-साधनाको लागि गोरखा दक्षिण वाहुवाट पनि विभूषित भएका छन् उनी। यो उनको कला सृजनाको उत्कृष्टता र निरन्तरताको फल हो।

नेपाली कला-समाजमा आफ्नो छुट्टै उच्च स्थान कायम गर्न सक्षम वत्स गोपाल वैद्य, समसामयिक एक प्रतिष्ठित कलाकारको रूपमा गनिन्छन्। वत्स गोपाल वैद्य वैदिक र तान्त्रिक विषयका चित्रहरू सृजना गर्न मनपराउँछन्। उनले कलासृजनाको मुख्य स्रोत नै उक्त विषयलाई वनाएका छन्। मुख्य कुरा त उनको धार्मिक पृष्ठभूमिका यी चित्रहरूवाट हाम्रो आफ्नै हावा र माटोको गन्ध आउँछ। अति जटिल हाम्रो धार्मिक आध्यात्मिक मान्यतालाई सरल आधुनिक दृष्टिकोणले "नेपालीपन" नमारी साधारण जनतालाई आफ्नो कलाद्वारा वुझाउन सक्नुलाई उनमा निहित प्रतिभा नभने के भन्ने ? धेरै समयअघिदेखि वत्स गोपाल वैद्यको चित्रकलामा प्रयोग भएका रंग-रेखा र विषय आफ्नो छुट्टै विचार र मापदण्डवाट प्रेरित भएर अगाडि वढ्दै आएको छ। यी कला-यात्रामा निकै परिष्कृत पनि छन्

यिनी । धार्मिक पृष्ठभूमिका कला-सृजना गर्न निपूर्ण अति साधारण जीवन र उच्च विचारका धनी वत्स गोपालले अभिव्यक्तिमा आफ्नो छुट्टै शैली जन्माइसकेका छन् । वैद्य कला क्षेत्रमा लाग्ने "प्रेरणा" आफ्नी दिदी उर्मिलाको रहेको मान्दछन् । स्वदेशीमा शशी विक्रम शाह, किरण मानन्धर, र विदेशीमा- रेम्ब्रान्ट र जोन मिरो मन पर्ने कलाकार हुन् वैद्यको । देशको कला-विकासको मुख्य जग कला-शिक्षा नै भएकोले कला-शिक्षातर्फ विषेश ध्यान दिनुपर्ने राय वैद्य दिन्छन् । देशमा कला-संस्कृतिको रूपमा रहेका मन्दिर पाटी पौवाहरू भत्केर संरक्षणविना नासिएर गएकोमा उनी वडो दुःख प्रकट गर्छन् ।

वङ्गलादेशमा प्रदर्शित उनको कलाले स्वर्णपदक पाउने पूर्व जानकारी एक दाइले पहिले सपनामा देखेर वताएको, नभन्दै केही दिनपछि वङ्गलादेशवाट स्वर्ण पदक पाएको खवर जीवनको अविस्मरणीय सम्झनाको रूपमा रहेको वताउदँछन् उनी । कला सृजनामा शान्त वातावरण चाहिने वातावरण शान्त छ भने आफ्नो स्टुडियोमा वसेको केही वेर पछि मूड आफै वन्ने उनी वताउँदछन् । ज्यादाजसो तैल रङमा काम गर्ने वैद्य पानी रङ, छापा कला पनि उत्तिकै मनपराउँछन् । फुर्सतको समयमा वाल-वच्चासंग हाँसो ठट्टा गर्न र नृत्य कलामा सोख राख्दछन् ।

उनले हिन्दूहरूको पूजनीय आराध्य देवता गणेशलाई पनि कला-अभिव्यक्तिको मुख्य विषय वनाएका छन् । गणेश वैदिक कालदेखिनै पूजिदै आएका अत्यन्त लोकप्रिय देवता हुन् । गौरीपुत्र गणेशको टाउको हात्तीको शरीर मानिसको रुपमा वनाइन्छ । गणेशलाई कार्यसिद्धिको लागि, मंगल कार्यको लागि, शुभयात्राका लागि र कुनै पनि शुभकार्यको थालनीमा पूजा गरिन्छ । गणेशलाई विनायक, गणपति आदि अनेक उपनामहरूले पनि चिनिन्छ । वत्स गोपाल वैद्यले हिन्दूहरूका महान् देवता गणेशलाई कलाको विभिन्न कोणवाट र विभिन्न रंग-संयोजनवाट समायोजन गरी प्रस्तुत गरेका छन् । प्रतीकवादमा काम गर्ने वत्स गोपालले रेखात्मक र आकृति मूलक चित्रहरू वनाएका छन् । चित्रका रेखाहरू स्थिर छन्, तर पनि सजीव छन् । वत्स गोपाल वैद्यको गणेश-चित्रहरूले हृदयलाई प्रभावित पार्छन् अझ भनौ चित्रहरू मनमोहक हुन्छन् । कृति मौलिक हुनाका साथै प्रवल संरचनापक्षले गर्दा चित्र हृदयस्पर्शी भएका हुन् । रंगसन्तुलनमा पूर्ण मिठास र संरचनामा आफ्नोपन ल्याउन सक्षम छन् उनका कृति । चित्रहरूमा पूर्ण गति

पाईदैनन् । आकृति जटिल पनि छैनन् । अमूर्त पनि छैनन् । सरल आकृतिमा चित्र वनाइएका छन् । चित्रमा देखिने गहिराई जीउँदोपन छायाँ र प्रकाशको वर्गीकरण र त्रि-आयामिक वनावटले चित्रमा सौन्दर्य र प्राण थपेका छन् । गणेश "लयात्मक" छन् र सौन्दर्यात्मक पनि छन् रापिला चम्किलो उग्र रंगको गणेश र शान्त शीतल रंग संयोजन गरी शान्त "दुवै थरीका" गणेश वनाएका छन् । समष्टिगत रूपमा चित्रहरू सुन्दर छन् । मानसपटमा विषय वस्तु र माध्यमको परिकल्पना पहिले नै गरी सकेर मात्र क्यानभासमा सृजना शुरु गर्दछन् उनी । आधुनिक शैलीमा कलाकृति सृजना गर्दा पनि धर्म, संस्कृति, दर्शनमा आफ्नोपन सहज रूपमा देखाउन सकिन्छ । वैद्य धारणा राख्दछन् ।

"तान्त्रिक पद्धति" पूर्वीय संस्कृति र धर्मको उपज मानिन्छ । तान्त्रिक विषय आफैमा जटिल हुँदाहुँदै पनि वत्स गोपाल वैद्यले यी विषयहरूलाई अति सरल र आर्कषक रूपमा प्रस्तुत गरेका हुन्छन्, जुन अनुकरणीय छ । वत्स गोपाल वैद्यको कलाको शैलीगत अध्ययन गर्दा-शिप र प्रतिभाको धनी देखिन्छन् । अनुभवी देखिन्छन् । अर्ध्द वृत्ताकार, वृत्ताकार, धनुषाकार विभिन्न भूज, त्रिभूज, चतुर्भूज, त्रिकोण, षटकोण, ज्योति, ज्वालाका चित्रहरू प्रतीक रुपमा वनाइएका हुन्छन् । अनि देवी देवताको शान्त, वीभत्स आदि प्रतीकवादी चित्रहरू गौण रङमा वनेका छन् । योगका विभिन्न मुद्राहरू, तहहरू पनि वनाएका हुन्छन् यिनले र मौलिक रूपमा प्रस्तुत गरेका हुन्छन् ।

नम्र, भद्र, सहज र सज्जन आदि विशेषणयुक्त कलाकारको रूपमा परिचित हाम्रा वत्स गोपाल वैद्य- श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभागमा कला सेवीको रूपमा सेवारत छन् ।

देशका प्रतिष्ठित मृदुभाषी कलाकार वत्स गोपाल वैद्यले आधुनिक चित्रकलाको विकासमा दिएको देनले चित्रकला-विधामा अझ विविध आयामहरु क्रमशः थपिंदै जाने कुरामा विश्वस्त हुन सकिन्छ ।

★★★

श्यामलाल श्रेष्ठ

परिचित कलाकार श्यामलाल श्रेष्ठको कला–प्रदर्शनीहरूमा कलाप्रेमीहरुको निरन्तर भीड लाग्दछ । प्रदर्शनीमा कलाकृतिहरूको विक्री संख्याको दृष्टिले पनि उनीलाई सफलै चित्रकार मान्नु पर्दछ । तर पनि यसको प्रमुख कारण त श्यामलालको लोकप्रियता, कुशल र सफल चित्रकारिता नै हो । प्रदर्शनी–कक्षमा प्रवेश गर्नासाथ श्यामलालको कलाकृति भनेर स्वत: चिनिने सौन्दर्यपूर्ण उज्यालो प्रस्तुतिवाट जो कोहीमाथि पनि मृदु प्रभाव पार्न सफल यी कलाकार आफ्नो भावनाको अभिव्यक्तिमा पूरा सार्थक र सफल छन् । स्वतन्त्र प्रवाहमा वगेका मानव–आकृतिमा व्रसको मोटो चेप्टो स्ट्रक "तुलिका धात" नै उनको कृति चिनाउने मेरुदण्ड हुन् । विकृति, विध्वङ्स, वीभत्स, असन्तुष्टि आदि जीवनको यथार्थ भए पनि श्यामलालका सृजनाका यी विषयहरू होइनन् । सामाजिक, धार्मिक जीवनको आधुनिक ढङ्गवाट "नेपालीपन" कायम राखेर सहज अनि अर्ध–यथार्थ, यथार्थ शैली मार्फत आफ्ना अनुभूतिहरू क्यानभासमा टड्कारो रूपमा राख्दछन् उनी । नेपाली सांस्कृतिक र सामाजिक चिन्तक अनि स्रष्टा हुन चाहन्छन् श्यामलाल । विश्व–संस्कृतिको भेलमा सांग्रिदै गइरहेको हाम्रो समुन्नत सांस्कृतिक पहिचानलाई जीवन्तता दिन क्यानभास उनका रंगिन्छन् क्रमश: । रंगीन क्यानभास जसमा स्रष्टाको कल्पना भन्दा वास्तविकतामा यथार्थ जीवन प्रदर्शित भएको हुन्छ । उनका कला-कृतिले सौन्दर्यसूचक, रमणीय, रसीला, सरस आदि विशेषण वोकेका हुन्छन् । कलामा लयात्मकता आम विशेषता हो उनको कृतिको ।

आफ्नो अन्तस्करणको भावनालाई क्यानभासमा रूपान्तर गर्न सक्षम श्यामलाल स्वदेशी कलाकारहरूमा स्व. चन्द्रमान मास्के, अमर चित्रकार, कर्णमान सिंह, लैनसिंह वाङ्गदेल, उत्तम नेपाली, शशी शाह आदि मन पराउँछन् ।

गहिराइयुक्त समृद्ध सास्कृतिक सारांशको जीवन्त, कलात्मक र परिस्कृत तवरले कृति सृजना गर्न सक्ने खूवीका श्यामलालका चित्रहरू भावप्रधान ताजा र लचिला हुन्छन्। सन्तुष्टिपूर्ण सामाजिक जीवनका विभिन्न पक्षहरू रीतिरिवाज, मेलापात, चाड–पर्व, धर्म आदि प्रमुख विषयहरूमा तयार पारिएका लयात्मक गुणको उत्कृष्ट नमूनाहरू हुन् उनका कृति। धार्मिक सारका चित्रहरूलाई प्रतिनिधिमूलक स्वरूपको प्रत्यक्ष चित्रण गर्न पनि श्यामलाल पोख्त छन्।

सौन्दर्यले परिमार्जित श्यामलालका चित्रका पात्रहरूले वास्तवमा समाजका विभिन्न वर्ग, प्रवृत्ति र आफ्नो समयको साँस्कृतिक जीवनहरूको प्रतिनिधित्व गरेका हुन्छन्। पात्रहरूवीच एक अर्कासंग सहानुभूति, आपसी सद्‌भाव, एकता र आदर दर्शाइएका छन्। राष्ट्रिय र जातीय संस्कृति दुवैले लयात्मक, सुन्दर सफल अभिव्यक्ति पाएका छन्। श्यामलालका चित्रहरू पूर्ण अमूर्त भन्दा पर्याप्त मात्रामा यथार्थ छन्।

श्यामलाल, सामाजिक विषयवस्तुसंगै सर्वसाधारण महिला जातिको विषय पनि त्यतिकै अभिरुचिपूर्वक सृजना गर्दछन्। महिला जातिको जीवन, उनीहरूले अंगालेका विभिन्न पेशाहरू, दैनिक जीवनका रूपरेखा जीवन्त गराइ उतारेका छन् श्यामलालले आफ्नो क्यान्भासहरूमा। नारीहरूको भावना, विचारहरू- इच्छा, आकांक्षाहरूलाई चित्रको माध्यमवाट दर्शकसामु पुऱ्याउन सफल भएका छन् श्यामलाल। यी विषयहरूमा सृजित चित्रहरू पनि यथार्थ र प्रायः उज्याला रङ्गहरूमा वनेका हुन्छन्। मुख्य कुरा, श्यामलालका हरेक अभिव्यक्तिले कला दर्शकलाई पूर्ण सन्तुष्टि दिन सक्छ। यो नै उनका सृजनाका सफल पक्ष हुन्। जुनसुकै व्यक्ति उनको कलाकृतिबाट सौन्दर्यानुभूति पाउँछ, अर्थात् सौन्दर्यपान गर्न पाउँछन्। उनको कलाको गुण पनि त्यही हो। भनौं सामाजिक जीवनका विभिन्न पक्षहरूलाई सौन्दर्यपूर्वक वडो आकर्षक तरिकाले क्यानभासमा उतार्नु। वातावरणका सदस्य वा समुदायबीच राम्रो सामान्जस्य अर्थात् सन्तुलित वातावरण, घर आगन, रूख, पहाड, नदी–नाला आदि ग्रामीण प्राकृतिक दृश्यको पृष्ठभूमिमा क्रियाशील जनसमुदाय वा व्यक्ति धार्मिक वा अन्य सामाजिक कृयाकलापको चित्रण नै श्यामलालको सृजनाका प्रमुख विषयवन्दै आएका छन्। हुनतः आफ्नो प्रेरणाको स्रोत प्रकृतिलाई मान्ने श्यामलालले सृजनाका पथ पानी रङ्गका दृश्यचित्र विधावाट शुरु गरेका हुन्।

लामो समयसम्म यो पानी रङ्ग– विधामा काम गर्ने श्यामलाल दृश्यकला विधाको प्रसिद्धिमा पनि पुगिसकेका थिए ।

आफ्नो भिन्दै रङ्ग – संयोजन पद्धतिको विकास गर्न सक्षम यी कलाकारका चित्र–स्वतन्त्र, गतिशील र तीव्र रेखात्मक आकृतिसहितका शीतल रङ्गहरू– जस्तै नीलो, आकाशी, प्याजीको प्रयोग भएको र प्रत्येक रङ्गमा सेतो रङ्गको अधिक सम्मीश्रण भएको हुन्छ ।

साहित्यक्षेत्रमा जस्तो कलाक्षेत्रमा लगानी गर्ने र उचाल्ने संघ संस्था र व्यक्ति विशेषको कमी महसूस गर्ने श्यामलाल कलाकार जगतमा आफ्नो भिन्दै स्थान र पहिचान वनाउन सफल भैसकेका छन् ।

कला–संरक्षण, सम्वर्द्धन र विकासमा कलासमीक्षकहरूको भूमिका महत्वपूर्ण हुने तर हामीकहाँ कलाको विषयगत अध्ययन गरेका, अध्ययनशील समीक्षक र समालोचकको ठूलो अभाव खड्किएको वताउने श्यामलाल ३० सौं वर्षदेखि कला–क्षेत्रका निरन्तर स्रष्टाका रूपमा परिचित छन् । आफ्नै शैलीको विकास गर्न सक्षम यी कलाकार फिगर पेन्टिङ्ग (मानव शरीर) नै वढी सिर्जना गर्दछन् । यस्तो प्रकारको सृजनामा विशेष अनुभवको आवश्यकता पर्दछ । तर श्यामलाल यस मामलामा पूरै अनुभवी छन् । कला र कलाकारहरूको हित र जीवनस्तर उकास्न सरकारी कार्यालयहरूमा अनिवार्य रूपमा कलाकृति किन्नु पर्ने र सजाइने व्यवस्था हुनुपर्छ श्यामलाल भन्दछन् । कलासृजनामा उनी मूडी छन् । भित्री मनले घचघच्याएको वेला पेन्टिङ्ग गरेको थाहै पाइदैन र रात पनि ढल्न सक्छ, उनी भन्दछन् । पहिलेको मान्यता विशेषलाई नअपनाई पूर्णतया नयाँ सोचाइ, नयाँ शैलीमा अभिव्यक्त गरिएका कलालाई नै आधुनिक कला भनिन्छ, श्यामलाल पुनः विचार आफ्नो पोख्दछन् ।

वि.सं. २०४० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको "शान्ति क्षेत्र नेपाल" सम्वन्धी पोष्टर प्रतियोगितामा पुरस्कृत भई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको वाहुलीवाट पुरस्कार थापेको क्षण जीवनको सुखद् र 'अविस्मरणीय क्षण' भएको कुरा उनी वताउँदछन् । देशको कलाक्षेत्रको सर्वाङ्गीण विकास गर्ने हो भने- "ललित कला प्रतिष्ठान" नै खुल्नु पर्ने विचार छ श्यामलालको ।

हरेक समाजलाई व्यवहारिक, रसिक स्वस्थ र मनोरन्जनात्मक वनाउन

समाजमा विभिन्न किसिमका रीतिरिवाज, चलन चल्ती, भेषभूषा चल्दै आएका हुन्छन् । जसलाई हामी सांस्कृतिक अभिव्यक्ति र हरेक जातिको सम्पत्ति र पहिचान पनि मान्छौं । वावु वाजेले जोगाएका हाम्रा उच्च सांस्कृतिक मान्यताहरू सांस्कृतिक सम्पत्तिको रूपमा हामीले पाएपछि हामीले पनि आउने पुस्ताको लागि हाम्रा ती मान्यताहरू जोगाउनु सवैको कर्तव्य हुन आउँछ । विविध र उच्च सांस्कृतिक मान्यताहरू वोकेको हाम्रो समाजको कलाक्षेत्रमा पनि प्रभाव पर्नु स्वाभाविकै हो । परापूर्वकालदेखि नै कला–सृजनामा यस्ता धार्मिक र सामाजिक सारका चित्र रचिदै आएका हुन् । तर वर्तमान कालमा आएर यस्तो धार्मिक, सामाजिक सारका चित्रहरू वनाउने कलाकार नगन्य छन्। आधुनिक शैलीमा अमूर्त कलाकृति सृजनातर्फ नै धेरैजसो चित्रकारहरू उन्मुख छन्। कला–सृजनामा नन्फिगरेटिभ प्रवृत्ति आएको वेलामा श्यामलालले फिगोठिभ शैलीमा यस्तो गहन सामाजिक, धार्मिक, त्यसमाथि महिला– जीवनसम्वन्धी विषयमा कूची चलाउनु अवश्य पनि सुखद उपलव्धि हो कला र संस्कृति दुवै फाँटको लागि । देशका सांस्कृतिक मूल्यका धारहरूलाई यसरीनै प्रवाहित गर्दे जान सके सांस्कृतिक मूल्य मान्यताहरूको प्रचार प्रसारले चेतना जागृत भई गुणको जगेर्ना गर्न समेत ठूलो मद्दत पुऱ्याउने हुँदा श्यामलालको यो प्रयास वढी प्रसंसायोग्य छ । यसरी नै सांस्कृतिकसारका कलाकृति आगामी दिनहरूमा पनि उनीवाट सृजना भैरहने अपेक्षा राख्न सकिन्छ ।

सन् १९४६ मा काठमाडौंमा जन्मेका श्यामलाल राष्ट्रिय–स्तरका विभिन्न कलाप्रतियोगिताहरूमा पुरस्कृत भइसकेका छन् र अन्तरराष्ट्रिय स्तरका कला–प्रदर्शनीहरूमा इन्डिया, जापान, वङ्गलादेश, रूस, अमेरिका, इटालीमा समेत सहभागी भैसकेका छन् । सन् १९६९ मा ललित–कला क्याम्पसवाट कला स्नातक श्यामलाल “नाफा” सल्लाहकार समितिको सदस्य, यागको संस्थापक सदस्य, कलाकार समाजको सदस्य र सृजना आर्ट ग्यालरीको पनि सदस्य रहेका छन् । युवा–कलाकारजगत्मा दृष्टान्त वन्न सफल कलाकार श्यामलाल श्रेष्ठ, नेपाली आधुनिक कलाजगत्का अर्ध अमूर्त “फिगर पेन्टिङ्ग” विधाका चर्चित चित्रकार हुन् भन्दा अतिशंयोक्ति नहोला !

★ ★ ★

कम्पोजिसन, तैल

श्यामलाल श्रेष्ठ

कम्पोजिसन, तैल



हिमाल, तैल, ४ X ५ फिट



कृष्ण मानन्धर

कम्पोजिशन, तैल ३ X ५ फिट

कृष्ण मानन्धर

कृष्ण मानन्धरको जन्म–वि.स. २००४ सालमा भोटाहिटी काठमाडौंमा भएको थियो । वालक कृष्ण केटाकेटीदेखि नै सँधै खेल्दै घरैछेउको जुद्धकला पाठशाला पुग्दथे । त्यहाँ विद्यार्थीहरूले चित्र वनाएको रेखा कोरेको घण्टौं हेरेर वस्दथे । अनि मख्ख पर्दथे यी भविष्यका चित्रकार । अनि घरमा आएर रेखा कोदर्थे । रंग–रेखालाई नै साथी वनाएका थिए यी वालकले । रंग र रेखासँग खेलिरहन्थे, चित्र सगै रमाउँदथे यिनी । चित्र कोर्दा समय वितेको थाहै पाउँदैनथे । जति वेर चित्र लेखे पनि थाक्दैन थिए गल्दैन थिए यिनी । छोराको चित्रप्रतिको आर्कषण र लगाव देखेर कृष्णका वावुले घर नजीकैको जुद्धकला पाठशालामा लगेर कृष्णलाई वि.सं. २०१६ सालमा भर्ना गरिदिए । र कृष्ण मानन्धरको चित्रकार वन्ने मार्ग खोलिदिए । कृष्णको त्यो दिन सुखद दिन थियो । भविष्यमा ठूलो कलाकार वन्नु थियो । कला पाठशालामा भर्ना हुन पाउँदा खुशी लाग्नु स्वाभाविकै थियो । यसरी कृष्ण मानन्धरका औपचारिक रूपमा कला–शिक्षाको अध्ययनको शुरूवात जुद्धकला पाठशालावाट हुन्छ । भविष्यका प्रसिद्ध चित्रकारको जग यही तयार हुन्छ । कृष्णले वि.स. २०२१ सम्म जुद्धकलामा अध्ययन गरे । कृष्णको उमेर १७ वर्षको थियो, जव उनले जुद्ध कलावाट 'कला प्रविण' पास गरे । वि.सं. २०२३ सालमा मात्र १९ वर्षको केटा भारत सरकारवाट प्राप्त छात्रवृत्ति अन्तर्गत सर जे.जे. स्कूल अफ आर्ट्समा चित्रकलाको अध्यनार्थ वम्वई पुग्दछन् । उक्त कला स्कूलवाट कृष्णले वि.सं. २०२८ सालमा अध्ययन पूरा गरेर १ वर्ष मुद्रण–कलाको पनि त्यही अध्ययन गरे । वम्वईमा पढ्दापढ्दै कृष्णले विभिन्न कला–प्रतियोगिताहरूमा भाग लिने गर्दथे र पुरस्कारहरू पनि पाउँदथे । राम्रो विद्यार्थी थिए उनी त्यहाँ ।

वम्वईवाट फर्केपछि 'स्कीव ७१' नामको जे.जे.वाटै पास गरेका चार धुरन्धर चित्रकारहरूको सामूहिक रंगमञ्चको जन्म हुन्छ । स्कीव ग्रुपका यी

संस्थापक अनि सशक्त हस्ती । स्कीव ग्रुपवाटै कृष्णको औपचारिक, व्यवसायिक कला–यात्रा शुरू हुन्छ । अनि अविरल रूपमा कला प्रर्दशनीहरू हुँदै जान्छन् । विस्तारै उच्चतामा उनी पुग्दै जान्छन्, प्रसिद्धि वटुल्दै जान्छन् । आज चित्रकार समाजमा एउटा प्रमुख चित्रकारकै रुपमा स्थापित भैसकेका छन् – कृष्ण ।

कृष्णको सृजनात्मक पथको चर्चा सन् १९७० का शुरूका वर्षहरूका कला प्रवृत्ति संगीतसँग सम्वन्धित छ । संगीतको आवाज, धुन, ताललाई आफ्नो कलाकृतिको विषय वस्तु वनाएका थिए उनले । उक्त समयका उनका चित्रहरू गतिमय, कलात्मक पुनरावृत्त छालहरू झै अनि संगीतको मधुर धुनको माधुर्यलाई अभिव्यक्ति दिन सफल थिए कृष्णका क्यानभास । रंग संयोजन र सन्तुलनले सौन्दर्यात्मक कृतिहरू संगीतमय भए । संगीतका लयात्मक तरंगहरू ध्वनि र तालको भावना प्रार्दुभाव गराएका छन् भने शास्त्रीय संगीत, मनोरञ्जनात्मक, त्रासपूर्ण भय, डर, दुःख आदि सवै वेलाका सवै किसिमका संगीतका आवाज वा ध्वनिलाई रंग–आकृतिको माध्यमवाट चित्रहरूमा व्यक्त गरेका छन् कृष्णले ।

मिठासपूर्ण कल्पना, सुगन्धित मधुर स्वच्छ हावा, चिसो पानी, हरिया पहाड, झर्ना, संगीत आदिले कृष्ण मोहित हुन्छन् । र उनी दृश्यचित्र विधातिर पनि त्यतिकै आर्कषित हुन्छन् । अनि राम्रा राम्रा अमूर्त र अर्द्धअमूर्त दृश्यचित्र विधामा पनि काम गर्दछन् यिनी । कृष्णको कलाकृति रंग र आकृतिको मिठासपूर्ण र परिपक्व सम्मिश्रणले सौन्दर्यमय हुँदै पूर्णतामा पुगेको आभास हुन्छ ।

ठूला–ठूला शहर, मान्छे, जनावर सवै वस्तु टाढिदै जाँदा विन्दुमा पुग्छ । मात्र एउटा थोप्लामा । तर त्यसै थोप्लामा पनि जीवन र आस्तित्व हुन्छ, । विन्दुमै जीवन केन्द्रित भएको, विन्दुमै विश्व अडेको र विन्दुमै ठूला–ठूला शहर अटाउँछ । प्रेम, माया, पीडा, दर्द सुख राम्रो नराम्रो हरेक प्रकारका विन्दु हुन्छन् । त्यही विन्दुनै विन्दुको माझमा आफूले चाहेको विन्दुलाई अगाडि ल्याएर फोकस दिएर रंगको माध्यमवाट विन्दुको अस्तित्वलाई उसको गुण र कुन विन्दुलाई प्रतिनिधित्व गरेको हो ? कृष्ण देखाउँछन् । कला सृजनामा आफ्नै स्वरूपहरू चलनमा ल्याउन सफल कृष्ण मौलिक सृजक हुन् । उनका हरेक कलाले आफ्नै प्रवृत्तिको चित्रण गरेका हुन्छन् । कृष्णका आफ्नै रंगसंयोजन आफ्नै विषय र आफ्नै शैली छन् । समग्रमा उनका जिउँदा

कलात्मक सृजनाहरू हाम्रा 'निधि' हुन् । थोरैमा धेरै अभिव्यक्ति दिन सक्ने खुवीका कृष्ण विन्दुशैलीका चित्र–श्रृङ्खलामा पनि निकै सफल रहे ।

आन्तरिक आवेग "इनर मोसन" विषयमा पनि कृष्ण मानन्धरका धेरै कलाकृति सृजना भएका छन् । मिठासपूर्ण रंग संयोजन, गहिराइयुक्त कलाकृति "उर्जा प्रधान" छन् । यो शैली र विषयका लामो कलायात्रावाट जन्मेका कृष्णको कलाकृति निकै सवल, सफल र चिरस्मरणीय छन् । त्यस्तै पञ्चतत्व विषयमा पनि यिनले निकै कलाकृति सृजना गरेका छन् ।

कला अभिव्यक्ति स्वतन्त्र र अच्क्षुण राख्दै आएका कृष्ण वाद र शैलीमा विश्वास राख्दैनन् । शैली र वादमा पर्नासाथ सृजना प्रकृयानै कृतिम हुन्छ, र कलाकृति पनि यान्त्रिक र कृतिम देखिन्छन् । त्यसकारण स्वतन्त्र अभिव्यक्ति नै प्राकृतिक अभिव्यक्ति हो, उक्त स्वतन्त्र अभिव्यक्तिले नै दर्शक र कलाकार दुवैलाई केही दिन सक्छ ।

कलाकृतिको संख्यामात्र वढाउँदा चित्र फितलो र कमजोर हुन सक्छ । त्यसकारण गुणतिर ज्यादै जोड दिनु पर्छ । 'सृजनाको मुख्य उद्देश्य कलाकृतिमा गुणयुक्त या उत्कृष्टता प्राप्त गर्नु हो' कृष्ण भन्दछन् । धेरैजसो चित्रहरूमा रंग र आकृति एक अर्काको विपरीत प्रयोग भएका हुन्छन् । आकृतिको परिवेश, विषयसँग रंगको तालमेल मिलेको हुँदैन् । आकृतिले एउटा रंग खोजिरहेको हुन्छ । तर रंग अर्कै लगाएको हुन्छ । जसले गर्दा चित्र सशक्त, खँदिलो, गहिरो र प्रभावशाली हुँदैन । कलाकृतिमा रंग र आकृतिको पूर्ण सामन्जस्य मिल्नुपर्छ । कृष्ण यो मामलामा सजग छन् । र उनका कलाकृतिमा रंग र आकृति सामन्जस्यपूर्ण हुन्छन् ।

एउटा रंगमाथि अर्को रंग मिसिन्छ । फेरि अर्को रंग आएर त्यो भन्दामाथिको रंगको तहमा वस्दछ । अनि अर्को रंग जन्मन्छ । तलको रंग मिसिएर अल्पिन्छ वा टाढिन्छ । लगभग अदृष्य हुन्छ । चित्रभित्र नयाँ परिस्थिति नयाँ रंगको 'टोन' देखिन्छ । रंग वदलिरहन्छ । नयाँ रंग प्रादुर्भाव हुन्छ । कतै रंग उघ्रन्छ र कतै अँध्यारो, तुवाँलोभित्र हराए जस्तो देखिन्छ । कतै रंग नियन्त्रित हुन्छ त कतै अनियन्त्रित । कतै गतिशील त कतै शून्य खालि । यही चित्रभित्रको रंगहरू वीचमा कृष्ण हराउँदछन् । फेरि आफूलाई निकै टाढा पाउँदछन् । फेरि पहिलैकै रंग नजिक फर्किन्छन् । यसरी रंगसँग खेल्दछन् र खेलिरहन्छन कृष्ण, अर्थात रंग मास्टर । उनी रंगको लचकता,

लयवद्धता रंगको मिठास, रंग समिश्रणवाट जन्मेका विभिन्न मनोरम आकृति र रंगका सुन्दर सप्तकहरूले पूर्ण रसास्वाद गराउँदछन् कला दर्शकलाई । यो नै कृष्णको सफल पक्ष हो । कृष्ण सृजनात्मक स्वतन्त्रताको पूर्ण परिचालन गर्दछन् । उनका चित्रहरूमा विद्रोही चेतनाको आभास पाईदैन । सामाजिक, राजनैतिक, विकृति, विरोध आदि सन्दर्भहरू त्यहाँ देखापर्दैनन् । परिर्वतन प्रतिद्वन्दिता र संघर्षका आवाजहरू पनि उनको क्यानभासमा हुँदैनन् । कमजोरी तनाव र चिन्ताको चित्रण कृष्ण गर्दैनन् । कृष्णको सृजनाका आफ्नै मौलिक अमूर्त निस्कर्षहरू हुने गर्दछन् । कलालाई हेर्ने, प्रस्तुत गर्ने आफ्नै दृष्टिकोण, आफ्नै शैली, आफ्नै विषयहरू छन् उनका । समृद्धि, सौन्दर्य र राम्रो पक्षको चित्रण गर्न रुचाउने कृष्णको जीवरत्न, लैनसिंह वाङदेल, शशि विक्रम शाह, शशिकला तिवारी मन पर्ने नेपाली कलाकार हुन् र विदेशीकलाकारमा ज्याकसन पोलो लगायत अरु थुप्रै अमेरिकी कलाकारहरू उनी मन पराउँदछन् ।

आधुनिक नेपाली कला विधाका एक प्रसिद्ध अमूर्त चित्रकार कृष्णले कलायात्राको लामो वाटो स्कीव ग्रुपवाटै तय गरेका छन् । कृष्ण स्कीवको पर्यायवाची शव्दनै हुन् । ललितकला क्याम्पसमा शुरूदेखिनै अध्यापनकार्यमा लागेका कृष्ण मानन्धर आज अमूर्त चित्रकारको नाम लिदा अग्र पंक्तिमा आउँछन् ।

★ ★ ★

कान्छा कुमार कर्माचार्य

जन्मजात कलात्मक अभिरूचि लिएर वि.सं. २००३ जन्मेका छान्छा कुमार घर परिवारको रोकावाट, छेकवार भत्काएर सृजनात्मक अभिव्यक्ति दिने वाटो आफै वनाउँदै जान्छन् क्रमशः यसै क्रममा जुद्धकला पाठशालामा भर्ना हुन्छन् १२ वर्षको उमेरमा यिनी । प्रायः कलाकारहरूलाई घरका कसैले प्रोत्साहन गरेको पाइन्छ । तर के. के. कर्माचार्यको घर परिवार उनी कलाशिक्षा तर्फ अग्रसर होउन भन्ने चाहना राख्दैनथे । त्यसै कारण भर्ना भईसकेको, पढ्न थालिसकेको जुद्धकला पाठशालावाट केही समय पछि उनी निकालिन्छन् । तर के. के. कर्माचार्यको सानै देखि कलाकार वन्ने महत्त्वाकांक्षालाई रोक्न फेरि उनीहरू सफल भएनन् । यिनी पुनः कलापाठशाला फर्कन्छन् र यस पटक "कला प्रविण" प्रमाणपत्र लिएरै छाड्छन् । यिनले कला प्रमाण-पत्र लिएको वर्ष थियो सन् १९६५ । यसको २ वर्ष पछि देखिनै यिनी हुलाक सेवा विभागमा टिकट डिजाइनरको रूपमा कार्यरत छन् ।

हाम्रो चित्रकला विधाका कलाकारहरूमा एक प्रसिद्ध हुलाक टिकट डिजाइनर हुन् के. के. कर्माचार्य । यिनीले हुलाक टिकट डिजाइनरको रूपमा आफ्नो वर्चस्व कायम गरेका छन् । अर्थात् उनी नेपालको चर्चित हुलाक टिकट डिजाइनर हुन् । हुलाक टिकट डिजाइन विद्यामा यिनले राम्रो प्रभाव जमाइसकेका छन् । टिकट डिजाइन कलाको विकासको लागि यिनका सृजनात्मक प्रयास महत्त्वपूर्ण छन् । यिनले गरेका टिकट डिजाइन सृजनात्मक र उच्च स्तरको हुने गरेको सवैले मान्दै आएका छन् । हुलाकले हालसम्म ५०० भन्दा वढी टिकट निस्काशन गरेकोमा २८० थान टिकटको डिजाइन त कान्छा कुमारले नै गरेका छन् । राष्ट्रिय व्यक्तित्व, विभूति, शहीद, जनजाति, विभिन्न जनावरहरू, फूलहरूका विविधता, पुतलीहरू प्राकृतिय सौन्दर्यमूलक टिकटहरूका सृष्टा कान्छा कुमार के. के. कर्माचार्यको नाउँवाट वढि चिनिन्छन् । यिनको उच्च प्रतिभाको कदर

स्वरूप देश विदेशबाट धेरै पटक पदक, प्रमाण-पत्र र सम्मानहरूबाट सम्मानित भैसकेका छन् ।

सृजनशील कलाकार कान्छा कुमारका सृजनात्मक जीवन हेर्दा शुरूका दिनहरू अर्थात् वि.सं. २०२६-२७ साल तिर "कोलाज" पेन्टिङ्ग गर्दथे । भनिन्छ, पनि त्यस वेला कोलाज पेन्टिङ्गलाईनै मुख्य विषयवस्तु वनाउने यिनी मात्रै थिए । यो विधामा यिनले धरै वर्षसम्म काम गरे । रंगीन कागजहरू, विभिन्न प्रकारका वस्तुहरू, पत्रपत्रिकाका रंगिन फोटोहरू, विभिन्न अक्षरहरू सहितका समाचार पत्रहरू, वोराका टुक्रा, कपडाहरू, सिसा, काठ आदि वस्तुहरूलाई एकै ठाउँमा विभिन्न तरिकाले टाँसेर विभिन्न आकृति दिएर विभिन्न आकर्षक कोलाज तयार गरे यिनले । दर्शकहरूमा छाएको अभिरूचि कौतुहलताले अझ प्रेरणा र उत्साह थपेपछि त कान्छा कुमार धेरै समय र वर्ष सम्म यही कोलाजलाई नै आफ्नो अभिव्यक्तिको मुख्य माध्यमको रूपमा लिन्छन् । यिनको पहिलो कोलाज पेन्टिङ्गको एक व्यक्ति प्रदर्शनी भएको २०२९ वि.सं. मा हो । यिनलाई सवैभन्दा वढी मन पर्ने माध्यम कोलाज पेन्टिङ्गको धारा प्रवाह धेरै वर्ष सम्म रह्यो । कोलाज अमूर्त अर्ध अमूर्त, फिगरेटिभ आदि विभिन्न खाले कोलाज गर्दै रहे तर हाल केही वर्ष यता देखि यिनले कोलाज गर्न छाडेका छन् । परिवर्तित समयमा अरू नै अभिव्यक्तिका माध्यमहरू अपनाएका छन् । अचेल उनका नियन्त्रित हात कूची लिएर क्यानभासको सतहमा सल्वलाउँछन् र ठोस आकृति लिएर क्यानभासको गर्भवाट कृति जन्माउँछन् । मतलव आकृतिमूलक क्यानभास पेन्टिङ्गमा हाल उनी एकत्रित छन् । कल्पना र सृजनाहरू हुलाक टिकटका डिजाइनर पनि भएकाले यिनका चित्रहरूका तत्वहरू वडा सावधानीपूर्वक अभिव्यक्ति गरेको पाइन्छ । कृतिहरूमा पाइने विषय विविधताले दर्शकहरूले चाहेको चीज पाउन सक्छन् । उनको दक्षता, सक्षमता र लामो अनुभवले गर्दा कृतिहरू सजीव हुन्छन् र सौन्दर्यपूर्ण पनि हुन्छन् ।

सृजनात्मक विविधतालाई दृष्टिगत गर्दा टिकट डिजाइन बाहेक यिनी दृष्य चित्र, मुहार चित्र, सामाजिक, धार्मिक, क्रियाकलाप, फिगरेटिभ र देवी देवताका चित्र अर्ध फिगरेटिभ फर्म लगायत मूर्त र अमूर्तसम्म - पानी, एक्रोलिक, तैल रंगका माध्यमहरूवाट विविध अभिव्यक्ति दिन्छन् कान्छा कुमार कर्माचार्य ।

सरल र नम्र स्वभावका कान्छा कुमार सृजनामा मुड, वातावरण र स्थानको महत्त्वपूर्ण भूमिका हुने वताउँछन् । योग्य इमान्दार साथै विषयगत ज्ञान हासिल गरेका कला समीक्षकले कला र कलाकारको वारेमा लेखिने निष्पक्ष लेखाइले अवश्य पनि कला विकास र यस क्षेत्रको लागि महत्त्वपूर्ण भूमिका निभाउन सक्ने यिनी वताउँछन् ।

इन्डिया, वंगलादेश, कोरियामा आफ्नो कला प्रदर्शनीहरू गरिसकेका कान्छा कुमार गोरखा दक्षिणवाहुवाट पनि विभूषित छन् ।

फुस्रो ख्याति र प्रसस्ती मन नपराउने कान्छा कुमार काममा विश्वास गर्दछन् । कला क्षेत्रको विकासको लागि सामूहिक प्रयासको जरूरत छ, व्यक्तिगत स्वार्थ भन्दा माथि उठ्नु पर्ने राय यिनी राख्दछन् । कान्छा कुमार निहित क्षणिक स्वार्थ भन्दा तमाम कला क्षेत्रकै विकासमा लागि पर्ने समर्पित कलाकार हुन् यिनी सिद्धान्तवाद कलाकार हुन् । सम्पूर्ण कला क्षेत्रको विकासको लागि आफ्नो व्यक्तिगत स्वार्थ व्यक्तिगत उपलव्धिलाई लत्याउने केही निश्चित कलाकारहरू मध्ये पर्दछन्, कान्छा कुमार । यिनी सिद्धान्त फेर्दैनन् । दल वदल गर्दैनन् । यतावाट उता गर्दैनन् । अडिग छन् । कला क्षेत्रको सम्पूर्ण विकासको लागि ललितकला प्रतिष्ठान नै खुल्नु पर्छ उनी भन्दछन् ।

परम्परावाट नयाँपन देखिएका कृतिहरूलाई आधुनिक भन्नु पर्ला उनी भन्दछन् । आधुनिक अमूर्त कलामा पनि राष्ट्रिय पहिचान देखाउन सकिने धारणा यिनको छ । लगभग दिनमा ३-४ घण्टा सालाखाला काम गर्ने कान्छा कुमारलाई मन पर्ने विदेशी कलाकार व्राक हुन् भने नेपालीमा चन्द्रमान मास्के मन पर्ने कलाकार हुन् । फुर्सदको समयमा आफ्नो परिवारसँग वस्न घुम्न यिनी मन पराउँछन् ।

यिनका सृजनाको कुरा गर्दा आन्तरिक संसारलाई भन्दा वाहिरी विषयवस्तुलाई नै क्यान्भास, कागज, कार्डवोर्ड आदिमा उतारेका हुन्छन् । विषयवस्तु वाहिरी भएपनि आन्तरिक शक्तिहरूको चाहि पूर्ण रूपमा अभिव्यक्ति दिन सफल छन् यिनी । भावनाको अभिव्यक्तिमा चिन्तन् गर्दै काम गर्दै जाँदा परिणाम जहिले पनि अर्कै निस्कने गरेको तर जे निस्कन्छ आफ्नो क्यान्तभासवाट आफू सन्तुष्ट हुने गरेको वताउँछन् यिनी । कहिले काहि चाहीं यो रंग यो आकार वनाउनु भन्ने पूर्व सोचाइ हुन्छ तर कहिले

शून्यमा रंगसंग खेल्दै जान्छन् अनि भावना रंगीदै जान्छ क्यानभास भरिदै जान्छ र विस्तारै एउटा अमूर्त आकृतिको जन्म हुन जान्छ कहिले मूर्त आकृति पनि जन्मन्छ यसरी सृष्टि गर्छन् कान्छा कुमार कृतिहरूको । रंग मञ्चको रूपमा प्रयोग हुन्छ यिनको क्यानभास । कहिले कल्पनालाई कार्यान्वयन गर्न सकिन्छ कहिले तेस्रो चित्रको उत्पत्ति त्यहाँ हुन्छ । जे व्याख्या गर्न सकिन्छ । त्यो क्यानभासमा कार्यान्वयन गर्न गाऱ्हो हुन्छ फेरि भन्दछन् यिनी ।

हिमाल सेतो हुन्छ, जब सूर्यको किरण त्यहाँ पर्छ, त्यसको रंग रंगीन हुन पुग्छ । सूर्यमा भएको सप्तरंगलाई नै हिमालमा कोठा कोठा पारी रंगीन गलैचा बनाएका छन् भने अर्को चित्रमा नेपाली संस्कृतिको रूपलाई पनि रंगमा उतारेका छन् । आर्कोमा कोलाज छ । समष्टिगत रूपमा कान्छा कुमार एक कुशल कृयाशील कलाकार हुन् । हाम्रो समाजमा के.के. कर्माचार्य नामले प्रसिद्ध छन् ।

★★★

संस्कृती, पानी रंग १५" x २०"



कान्छा कुमार कर्माचार्य

हिमाल, तैल १५" x २०"

शान्ति, तैल ८४ x ४४ से.मी.

शंकर राज सिंह सुवाल

शान्ति, तैल ८४ x ७४ से.मी.

शंकर राज सिंह सुवाल

श्राम विराज सिंह सुवालका छोरा शंकरराज सिंह सुवाल ओमवहाल काठमाडौंमा वि.सं. २००५ सालमा जन्मेका हुन् । वालककालदेखि नै चित्रकलामा विशेष रुची यिनी राख्दथे । अर्थात यिनी सानैदेखि चित्र कोर्दथे । झन वुवाको प्रोत्साहन पाएर यिनी दिन रात चित्र कोर्न तम्सन्थे । जतातते र जहिले पनि खेल्दा वस्दा खाँदा पनि यी चित्र कोर्दथे, वनाउँदथे अनि आनन्द मान्दथे ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा कलाकक्षा सञ्चालन हुन थालेको वेला वि.सं. २०२१-२०२३-३ वर्ष यिनले श्री लैनसिंह वाङ्देल अन्तर्गत चित्रकला सिकेका थिए । फेरी २०२६-२७ मा पनि १ वर्ष कला शिक्षा लिएका थिए यिनले । त्यसैवेला भारत सरकारवाट प्राप्त छात्रवृत्तिमा चित्रकला विषय पढ्न जान यिनी छानिन्छन् र भारतको वरोडास्थित एम.एस. विश्वविद्यालयमा अध्ययन आरम्भ गर्दछन् । त्यहाँ ५ वर्ष कोर्ष चित्रकलामा गरेर डिग्री हासिल गरी २०३१ सालमा काठमाडौं फर्कन्छन् ।

वि.सं. २०२२ सालदेखि नै यिनी राष्ट्रिय कला प्रदर्शनीहरुमा सहभागी हुदै आएका छन् । एक व्यक्ति र सामूहिक चित्रकला प्रदर्शनीहरु पनि धेरै पटक गरि सकेका छन् भने जापान, रुस, इण्डिया, ढाकामा आयोजित अन्तर्राष्ट्रिय कला प्रदर्शनीहरुमा पनि यिनको सहभागीता थियो । यिनको पहिलो एक व्यक्ति कला प्रदर्शनी सन् १९६६ मा भएको हो । जुन भारत सांस्कृतिक केन्द्र नयाँ सडक काठमाडौंमा भएको थियो । त्यस्तै यिनको दोश्रो एक व्यक्ति चित्रकला प्रदर्शनी सन् १९८४, तेश्रो १९७३ मा वरोडा (भारत), चौथो अहमदावाद (भारत) सन् १९७४ मा भएको थिए । यस सन्दर्भमा यिनले राष्ट्रिय कला पुरस्कारहरु पनि पाएका छन् । वि.सं. २०३३ सालमा मास्को (रुस) मा आयोजित अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा यिनको "शान्ति" नामक चित्रले निकै चर्चा पाएको वताईन्छ ।

सन् १९६७ मा नाफाद्वारा आयोजित कला प्रतियोगीतामा प्रथंम भै सकेका शंकरराज सिंह, गोरखापत्र संस्थानमा कार्यरत छन्। दृष्टान्त चित्रहरु बनाउँदछन्, इचिङ्ग गर्दछन् अरु कमर्सियल कामहरु पनि गर्दछन्। रेखाचित्र सुदृढ छ यिनको। नेपाली कलाकारहरुमा चन्द्रमान सिंह मास्के, लैनसिंह वाङ्देल र विदेशी कलाकारहरुमा भ्यानगग, सेंजा, साल्भाडोर डाली, पिकासो आदि शंकरराज सिंहको मनपर्ने कलाकारहरु हुन्।

भक्तपुर म्यूजियममा संकलन गरिएको "शान्ति" नामक चित्र जुन २०३० बि.स.मा यिनले सृजना गरेका थिए, त्यस्तै त्रि.वि.वि. स्मृतिभवनमा रहेको "रातो नारायण" को चित्र, "बम्हामा विष्णु महेश्वर" को चित्र र २०४६ सालको ल्याण्डस्केप "काठमाडौं" नामक तैल चित्र आफूलाई हालसम्म सृजना गरेका चित्रहरूमा बढी मनपर्ने वताउँदछन् यिनी।

मौलिक भावनाको अभिव्यक्ति भएको कलालाई ललितकला र अरुले गरे गराए अनुसार बनाइने कलालाई कमर्सियल आर्ट यिनी मान्दछन्। क्राफ्ट भन्नाले एकै डिजाईन र शैलीको वारवार मिल्ने गरी वनाई वजारमा ल्याइने कलालाई क्राफ्ट आर्ट भनिन्छ - शंकर भन्दछन्। अमूर्त कलामा पनि धर्म, संस्कृति, राष्ट्रिय पहिचान राख्ने गरी अमूर्त कलाको सृजना गर्न सकिने भएकोले नै म यस्तै किसिमको कला सृजना गर्दछु – यिनी भन्दछन्।

२०२१ सालमा एक व्यक्तिलाई चित्र दिएको उसले झुण्ड्याउँछु भनेको तर पछि आफ्नों चित्रको फ्रेम झिकी उक्त व्यक्तिको छोराले क्यालेण्डरको चित्र हालेर झुण्ड्याई मेरो चित्र मलाई फिर्ता गरेको थियो। कलाभन्दा क्यालेण्डर चित्र राम्रो ठानी यसो गरेको थियो। कलाप्रतिको मान्छेको सम्बन्ध सोचाइ र ज्ञान देखेर आफू छक्क परेको र आजसम्म त्यो घट्ना, त्यो व्यक्ति विर्सन नसकेको अविष्मरणीय घट्ना उनी वताउँदछन्।

आफ्नो फूर्सदको क्षण गीत गाउने कविता कोर्ने र लिथोग्राफिक कामहरु गर्ने गरेको उनी वताउँदछन्। २०२१ सालमा सवैभन्दा कम मूल्यमा रू. ८५।- मा चित्र वेचेको र २०३५ सालमा अमेरीकी नागरीकवाट "वेभ अफ पिस" नामक तैल चित्र रू. ५५,०००।- मा विक्री गरेको वताउँछन् यिनी।

वीरेन्द्र आर्ट ग्यालरीले जसको पायो त्यसकै आफ्नो प्यानलका, जो आफूसँग नजिक छन् उनीहरुको कलास्तर पनि नहेरी कलाकृति किन्ने तर

पुराना मान्यवरहरुको कलाकृति किनी संरक्षण सम्वर्द्धन नभएको देख्दा दु:खद अनुभूति भएको वताउँदै यसरी कलाको संरक्षण, सम्वर्द्धन र विकास कसरी हुन्छ ? उनी प्रतिप्रश्न गर्दछन् । फेरि यहाँ कला समीक्षकहरु पनि आफूखुशी आफ्नो सम्पर्कमा भएकाहरुको र आफ्नो प्यानलको मान्छेको वढाइ चढाइ लेख्ने गरिन्छ तर समालोचना नि:स्वार्थ भावले गरेमा नै कला र कलाकारको लागि उपयोगी हुन सक्दछ नत्र यसको कुनै मान्यता रहदैन शंकर भन्दछन् ।

नेपालमा हालसम्म "ललितकला प्रतिष्ठान" खुल्न नसक्नु कला जगत्को दुर्भाग्य नै हो । देशमा कला विकासको लागि "ललित कला प्रतिष्ठान" नै खुल्नु पर्ने धारणा राख्ने शंकरराज आफ्नो सिद्धान्तमा अडिग र स्थीर छन् ।

शंकर राज सिंह नेपाली कला विधामा राम्रा चित्रकार वुझिन्छन् । अभिव्यक्तिमा प्रष्ट सरलता उनको विशेषता हो । यिनी व्यवहारिक छन् र रमाइला पनि छन् । आफ्नो स्वार्थ पूर्तिको लागि सिद्धान्त नत्यागने यिनी अटल निष्ठावान छन् । साहस र नैतिकता यिनको व्यक्तिगत गुण हुन भने आत्मवल यिनको गहना हो । एकेडेमी स्थापनार्थ समिति, आर्टिस सर्कल र आर्टिस सोसाइटीका यी सदस्य पनि छन् र यस क्षेत्रको विकासको लागि लागिपर्ने कर्मठ कार्यकर्ता पनि हुन् ।

"काठमाडौं" नामक चित्र, राजनैतिक उथल पुथल पछिको उराठ, विभत्स, जीवरहित, शून्यता, उकुसमुकुसको वातावरण सत्य र भयावहको स्थिति चित्रमा प्रष्ट देखाइएका छन् । तुवाँलो उडिरहेको चारैतिर निलो, रातो वातावरण, तातो रगतका दागहरु पराजीत परिस्थितिको चित्रण गरिएको एक राजनैतिक इतिहास सम्झाउने २०४६ सालको राजनैतिक इतिहासको एक पानाको रुपमा यो चित्र रहेको देखिन्छ ।

उनको "शान्ति" नामक चित्रले साँच्चिकै शान्तिको अनुभूति गराउँदछ । हरियो र निलो रंगको प्रधानता र त्यही दुई रंगको सम्मीश्रणवाट वनेको चित्र शान्त प्रवृत्तिको छ । विषय वस्तु र रंग सम्मीश्रणवाट निस्केका रंगका रंगीन तहहरुले सम्मोहन ल्याएको छ । चित्रमा रंग मिठास र आध्यात्मिक चैतन्य शक्तिलाई प्रष्ट देखाएका छन् ।

शंकरराज सिंहको मुख्यतया आध्यात्मिक चिन्तनको चित्रण सजीव र आकर्षक देखापर्छ । कलात्मक पौरख स्वभाविक र महत्वपूर्ण देखिन्छन् ।

परिकल्पना आकर्षक र सार्थक लाग्दछन् भने उनको चिन्तन स्वस्फूर्त छन् । पर्याप्त सूक्ष्म अध्ययन गर्दै मौलिकता कायम गरेका छन् यिनका कृतिहरुले । धार्मिक र सामाजिक यथार्थ दिग्दर्शित गर्न उनको सार्थकता अलौकिक तत्वज्ञान र आध्यात्मिक चित्रमा देखापर्दछन् । अथवा सृजनामा यिनी प्रखर छन् भन्दा हुन्छ ।

कलादक्ष शंकरराज सिंह सुवालको नाम आधुनिक नेपाली कलामा महत्वपूर्ण छ । साथै यस विधामा यिनको सृजनात्मक योगदान फराकिलो छ ।

★★★

शशीकला तिवारी

शशीकला तिवारी ६,७ वर्षको उमेरदेखि नै राम्रा चित्र कोर्दथिन् हुने विरुवाको चिल्लो पात भने झैं। अझ वुवाको प्रोत्साहन र प्रेरणाले हौसला थपेथ्यो उनीलाई। विस्तारै विस्तारै चित्रकलालाई यिनीले समेट्दै लगिन्। सन् १९७३ मा वरोदा यूनिभरसिटीको कला-स्नातक भएपछि एक पेशेवर कलाकारको रूपमा देखा परिन् शशीकला। अनि चित्रकलाकै अथाह सृजनात्मक सागरमा चुर्लुम्मै डुविन्। आज हाम्रो सामु शशीकला एक अग्रज चित्रकारको रूपमा परिचित छिन्।

कुनै पनि चित्रले सम्पूर्ण रूपमा संतोष दिंदैन- शशीकला भन्दछिन्। अर्को, फेरि अर्को चित्र वनाइन्छ र फेरि पूर्णतामा पुगिंदैन यो क्रम अविरल चलिरहन्छ। जिज्ञासाको अन्त र समाधान छैन। त सृजना एक निरन्तर प्रक्रिया हो र हुनु पर्दछ पनि। मन एकाग्र छ भने सृजनात्मक लगनशीलता कायम रहन्छ। अनि १० सौं घण्टा पनि काम गरिन्छ! हैन भने पटक्कै काम नगर्न पनि सकिन्छ। सवै मूडका कुरा हुन्। कलाको शैली, स्वरूप र प्रस्तुतिकरण आफ्नो माटोको नजिक भयो भने त्यसलाई वढी प्रभावकारी रूपमा अभिव्यक्ति दिन सकिन्छ - उनी भन्दछिन्।

कला-फाँटमा प्रसिद्धि कमाएकी नारी हस्ताक्षर शशीकला तिवारी। जसको चित्र भित्रका रंगीन इन्द्रेणीलाई हेरेर कल्पनाको तरंगमा रम्दछन् दर्शकहरु। उनका कला अमूर्त चेतनाको गतिमान् अभिव्यक्ति न हो। त्यसकारण त उनको आन्तरिक भावनाको अभिव्यक्तिलाई कतिले वुझ्दैनन्। तर आकृतिको सूक्ष्मरुपलाई जसले केलाउन सक्यो, उसले वुझ्दछ पनि। अविरल प्रवाहित, सृजनशील कलायात्री शशीकलाले शैलीमा निजीपन अथवा मौलिकता कायम गरिसकेकी छिन्। आफूले अनुभूति गरेको संवेदनशीलतालाई उतार्न सक्ने खुवी छ उनीमा। शशीकलाको सृजनात्मक निपुर्णता, अझै खास भन्ने नै हो भने-रंग संयोजनको निपुर्णताले नै दर्शकलाई आकर्षित गर्न सकेका हुन्। प्रस्तुतिको ढंग, विषय वस्तुको

उपस्थिति र संयोजन, सन्तुलित आकार र रंग आदिको निकट सहज अन्तर-सम्वन्धका कारणले चित्रहरु प्राय हृदयाकर्षक नै हुने गरेका छन् । त्यसैले, उनको कृतिहरुको अवलोकन गर्दा दर्शक आनन्दित हुन्छन् । हाम्रा कला-दर्शक प्राय प्रकृतिप्रधान र सरल सुगम सुन्दर चित्र मन पराउंदछन् । शशीकला तिवारी त्यस्तै कृतिहरुको स्रष्टा भएकीले वढी सफल छिन् । नारीआकृति र प्रकृतिवादी चित्रहरु नै यिनको प्रमुख विषयवस्तु हुँदै आएको छ । यिनको नारीप्रधान चित्रहरुमा "मर्सिङ्ग वीथ नेचर" को छोटो वर्णन यहां गरिन्छ । यो मधुरो हल्का नीलो मिसिएको खरानी रंगको टोनमा वनेको एक आकर्षक प्रकृति र नारीप्रधान तैल चित्र हो । युवतीको आकर्षक नागवेली शरीर, जसको सप्को सिर सिरे हावाले लहराइरहेको छ । जसले गर्दा सुलहर उत्पन्न हुन गई सम्पूर्ण चित्र नै गतिमान भए भैं लाग्दछ । चित्रको सम्पूर्ण वातावरण चिसो ठण्डा लाग्दछ । मीठो हिमाली हावाले दर्शकको मन चुम्दछ । अलि अलि चिसोपनले कुम खुम्चाएकी छिन् चित्रको युवतीले । शरीरको सम्पूर्ण भार एउटा खुट्टामा राखेकीले नितम्व र शरीरको सम्पूर्णभार एकापट्टि आएकोले युवतीको शरीर गतिमय बनेको छ । युवतीको लहराइरहेको पच्छ्यौरी नै हिमालको आकृति वनेको छ । फरिया हिमनदी बनेको छ । त्यस्तै उड्दै गरेको कपाल वादल वनेको छ । हरियो चोलो कतै पहाड बनेको छ । युवतीको उदासीनतालाई मानौं सम्पूर्ण प्रकृति नै विरक्तिएर समाहित गर्न खोजे भै लाग्दछ । प्रकृति र युवतीको एउटै परिवेश र परिस्थिति छन् । आकाश अस्पष्ट निराशाजनक छ । सूर्यलाई कालो वादलले छोपेर अध्यारोभित्र हराएको छ । तर पनि वादल गतिमान देखीएकोले-चांडै नै यो मडारिरहेको तुवाँलो हटेर जाला र सुखद उज्यालो रूपी घाम चांडै नै आउला जस्तो अनुभूति चाहिं गर्न सकिन्छ । चित्र अर्थपूर्ण छ । अनि चित्रको संसार पनि सन्तुलित र सुन्दर छ । यो चित्रको मुख्य विशेषता नै समृद्ध, शान्त र शीतल रंग संयोजन हो । युवतीको शरीर संरचनामा देखाइएको लचकता, गतिशीलता र सजीवताले गर्दा नै चित्र पूर्णतामा पुगेको छ । यसरी नारी र प्रकृति सह- अस्तित्व र समान हुन् भन्ने भावनाको प्रतिनिधित्व उक्त चित्रले व्यक्त गर्दछ ।

गरिमापूर्ण ऐतिहासिक, पौराणिक नारी-गाथाहरुको पृष्ठभूमिमा ठोस विषयहरुलाई लिएर अरु धेरै कृतिहरु तयार गरिसकेकी छिन् शशीकला तिवारीले । जस्तै यशोधरा, शकुन्तला, द्रौपदी-चिरहरण आदि । यिनको

हालसालको भित्तेचित्र, जुन काठमाडौं वैंकको भित्तामा चित्रित छ-यो शैलीको चित्र नेपाली कलाकारको पहिलो वाहिरी म्यूरल कृति हो ।

नारीप्रधान सृजनामा उत्सुक यी महिला प्रतिभा आफ्नो चित्रभित्र एउटा अलग्गै पहिचान र छुट्टै संसारको संरचना गर्दछिन् । उनको कृतिमा सूचना पर्याप्त हुन्छ । नाटकीय परिस्थिति र जटिल आकृति त्यहां हुँदैन र आडम्वर पनि त्यहाँ छैन । उनको अमूर्त शैलीका चित्रहरुको विविधता र विशेषता फेरि आफ्नै किसिमको छ । तर पनि यिनको शैली चिनाउने मुख्य मापदण्ड चाहिं पङतिवद्ध, चरणवद्ध, सु-लहरयुक्त रेखाको तरंगित रेसाहरु एकमाथि अर्को इन्द्रेणी झैं रंगहरुको समृद्ध सप्तकहरु र नीलो रंगको प्रधानता नै हो । पिकासो र सेजान यिनीलाई मन पर्ने कलाकार ! त्यसमाथि पिकासोको व्ल्यू फेजबाट यिनी निकै प्रभावित छिन् । पिकासोको व्ल्यू-फेजवाट प्रभावित भएर यिनीले धेरै कृतिहरु रचना गरिसकेकी छिन् र गर्दैछिन् । अस्पष्ट अनि तुवाँलोको ओझेलभित्र विलाए झै लुकाए झै हुन्छन् । यिनका चित्रका नारी रूप अनि लालीगुराँस लाली छर्दै मनमोहक रूपमा देखिन्छन् । फूल साह्रै मन पर्छ शशीकलालाई । जस्तो यिनको बगैंचाभरी फूलै फूल छ, त्यस्तै क्यानभासभरि फूलै फूल छ । आकास्सिरहेका चराहरु यी बनाउँछिन् र कल्पनामा चुर्लुम्म डुवेर निकैवेर कता कता हराउँदछिन् पनि– शशीकला ।

चित्रकार शशीकलाको कवितामा पनि कलम चल्दछ । व्यक्ति उनी आत्मविश्वासकी । कुरा व्यवहारिक गर्छिन् । चिप्लो कुरा मन पराउँदिनन्, स्पष्ट छिन् । कलाकार बनेकी यी स्वाभिमानी र निर्भीक छिन् । फुलवारी, वाग-वगैचामा पूरा समय दिन्छिन् अनि फुर्सदमा संगीत पनि सुन्छिन् ! किताव पढ्छिन् र राम्रो कार्यक्रम छ भने– टि. भि. पनि हेर्छिन् ।

शशीकलाले २०३० सालमै काठमाडौंमा पहिलो चित्रकला प्रदर्शनी गरिसकेकी थिइन् । त्यसपछिको अविरल कला-यात्राका दौरानमा धेरै स्वदेश र विदेशमा उनको कला प्रदर्शनीहरु भै सकेका छन् । पहिलेदेखि नै श्री ५ को सरकार सूचना विभागमा प्रमुख कलाकारको हैसियतले कार्य गर्दै आएकी शशीकला "सिद्धार्थ आर्टग्यालरी" को संस्थापिका मध्ये एक हुन्- र यो ग्यालरीको माध्यमवाट देशमा कला-चेतना विकास र विक्री वितरणमा, उल्लेखनीय कार्य गर्दै आएकी छिन् ।

आजका ख्याति प्राप्त शशीकला तिवारी उनको आफ्नै सृजनात्मक निरन्तरताले वनाएकी शशीकला हुन् ।

मरसिंङ वीथ नेचर, तैल

शशीकला तिवारी

कम्पोजिसन, तैल



इन्भायरमेन्ट, तैल



वीरेन्द्र प्रताप सिंह

इन्भायरमेन्ट, तैल

वीरेन्द्र प्रताप सिंह

युवा कलाकार वीरेन्द्र वि.स. २०१२ सालमा काठमाडौंमा जन्मेका हुन् । यिनको वुवा लक्ष्मण जंगवहादुर सिंह वंगलादेशको राजदूत थिए । त्यसकारण वीरेन्द्र प्रताप सानै देखि वंगलादेशमा वसेका थिए । त्यहाँको स्कूलमा अनिवार्य कला शिक्षा व्यवस्थाले गर्दा यिनी चित्र कोर्न थाले । साथै वुवालाई विभिन्न ग्यालरीहरूको आयोजनामा हुने कला प्रदर्शनीहरूमा निम्तो आउने गरेकाले यिनी पनि सँगै गई कलाकृति हेर्ने मौका पाउँथे । यसरी कला प्रति प्रभावित हुँदै स्कूलमा चित्र सिक्दै यिनी कलाकार वन्ने वाटोतिर अग्रसर हुँदै जान्छन् । पछि वनारस हिन्दू विश्व विद्यालयवाट चित्रकलामा कला स्नातक सम्म गरे र वर्ष थियो १९७९ इ.वि.सन् । त्यस्तै ग्राफिक कलामा पनि यिनले ललित कला एकेडेमी (भारत) वाट शिक्षा लिएका थिए । यसरी वीरेन्द्र प्रताप कलाकार वन्न पुग्दछन् ।

भारत, जापान, वेलायत, वंगलादेश, द. कोरिया र नेपालमा यिनले धेरैचोटी सामुहिक कला प्रदर्शनीहरूमा भागलिई सकेका छन् । एक व्यक्ति कला प्रदर्शनी ८ औं पटक गरिसकेका छन् । वीरेन्द्र प्रतापको पहिलो एक व्यक्ति चित्रकला प्रदर्शनी सन् १९७६ मा नेपाल भारत सांस्कृतिक केन्द्र काठमाडौंमा भएको थियो भने सामूहिक प्रदर्शनी सन् १९७० मा “नाफा” मा भाग लिइ सुरू गरेका थिए ।

सन् १९८१ देखि नै गोरखापत्र संस्थानमा कलाकारको रूपमा जागिरे वीरेन्द्र प्रताप विभिन्न पत्रपत्रिकामा रेखाचित्र, दृष्टान्त चित्रहरू वनाउँदछन् । हालसम्म हजारौंको संख्यामा विभिन्न दृष्टान्त चित्रहरू वनाइसकेका छन् । मधुपर्क, गोरखापत्र, युवामञ्च, देशान्तर साप्ताहिक, स्पटलाईट, अर्थ र राजनीति, ट्राभवोर्ड आदि विभिन्न पत्रपत्रिकामा यिनका नियमित दृष्टान्त चित्रहरू (इलेष्ट्रशन) देख्न पाइन्छ । यिन रेखाचित्रवाट यिनको प्रतिभाको परिचय मिल्दछ ।

कला अभिव्यक्तिमा नयाँपनको प्रयोग गर्न प्रयासरत रहँदै कसरी हुन्छ त्यसमा आफ्नो उत्कृष्ट अभिव्यक्ति प्रकट गर्न सकिन्छ भनेर वीरेन्द्र प्रताप लागि पर्दछन् । त्यसकारण कृतिमा विविधता र कलात्मक सौन्दर्य पक्षमा पनि त्यत्तिकै ध्यान दिन्छन् सृजना कुनै सिमारेखामा अट्दैन र अटाउन खोज्न पनि हुँदैन भन्ने मान्यता राख्ने वीरेन्द्र प्रताप कलालाई व्यवसाय वा आर्थिक उपार्जनको लागि सृजना गरे स्वस्थ र स्वतन्त्र सृजना मर्दछ । यिनी भन्दछन् । आफ्ना कला नीजि अनुभूति हुन् र कला कलाकै लागि सृजना भएमा साँचो अर्थमा रचनात्मक कार्य भएको यिनी मान्दछन् । मूर्त, अमूर्त जुनसुकै कलामा पनि आफ्नो राष्ट्रिय पहिचान देखाउन सकिने धारणा वीरेन्द्र प्रताप राख्दछन् । र अमूर्त कला भन्ने वित्तिकै त्यो विदेशीकरण वा अन्तराष्ट्रिय वा नवुझिने कला होइन उनी भन्दछन् ।

आफ्नो फुर्सदको क्षण आफ्ना इष्ट मित्र, परिवारको वारेमा. सोध, खोज र भेटघाटमा विताउन रूचाउने वीरेन्द्र प्रताप कलाको संरक्षण सम्वर्द्धन र विकासमा समेत कला समीक्षकको पनि महत्त्वपूर्ण भूमिका हुने कुरा अभिव्यक्त गर्दछन् ।

सरकारले के गर्दैछ र के गर्नेछ भन्ने तिर आफ्नो कुनै चासो नभएको र कलाकारको काम त कला सृजना गर्नु मात्र हो वीरेन्द्र प्रताप भन्दछन् । व्यवसायीक कला भनेको कर्मीहातको सीपमूलक सृजना हो भने सृजनात्मक कला भनेको मष्तिष्कवाट निस्कने वनाउने कला हो यिनी भन्दछन् । परम्परागत कला भनेको व्यवसायिक कला हो अथवा लोक कला हो । जुन समय र कलाकारले परिवर्तन गर्न मिल्दैन । आधुनिक कला परिवर्तनशील हुन्छ । नयाँ मान्यताको लागि अगाडि वढिरहेको हुन्छ । जुन समसामयिक हुन्छ । र अहिलेको कला नै आधुनिक कला हो ।

“मलाई सवैभन्दा मनपर्ने चित्र नै मैले आजसम्म वनाउँन सकिरहेको छैन । यदि मैले यस्तो चित्र वनाउन सके भने मेरो चित्रकला यात्राको सवभन्दा ठूलो उपलव्धि हुनेछ” वीरेन्द्र प्रताप भन्दछन् । वर्तमान नेपाली कलाको स्थितिको सन्दर्भमा सन्तोष गरिहाल्नु पर्ने कुनै कारण पनि म देख्दिन र असन्तोष लिनु पर्ने कुनै कारण पनि छैन । जीवनको विर्सिनै नसकिने घटनाको वारेमा सोद्धा वीरेन्द्र भन्दछन् “विर्सनै नसकिने घटना त यही भयो आजसम्म मैले यति लामो अन्तर्वाता यसरी घण्टौ घोरिएर दिएको थिइन ।

रंग खेल्नेलाई शव्दसँग व्यक्त हुन वाध्य गराउनु भयो यो भन्दा अविस्मरणीय अरू के हुन सक्छ होला ?"

आफ्नो कला कृतिमा हालसम्म सवैभन्दा वढी मुल्यको चित्र रू ९६ हजारमा त्रिभुवन एयरपोर्ट काठमाडौंमा विक्री गरेको र वातावरण श्रृङ्खलाको चित्र जापानमा पनि विक्री भएको प्रसंग यिनी सुनाउँदछन्।

युवक वीरेन्द्र प्रताप सिंहको कला सृजनामा आफ्नै शैली छ। उनी एक कुशल चित्रकार हुन्। उनको कलात्मक उपलव्धी नै उनको प्रतिभाको परिचय हो। चित्रको प्रकाश, रेखा, रंग आकृतिहरूलाई एकै सूत्रमा वाँधेका सन्तुलित र परिस्कृत छन् र रंग संयोजनले आफ्नै विशिष्टता वोकेका हुन्छन्। वगिरहेको रेखा रंग प्रवाहशील र वलिया छन्। रंगको आफ्नै प्रकाशमण्डल हुने गरेका छन्। उनको कला अभिव्यक्तिमा आफ्नै अनिवार्य अंग र मापदण्ड छन्। कलामा मूल तत्व वा श्रोत भेट्टाउन सकिन्छ। कल्पनाले पनि मूर्त धारण गरेको पाइन्छ। उनी युवा पुस्ताका एक कुशल कलाकार गनिन्छन्।

★★★

किरण मानन्धर

किरणलाई वालककालदेखि नै विभिन्न रंगले आकृष्ट गरेको थियो। त्यसैले रंगसंग खेल्ने, रेखाचित्र कोर्ने क्रममा किरणले भाग्यवश चन्द्रमान मास्के जस्तो योग्य गुरु पाउँछन्। योग्य गुरुको (१९५६) २ वर्षे शिक्षाले यिनको जीवनमा भविष्यमा "कलाकार" बन्ने रेखा कोरेको थियो। चन्द्रमान मास्केकै सल्लाहनुसार अर्को योग्य गुरु रामानन्द जोशीकहाँ पनि यिनले ३ वर्ष कला-शिक्षा पाउँछन्। जीवनको कला-यात्रामा लाग्ने मार्गदर्शक प्रेरक यी गुरुहरूको प्रेरणा र शिक्षाले यिनी औपचारिक कला-शिक्षातिर लाग्दछन्।

किरण, जहिले पनि आफ्नो अभिव्यक्तिमा नयाँ नयाँ खोज नयाँ प्रयोग गरिरहेका हुन्छन्। कहिले ४ कुने क्यानभास त कहिले ३ कुने कहिले कोलाज पेन्टिङ्ग त कहिले प्रभाववादीले झैं रङ्ग संयोजन गर्दछन्। कहिले रापिलो राता, पहेंला रङ्गका लपेटासंग खेल्छन् त कहिले शीतल निलो, प्याजी रङ्गको प्रयोग गर्दछन्। कहिले सरल विषयतिर त कहिले जटिल आकृतितिर उन्मुख हुन्छन्। कहिले सांस्कृतिक त कहिले प्राचीन धार्मिक रहस्यात्मक कलाको श्रृजना गर्छन्। किरण कहिले एकदम आधुनिक अमूर्त शैली अपनाउँछन् भने कहिले फिगर पेन्टिङ्ग यथार्थवादमा वनाउँदछन्। किरण विभिन्न वाद र विभिन्न शैलीमा काम गर्छन्। हरेक पटक रङ्ग संयोजनदेखि विषयवस्तु पनि फरक हुन्छन्। किरण कला अभिव्यक्तिमा ज्यादै स्वतन्त्र छन्। आफ्नो मनोमानी रंगमा चित्र वनाउन मन पराउँछन्। अर्थात् आफ्नो इच्छानुसार सृजना गर्दछन्। अनि आफ्नो मनोभावनालाई लुप्त हुन नदिई क्यानभासमा उतार्दछन्। किरण, छिटो काम गर्छन्। छिटो छरितो हुन चाहन्छन्। सृजनामा व्यस्त रहन्छन् र समर्पित हुन्छन्। कुनै आकार प्रकार र कुनै वादको घेरामा रहेर चित्र वनाउन किरण मन पराउँदैनन्। कलाकार हुन, स्वाभिमानी छन्। किरण पुरानो काम (शैली, रङ्ग संयोजन, संरचना) दोहोऱ्याउँदैनन्। अभिव्यक्तिमा नौलोपन स्वतन्त्र खोज र अनुसन्धान गरी

रहन्छन् हर वखत हर कृतिमा । हरेक प्रदर्शन र हरेक चित्रमा नवीनता दिन सक्ने क्षमता नै किरणको खुवी हो । किरणको अभिव्यक्तिका यी आधारशीला हुन् । प्रत्येक पटक किरणको कला प्रदर्शनमा अव कस्ता खाले चित्रहरू प्रदर्शन हुने हो ? भनेर कलादर्शक कौतुहल पूर्वक प्रतिक्षारत हुन्छन् । हरेक प्रदर्शनीले कलाकारमा हलचल मचाउँछन् यिनी ।

किरणले पशिचमी कला वुझेका छन् र पशिचमी उपलव्धिवाट प्रभावित छन् । तर पनि राष्ट्रिय भावले प्रेरित भई नेपाली संस्कृतिलाई समेटेर चित्र रचना गर्दछन् । राष्ट्रिय कला विकासमा महत्वपूर्ण भूमिका निभाइरहेका अति मेहेनती किरण अभिव्यक्तिमा एकदम स्वतन्त्रत त छदैछन् स्पष्ट र गतिशील पनि छन् । भाव परक छन् र गहिरो छन् । परिस्कृत आकृति रङ्ग संयोजन र विभिन्न प्राविधिक प्रयोग पनि गर्दछन् किरण । यिनी मिलनसार छन् । हासिला रसिला छन्, हाँस ठट्टा गर्न खप्पिस छन् । उत्साहित छन्, उद्यमी पनि छन् यिनी ।

आफ्नो कला–सृजनामा वाद शैलीभन्दा पनि अहिले "मण्डला" थेम वा विषयमा काम गर्दा किरण वढी आत्म–सन्तुष्टिको अनुभव गर्दछन् । यूरोपीय अमूर्त र नेपाली अमूर्त कलामा भिन्नता के त ? कसरी रंगमा आकारमा भिन्नता देखाउन सकिन्छ ? भन्ने चिन्तनको फलस्वरूप आफ्नै नेपाली परम्परागत विषय मै अमूर्त चिन्तन दिन सक्ने भएकोले मण्डला सिरिजमा काम गर्न मन पर्ने वताउँदछन् किरण ।

यी "मण्डला" धार्मिक सारका हुने गरेका छन् । मण्डला चित्रहरूमा फिगरेटिभ धार्मिक क्रियाकलापदेखि उत्तेजनात्मक यौन क्रियाकलापका दृश्यसम्म ज्यामिटिकल आकृतियुक्त संरचनामा चित्रहरू हुन्छन् । चित्रहरू रातो, कालो, वैजनी रंगमा छन् भने पहेंलो सेतो वाहुल्य रहेका चित्रहरू पनि पूर्णतामा पुगेका हुन्छन् । कुनै मण्डलाहरू रफ टेक्स्चरका रङ्गको लाप्साहरू थोपरेर स्पष्ट अति उज्ज्वल र चमकदार बनाइएका हुन्छन् भने कति मण्डला चित्रहरू अँध्यारोभित्र लुकाएका, हराएका जस्ता पनि बनाउँछन् किरण । गणेश, अनेक देवी देवता, तान्त्रिक पद्दतिमा अपनाउने जस्तैः– त्रिकोण, षटकोण, चतुष्कोण, विभिन्न भुजहरू र विभिन्न आकृतिहरू प्रयोग गरी मण्डला चित्र तयार गर्दछन् यी । समष्टिगत रूपमा मण्डला चित्रहरू ज्यामिटिकल अमूर्त शैलीका हुन्छन् । त्यसैले अमूर्त कलामा पनि राष्ट्रिय पहिचान देखाउन सकिने धारणा व्यक्त गर्दछन् यिनी ।

जीवनको अविस्मरणीय क्षणको सम्झना गर्दा किरण भन्दछन्– "युनिभर्सिटी एउटा माध्यम मात्र हो, सिक्ने, काम गर्ने त आफैंले हो। युनिभर्सिटीमा होष्टलमा बस्ने ठाउँ नपाउँदा वनारसको रेलवे स्टेशनमा ४ महिना रात बिताउनु परेको थियो। त्यस वेला पटक पटक पुलिसले धपाउने, राती सुत्न नपाउने, होहल्ला हुने नै भयो। त्यो वेला त्यो क्षण आफूलाई ज्यादै दुःख लागेको, घर परिवार संझदा ज्यादै पीडा अनुभव भएको थियो। रातभर जाग्दै मैले ४ महिना हरेक रात धेरै स्केजहरू गरें। ४ महिनामा ७–१० वर्षमा पनि सिक्न नसकिने कुराहरू सिक्न पाएँ। त्यो क्षण मैले त्यहाँ त्यसरीं नबिताएको भए शायदै अहिले यो गतिमा काम गर्न सक्थे हुँला। त्यो मेरो जीवनको अविस्मरणीय र शिक्षाप्रद क्षण थियो।"

त्यस्तै "फ्रान्स" भनेको मेरो कल्पना र सपनाको शहर थियो। विद्यार्थी–जीवनमै म फ्रान्स जाने, कला प्रदर्शन गर्ने कल्पना गर्दथें। त्यहाँ त प्रदर्शनी गर्न सजिलो होला। कलादर्शक, कलाप्रेमी धेरै भएको देश भनेर सोच्दथें। तर त्यहाँ पुगेर ३ महिनासम्म म एउटा ग्यालरीवाट अर्को ग्यालरी आफ्ना कलाकृतिहरू बोकेर हिंड्दा हिंड्दा कोखाको छाला नै गएको थियो। ग्यालरीवालहरू कसैले के भन्ने, कसैले के भन्ने गरेर हैरान भएर वसेको थिएँ। त्यसै वेला एउटा अन्तरराष्ट्रिय कला–प्रदर्शनीको आयोजना हुन लागिरहेको थियो। मेरो त्यस प्रदर्शनीमा भाग लिने विचार नै थिएन। किनभने मेरो मन नै मरिसकेको थियो। तर साथीले चित्र रोल गरेर पठाइदिए प्रदर्शनीमा। उक्त चित्र पुरस्कृत भएपछि वल्ल मलाई ग्यालरीहरूवाट प्रदर्शनीको लागि अनुरोधहरू आएको तर आफूले ती पहिले आफ्नो कला कृति प्रदर्शन गर्न नमान्ने ग्यालरीहरूमा प्रदर्शन नगरी अर्कै जिल्लाको ग्यालरीमा गएर- आफ्नो कलाकृति प्रदर्शनी गरेको घटना, जीवनको अर्को अविस्मरणीय घटना मान्दछन् किरण।

"आधुनिक कला" भनेको अहिलेको समयमा काम गरिरहेको हुन्छ, जुन समयसापेक्ष हुन्छ। वर्तमान परिस्थितिमा नौलो, परम्परा नाघेको सोचाइ गराइलाई नै आधुनिक कला मान्ने किरणलाई सवैभन्दा मन पर्ने नेपाली कलाकारमा लैनसिंह वाङ्देल र विदेशी कलाकारहरूमा ज्याकसन पोलो, विलीयम डे कोनिङ, पिकासो, इमील नोल्ड, के.एस. कुलकर्नि आदि हुन्।

ख्याति प्राप्त युवा कलाकार किरण मानन्धर कला–सृजनादेखि फुर्सदको समय पुरानो संगीत सुन्न, कविहरूको कविता सुन्न, पढ्न सौख राख्दछन्।

र यी विषयहरू उनको समय व्यतित गर्ने आधार पनि हुन् । हालसम्म यिनको कलाकृतिमा सवैभन्दा वढी मूल्य फ्रान्सको पेरिसमा ६० हजार फ्रेन्च फ्रेङ्कमा विक्री भएको र नेपालमा एक लाख दश हजारसम्ममा विक्री भएको वताउनेले हालसम्म ४–५ हजार जति कलाकृति सृजना गरिसकेको मान्दछन् ।

"वाद" शैली भन्ने मान्यता पुरानो भइसकेकोले पुराना शैली, वादलाई मात्र दोहोऱ्याउने पक्षमा यिनी छैनन् । वाद शैलीको घेरा तोडेर आफ्नो मनस्थिति अनुसार सृजना गर्दछन् किरण । खास गरेर एक्रोलिक, पानी रंग मन पराउँदछन् यी । भनौ फास्ट मिडियम मन पर्छ किरणलाई ।

कला–सृजनामा स्थान, अर्थात् स्टुडियो चाहिं अवश्य चाहिन्छ । यो प्रत्येक कलाकारको पूजाकोठा हो जहाँ सृजनारत हुन्छन् कलाकार । त्यसकारण किरण भन्दछन् –"स्टूडियो छ भने मूड र वातावरण आफैं वन्छ । मुख्य कुरा, स्टूडियोको व्यवस्था गर्नु पऱ्यो प्रत्येक कलाकारले ।"

आफू जन्मेको हुर्केको ठाउँमा केही गर्नुपर्छ, भन्ने किरण पलायन भएका कलाकारसंग सन्तुष्ट छैनन् । उनी गुनासो पोख्तछन् । त्यस्तै कलाकारहरूवीच छलफल, भेटघाटको कार्यक्रम हुनु पर्ने धारणा राख्ने किरण, कला–विकास सामुहिक प्रयासवाट मात्र हुनु पर्दछ, भन्दछन् । र व्यक्तिको विकास हुँदैमा सम्पूर्ण कला–क्षेत्रकै विकास भएको मान्दैनन् उनी ।

आफ्नी श्रीमती सरिताको प्रेरणा र हौसला विना आज आफू यो स्थानमा पुग्न नसक्ने वताउँदै किरण श्रीमतीवाट आफूलाई सृजनामा धेरै मानसिक सहयोग पुऱ्याइएको वताउँदछन् ।

कला–दर्शक मुग्ध पार्न सफल किरण, सन् १९५७ को वर्ष काठमाडौंमा जन्मेका हुन् कलामा स्नातकोत्तर वनारसको हिन्दू विश्व विद्यालयवाट भएका हुन् । उनले देश र विदेशमा गरेका कला–प्रदर्शनको लेखाजोखा गरेर साध्य छैन । कला पुरस्कारहरु पनि त्यत्तिकै जितेका छन् । कला–प्रेमीहरू किरणको उच्च प्रतिभासँग चिर परिचित छन् । आजको नेपाली आधुनिक चित्रकला विधाको रङ्गमञ्चमा किरण जुन विशेषताले लोकप्रिय बनेका छन् । त्यसको श्रेय उनको निरन्तरता र विविधता, अनि निश्चय पनि किरणको सृजनात्मक उच्च प्रतिभाले गर्दा हो भन्नु पर्छ । हरेक चित्रकला प्रदर्शनले दर्शकहरूलाई गहिरो प्रभाव पार्न सफल कलाकार किरण, राष्ट्रिय युवा कला व्यक्तित्व हुन् ।

चित्र, एग्रेलीक र तैल १०० x १४८ से.मी.



किरण मानन्धर

चित्र, एक्रेलीक १८३ x २०० से.मी.

फर पिस, तैल ३०" x ३०"

बर्लिन, तैल

रागिनी उपाध्याय

राग़िनी उपाध्याय (ग्रेला)

राग़िनी उपाध्याय नेपाली कला, जगत्की सुपरिचित नाम हो । सन् १९५९ मा काठमाडौंमा जन्मेकी रागिनी बालककालदेखि नै कलाप्रति रूचि राख्दथिन् । स्कूलस्तरीय चित्रकला प्रतियोगिताहरूमा प्रायः पुरस्कृत भइरहन्थिन् । त्यसमाथि वुवाको प्रेरणा पनि साथ थियो । कलाप्रतिको रूचि र लगनशीलताको कारण कला फाँटको प्रसिद्धिमा पुग्न सफल भइन् रागिनी ।

युवा कलाफाँटमा एक क्रियाशील चर्चित स्रष्टा रागिनी–भ्यानगग, साल्भाडोर डाली, मोने आदि विदेशी कलाकारहरू मन पर्ने र नेपाली कलाकारहरूमा–प्रमिला गिरी, वत्सगोपाल वैद्यका कृतिहरूको मौलिकता मन पर्ने वताउँदछिन् उनी ।

मुद्रण कलाको लागि आवश्यक केमिकल, प्लेट, स्टुडियो आदिको अभावको वावजूद पनि आफू मुद्रण कलाप्रति नै आकर्षित भएको, कारण मुद्रणकला एक अनुसन्धानात्मक विषय भएको र यसमा आफूलाई वढी आनन्द र आत्मसन्तुष्टि तथा आफ्नो भावनाको वढी प्रतिनिधित्व गर्न सक्ने भएकोले मुद्रण कला तैल क्यानभास चित्रभन्दा आफूलाई वढी मन पर्ने कुरा रागिनी वताउँदछिन् । रागिनीका चित्रका विषयहरू एकै हुँदैनन् । विषयहरू उनी फेरिरहन्छिन् । प्राकृतिक, धार्मिक र मानवीय यथातथ्यमा आधारित विषयहरूलाई यथार्थ रूपमा नभएर केही अमूर्त केही मूर्त रूपमा चित्रण गर्दछिन् । वस्तु पक्ष भन्दा केही कल्पना र भावनात्मक परिवेशहरू अर्थात् आन्तरिक अनुभूति र आवेगलाई वढी महत्व दिएकी हुन्छिन् । मुख्य रूपमा रागिनीले विषयको निचोड र सारतत्त्वलाई नै प्रतिविम्वित गरेकी हुन्छिन्, आफ्ना क्यानभासहरूमा वा मुद्रण कलामा । सरलतम र वोधगम्य कलाकृतिको स्रष्टा रागिनी पूर्ण अमूर्त वा पूर्ण फिगरेटिभ काम गर्दिनन् । उनलाई प्रतीकवादी कलाकार भन्दा हुन्छ । चित्रमा क्लिष्टता छैनन् र

तैलचित्रमा विम्वहरूवाट, रङ्गका थोप्लाहरूवाट, (थप्पा) प्याचहरूबाट चित्रका आकृति पहिल्याउँछिन् रागिनी ।

रागिनी कहिले धार्मिक – हिन्दू, वौद्ध आदि धर्मसम्वन्धी, कहिले महिला उत्पीडन सम्वन्धी, कहिले मुक्तिको वाटो, कहिले राजनीति सम्वन्धी, धुलो र प्रेम जस्ता विषयमा चित्र वनाउँदछिन् । यस विषयको चित्र पनि रागिनीको निकै चर्चित रह्यो । राजनीतिले राष्ट्र समाजलाई छोएको वर्तमान प्रसंगमा रागिनी पनि राजनीतिवाट मुक्त नहुनु स्वाभाविक हो । त्यसैले रागिनीले राजनीतिलाई पनि आफ्नो कलाको विषय वनाएकी छिन् । राजनीतिमा उनका कलाले जुलुस, भीड, झण्डा वोकेको समूह, साँडे आदि प्रसङ्गलाई समेटेकी छिन् । आज राजनीति साँडे जस्तो भएको छ । वल र शक्तिका भरमा अन्धो अनियन्त्रित र उत्तेजित भीड जस्तो वनेको राजनीतिले विकृतिलाई जन्माएको छ, भन्ने प्रतीकात्मक सन्देश यिनका कलामा पाइन्छ । राजनीतिक विकृतिले सामाजिक, आर्थिक र धार्मिक विकृति जन्माउछ, र यो धूलोको कण जस्तै अनियन्त्रित र निस्सार हुन्छ । यस्तो निस्सारताको युगमा रावणको उदय हुन्छ र राक्षसी प्रवृत्ति हावी वन्दछ, भन्ने सन्दर्भको उल्लेख पनि यिनको कृतिमा पाइन्छ । रावणलाई वर्तमान राजनीतिको प्रतीकका रूपमा उभ्याएर विकृतिलाई उनले धूलोको रूपमा लिएकी छन् । उत्तेजित उन्मुक्त जोडीको आलिङ्गनवद्ध आकृतिका माध्यमवाट उनीले प्रेमसंग आवद्ध कलात्मक सृजनालाई पनि अगाडि वढाएकी छन् । त्यस्तै धार्मिक, तान्त्रिक र प्रकृतिमूलक विषय पनि उनको सृजनाका विषय पर्न आउँछन् । रागिनीका चित्रहरूमा उनको मौलिकता र प्रयोगधर्मिता प्रष्ट देखिन्छ । यथार्थ जीवनका सजीव विषयहरू सांकेतिक प्रतीकको रूपमा सजीव चित्राङ्कन गर्दै वनाइएको उनका मुद्रण चित्रहरूका रेखा गतिशील हुन्छन् । रागिनीका चित्रहरूको संगठन सुगठित छ । यी प्रवाहशील र लयात्मक पनि छन् । रङ्गहरूको राम्रो संयोजनले कलामा पूर्णता छाएको हुन्छ । रागिनीको कला खोजपूर्ण त छँदैछ साथै मुद्रण कला सानो-आकार, सरल रेखाचित्र तथा रङ्गसहितका विन्दु टेक्स्चरका सूक्ष्म प्रतीक चिन्हहरूद्वारा सजाइएका मौलिक कृतिहरू हुन्छन् । कृतिहरूमा कलाकारको भावना दृढतापूर्वक प्रतीकात्मक रूपमा सफलता साथ व्यक्त हुन्छन्, र रागिनीको मूलभूत लक्ष्य पनि त्यही हो ।

आधुनिक युवा चित्रकार रागिनी फुर्सदमा सांस्कृतिक महत्वका

ठाउँहरूको अवलोकन गर्ने, अध्ययन भ्रमण गर्ने र समाजमा घुलमिल हुनुभन्दा एक्लै आफ्नो समय व्यतित गर्न रुचाउँदछिन्। एक छोरीकी आमा रागिनी आफ्नो यूरोपेली श्रीमान्संग सम्वद्ध छिन्। आफ्नो सृजनामा श्रीमान्को पूर्ण सहयोग हुने गरेको वताउँदछिन् उनी। यदि नेपाली श्रीमान् भएको भए शायदै यति सृजनात्मक स्वतन्त्रता र समय मिल्ने थिएन होला ! उनी भन्दछिन्। कला सृजनामा लाग्दा पहिले एउटा विषयको वारेमा धेरै सोच्दछिन्। विषयको यकिन भइसकेपछि त्यो विषयसम्वन्धी धेरै चित्र वनाउँदछिन्। जवसम्म अगि सारिएको त्यो विषय सकिदैन दिनमा आठ नौ घण्टा काम गर्दछिन् रागिनी। काम गर्दै जाँदा रङ्ग र आकृति आफै समायोजन हुँदै जान्छ स्वचालित रूपमा ती पूर्व निर्धारित हुदैनन्। कुनै एक लहर वा सिरिजमा अनेक चित्र वनाउँदछिन् उनी र उक्त सिरियलमा कहिले ४ महिनासम्म समय वित्दो रहेछ। त्यसपछि पूरै आराम गर्दछिन्। देश विदेश जान्छिन् र कला प्रदर्शनीहरू गर्दछिन् उनी। जवसम्म दिमाग पूर्णरूपमा पूर्व विषयबाट खालि हुँदैन, उनी सृजना गर्दिनन्। त्यसपछि फेरि नयाँ विषयको खोज गर्दछिन्, कल्पना गर्दछिन्, विचार गर्दछिन्। फेरि सम्वन्धित नयाँ विषयमा दिन रात काम गर्दछिन्। उनको सृजनाका कार्यशैली अरु कलाकारहरूको भन्दा केही हदमा भिन्दै छ।

भारतको लखनउ कलेज अफ आर्टस् एण्ड क्राफ्टवाट स्नातक भएकी रागिनीले बेलायत, स्कटलैण्ड, जर्मनमा मुद्रण कलाको विषेश तालिमहरू लिएकी छिन्। फिनल्याण्ड आर्ट कलेजमा मुद्रण कलामा अध्यापन समेत गरिसकेकी छिन्। रागिनी आधुनिक नेपाली समकालीन युवा पुस्तामा चित्रकला क्षेत्रको एक क्रियाशील नायिका हुन्। कलाकार रागिनीको राष्ट्रिय अन्तराष्ट्रिय कला प्रदर्शनहरूको संख्या असीमित छन्। जर्मन, जापान, वेलायत, भारत, वेल्जियम, फिनलेण्ड, हङकङ्ग, वंगलादेश, यूगोस्लाभिया, आदि देशहरूमा पनि उनले धेरै पटक एक व्यक्तिकला प्रदर्शनी गरिसकेकी छिन् र अरु दर्जनौ देशहरूमा आगामी प्रदर्शन गर्ने तयारीमा छिन्।

यूरोप अमेरिका र भारतमै पनि ज्यादै प्रचलित छ मुद्रणकला कृतिको प्रदर्शन नेपालमा ज्यादै कम हुने गर्दछ यस्तो प्रदर्शन। यस क्षेत्रमा काम गर्ने कलाकारहरू पनि सीमित छन्। सवैजसो कलाकारहरू क्यानभास चित्रतिर नै उन्मुख छन्। यही परिप्रेक्ष्यमा मुद्रण कला कृतिको प्रदर्शन वरावर गरेर जनमानसमा यस प्रति अभिरूचि वढाउन कलाकार रागिनीवाट

निकै प्र्रयास भएको छ । उनको यो पक्ष वढी मनन योग्य छ ।

मृदुभाषी रागिनी आफ्ना विचारहरूमा खुलस्त छिन् । सामाजिक जीवनमा उनले भेटघाटभन्दा कलासृजनामै वढी समय दिन रुचाउँदछिन् । शून्यताको स्थिति उनलाई मन पर्दछ । स्वतन्त्र रूपमा आफ्ना कलासृजनाको आधारमा तथा आर्थिक वा भौतिक आत्मनिर्भरतामा उभिएकी रागिनी स्वावलम्वी छिन् । कुशल प्राविधिक माध्यमहरूको प्रयोग र अनुसन्धानात्मक मुद्रण–कला–कृतिहरूको सफल साधना र सृष्टिनै रागिनीको जीवन क्षेत्र भएको छ । यसै विधामा वढी सफल पनि छिन् यिनी र आत्म सन्तुष्टिको विषय पनि यही मुद्रण कला नै वनेको छ ।

नेपाली आधुनिक कला विकासमा र अन्तरराष्ट्रिय क्षेत्रमासमेत हाम्रो राष्ट्रिय संस्कृतिलाई अघि सारेर चिनाउने प्रचार प्रसार गर्ने कार्यमा रागिनीले आफ्नो तर्फवाट नवीन योगदान पुर्‍याउँदै आएको घटना सर्वविदितै छ । नेपाली आधुनिक कलालाई अन्तराष्ट्रिय र राष्ट्रिय क्षेत्रमा चिनाउने रागिनीको प्रयास वढी अविस्मरणीय वन्न गएकोछ ।

★★★

MC 2868
[illegible] 2-27

लय मैनाली



जन्मः- वि.सं. २०१८ विराटनगर

शिक्षाः- -आई.एफ.ए. ललितकला क्याम्पस, २०३७
-एम..एफ.ए. (मूर्ति) मस्को रूस, २०४५

अध्यापनः- उप-प्राध्यापक ललितकला क्याम्पस-
२०४५ साल देखि

१. **मूर्ति निर्माण**

क. श्री ५ मुमा वडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह सरकारको अर्ध कदको ढलोटको मूर्ति रत्नपार्क काठमाडौ, वाल संगठन के.का. काठमाडौं, वाग्लुङ्ग र गोर्खाको लागि वनाएको ।

ख. युग कवि सिद्धिचरण श्रेष्ठको अर्ध कदको ढलोटको मूर्ति ओमवहाल काठमाडौं र ओखलढुंगाको लागि वनाएको ।

ग. शहीद निर्गुण स्थापितको अर्ध कदको मूर्ति पव्लिक यूथ क्याम्पस क्षेत्रपाटीको लागि वनाएको ।

घ. न्यायको प्रतीक हातमा तराजु लिएको महिलाको ढलोटमा ३.५ फिट अग्लो मूर्ति ल क्याम्पस प्रदर्शनीमार्ग काठमाडौंको लागि वनाएको ।

ङ. वी.पी. कोइराला, ववर शम्शेर, गणेशमान सिंह, कृष्ण प्रसाद कोइराला, माधव घिमिरे, यदुनाथ खनाल, पासाङ्ग ल्याम्हू लगायत देश विदेशको गरी ५० भन्दा बढि मुहार मूर्ति वनाईसकेको ।

कला समीक्षाः विगत ९ वर्ष देखि कला सम्वन्धी विभिन्न लेखहरू
पत्र पत्रिकामा प्रकाशित गर्दै आएको ।

प्रकाशित पुस्तकः कला र कलाकार

प्रकाशोन्मुखः १ कला र कलाकार (अंग्रेजी सस्करण)
२ नेपाली समसामयिक कलाकारहरू

भ्रमणः यूरोपका १६ वटा देशहरू ।

✍ आफ्नो विषयवस्तु प्रति सामिप्यता कायम गरेर त्यसमाथि विश्लेपणात्मक दृष्टि पुऱ्याउन सक्नु उनको एउटा प्रभावकारी पक्ष हो ।

- मनुजवावु मिश्र

✍ कलाकार र उनको कृतित्व वारे वडो रोचक ढंगले लेख्नु भएको छ ।

- शशी वि[illegible] शाह

✍ रूसको अध्ययन र नेपालको अनुभववाट खारिएका यी रचना[illegible]रूले स[illegible]
र असम्वन्धित दुवै थरीको लागि "उपयोगी" हुने देखिन आउँछ